५ पूर्णाङ्क

* इतिहास–प्रधान
* त्रैमासिक पत्रिका

# पूर्णिमा

संशोधनमण्डल



तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

२ वर्ष — १ अङ्क

## [ इतिहास–प्रधान त्रैमासिक पत्रिका ]


सम्पादक–
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक–
भोलानाथ पौडेल
( संशोधन-मण्डलद्वारा )

प्रबन्धक–
धनवज्र वज्राचाय

सहयोगीहरू–
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
नयनाथ पौडेल
दिनेशराज पन्त

# विषयसूची

*श्री ५ महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको चित्र*
[ यस चित्रको परिचय ७४ पृष्ठमा हेर्नुहोस । ]


| | | पृष्ठ |
|---|---|---|
| १. लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि | —नयराज पन्त | १—९ |
| २. पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत् विषयको विचार | —शङ्करमान राजवंशी | ९—१६ |
| ३. यज्ञेश्वर-मन्दिर | —भोलानाथ पौडेल | १६—२१ |
| ४. चौतारा भगीरथ भैया | —धनवज्र वज्राचार्य | २१—३१ |
| ५. 'रपा'प्रत्यय-नेवारी भाषामा एउटा नयाँ खोज | —गौतमवज्र वज्राचार्य | ३२—३६ |
| ६. नरभूपाल शाह र पृथ्वीनारायण शाहका समयका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | ३६—४८ |
| ७. पं. वाणीविलास पाँडेको दुर्गास्तोत्र | —नयनाथ पौडेल | ४८—५४ |
| ८. नेपाल-अंग्रेज-युद्धको घोषणा नहुँदै अंग्रेजले गरेको युद्धको तयारी | —महेशराज पन्त | ५४—६२ |
| ९. लाहोरमा नेपाली वीरहरू | —दिनेशराज पन्त | ६३—७० |
| १०, लिच्छविकालका अप्रकाशित तीन अभिलेख | | ७१—७३ |

( गणितविषयक निबन्ध )

| | | |
|---|---|---|
| ११. त्रिकोणमिति ( ज्योत्पत्ति ) | —नयराज पन्त | ७५—९० |
| हाम्रो वक्तव्य | | ९१ |



[ तात्कालिक चित्रबाट ]

## श्री ५ गीर्वाणयुद्धविक्रम शाह

जन्म—वि. सं. १८५४ आश्विन १६ गते
राज्याभिषेक—वि. सं. १८५५ फाल्गुन २८ गते (डेढ वर्षमा)
मृत्यु—वि. सं १८७३ मार्ग ८ गते (१६ वर्षमा)
राज्यकाल—वि. सं. १८५५-१८७३

# लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि



—नयराज पन्त

लिच्छविकालको अधिमासगणनापद्धतिमा र वर्तमान अधिमासगणनापद्धतिमा फरक छ भन्ने कुरा हामीले पूर्णिमाको तेस्रो अङ्कमा सप्रमाण सिद्ध गरेका हौं । लिच्छविकालको संख्यालेखनपद्धतिमा र वर्तमान संख्यालेखनपद्धतिमा फरक छ भन्ने कुरोचाहिं हामीले पूर्णिमाको चारौं अङ्कमा सप्रमाण सिद्ध गरेका हौं । लिच्छविकालनिर्णयका यी प्रत्येक खुड्किला हुन् । अब हामी लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि पूर्णिमाका पाठकहरूका सामु राख्न चाहन्छौं ।

लिच्छविकालमा मानदेवदेखि अंशुवर्मासम्मका शासकका तथा प्रजाका अभिलेखमा संवत्का अङ्क एकथरी (शतस्थानदेखि उठेका) पाइन्छन् । अंशुवर्मा र उनीपछिका शासकका तथा प्रजाका अभिलेखमा संवत्का अङ्क अर्काथरी (दशस्थानदेखि उठदै गएका) पाइन्छन् । पहिलाथरी संवत्का अङ्क परेका अभिलेखमा शिवदेवका साथमा अंशुवर्मा देखापर्छन् । दोस्राथरी संवत्का अङ्क परेका अभिलेखमा चाहिं अंशुवर्मा मात्र देखापर्छन् । यसरी अंशुवर्माका दुवैथरी संवत् परेका अभिलेख पाइन्छन् । लिच्छविकालका सबै अभिलेखका संवत्का अङ्कका प्रतिलिपि पूर्णिमाको एउटै अङ्कमा दिनु पूर्णिमाको सानो शरीर भएकोले संभव भएन । यस कारण मानदेवदेखि उठान गरी अंशुवर्मासम्मका अभिलेखमा पाइने पहिलाथरी संवत्का अङ्कका प्रतिलिपि पूर्णिमाको यस पाँचौं अङ्कमा प्रकाश गराउने निश्चय गरिएको छ ।


संवत्का अङ्कका प्रतिलिपि मात्र दिनुभन्दा ती संवत्संग सम्बन्ध भएका तिथिमिति बुझाउने वाक्य जम्मै दिनु उपयुक्त संझी यहाँ त्यसै गरिएको छ । संवत्का अङ्कमा उठेका वादविवादको समाधानको लागि यति काम गर्नुपरेको हो । यस कारण संवत्का अङ्क र तिथिका अङ्कको जस्ताको तस्तै प्रतिलिपि र अरू त्यससँग सम्बन्ध भएका वाक्यका उतार देवनागरी लिपिमा दिने निश्चय गरिएको छ । गएका अङ्कमा यहाँ उद्धरण गरिएका वाक्यका प्रायः अनुवाद परिसकेका र पछि संवत्को निर्णय भइसकेपछि पनि तिनका अनुवाद दिइने भएकोले अहिले उद्धरण गरिएका वाक्यको अनुवाद यहाँ दिइएको छैन ।

चाँगुको मानदेवको अभिलेखमा—

संवत्  ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि 

(रो)हिणीनक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्तेभिजिति

लाजिमपाटको मानदेवको पालाको नरवर्माको अभिलेखमा —

संवत्  ज्येष्ठमासे शुक्लदिव 


लाजिमपाट र तिलगङ्गाको मानदेवको अभिलेखमा—

संवत  वैशाखशुक्लदिव 


लाजिमपाटको मानदेवकी रानी चेमसुन्दरीको अभिलेखमा —

संवत्  ज्येष्ठमासे शुक्लपक्षे दिव 


विशालनगर टुँडालदेवीको मन्दिरको अभिलेखमा—

संवत्  ज्येष्ठमासेशुक्लदिव 

देउपाटनको मानदेवको पालाको रत्नसंघको अभिलेखमा—

संवत्  आषाढमासे शुक्लदिव 

पशुपति पञ्चदेवलको अभिलेखमा—

संवत  माघपौर्णमास्याम्


पशुपतिको मानदेवको पालाको जयलम्भको अभिलेखमा—

संवत  ज्यैष्ठशुक्लदिव

लाजिमपाटको मानदेवकी रानी गुणवतीको अभिलेखमा—

संवत  ज्येष्ठ- शुक्लदिव 

पलाञ्चोकको मानदेवको पालाको विजयस्वामिनीको अभिलेखमा—

संवत  माघशुक्लपौर्णमास्याम्

चाँगुको ढोकाको मानदेवको पालाको निरपेक्षको अभिलेखमा—

संवत  कार्तिके शुक्लदिव 

सूर्यघाटको मानदेवकी छोरी विजयवतीको अभिलेखमा—

संवत्  आषाढशुक्लदिव 

थानकोट आदिनारायणको मन्दिरको अभिलेखमा—

संवत्  मार्गशीर्षशुक्लदिव 

पाटन बाहालुखाको वसन्तदेवको अभिलेखमा—

संवत्  द्वितीयपौषे शुक्लदिव


जैसीदेवलको वसन्तदेवको अभिलेखमा —

संवत्  (आश्व) युजि शुक्ल दिव

किसिपिंडीको अभिलेखमा—

सं र।  प्रथमाषा(ढ)शुक्ल दशम्याम्

पाटन खपिंछेको वसन्तदेवको अभिलेखमा—

संवत्  पौषशुक्लतिथौ तृतीयस्याम्

चौकीटारको वसन्तदेवको अभिलेखमा—

संवत्  ज्यैष्ठशुक्लदिव 

बलम्बु पासिख्यको वसन्तदेवको अभिलेखमा—

संवत्  ज्येष्ठकृष्णदिव

पशुपति भस्मेश्वरको अभिलेखमा—

संवत्  चैत्रशुक्लदिव 

साँखु दुगाहिटीको वामनदेवको पालाको अभिलेखमा—

संवत्  ज्येष्ठशुक्लदिव अष्टम्याम्


पशुपति वत्सलादेखि पश्चिमपट्टिको आभीरीको अभिलेखमा—

संवत्  ज्येष्ठमासे तिथौ द्वितीयायाम्

पशुपतिबाट मृगस्थली जाने बाटोको रामदेव र क्रमलीलको पालाको अभिलेखमा—

संवत्  वैशाखे शुक्लदिवपौर्णमास्यां

हाँडिगाउँको मानदेवकी छोरीका छोरा भारविको अभिलेखमा—

संवत्  फाल्गुणशुक्लदिव

फर्पिङ कोटालटोलको अभिलेखमा—

संवत्  वैशाखमासकृष्णपक्षे तिथौ द्वादश्याम्

काठमाडौं ब्रह्मटोलको अभिलेखमा—

संवत्  द्वितीय आषा(ढ)


चौकीटारको गणदेव र भौमगुप्तको अभिलेखमा—

संवत्  श्रावण-
शुक्ल-
प्रतिपदि


देउपाटन त्यागलटोलको गणदेव र भौमगुप्तको पालाको अभिलेखमा—

संवत  प्रथमाषाढशुक्लद्वितीयायाम्


चपलीगाउँको गणदेवको अभिलेखमा—

संवत  श्रावणशुक्लदिव-
द्वादश्याम्

पाटन च्यासलटोलको अभिलेखमा—

संवत्  फाल्गुनशुक्ल दिवपञ्चम्याम्

पाटन भीमसेनस्थानको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत  वैशाखमासे शुक्लदिवा दशम्याम्

भक्तपुर गोलमाढीटोलको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत्  ज्येष्ठशुक्लदिवा दशम्याम्

धर्मस्थलीको शिवदेव र अशुवर्माको अभिलेखमा—

संवत्  प्रथमाषाढशुक्लदिवा द्वादश्याम्

बूढानीलकण्ठको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत्  प्रथम षाढशुक्लद्वादश्याम्

सतुङ्गलको..र अंशुबर्माको अभिलेखमा—

संवत्  प्रथमपौष शुक्लदिवा द्वादश्याम्

टोखाको अभिलेखमा—

संवत्  ...शुक्लदिवा दशम्याम्

धर्मस्थलीको अभिलेखमा

संवत्  माघशुक्लद्वादश्याम्

खोपासीको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत्  चैत्रकृष्णपक्षे तिथौ पञ्चम्याम्

लेलेको शिवदेव र अंशुवर्माको अभिलेखमा—

संवत्  आश्वयुजशुक्लदिवा

कान्तिपुर ज्याबहालको अभिलेखमा--

संवत्  श्रा(वण)शुक्लदिवा सप्तम्याम्

मूल शिलालेखका छापा ल्याई तिनै छापाबाट ज्यूँकात्यूँ गरी संवत्का अङ्कका यी प्रतिलिपि तयार गरिएका हुन् । संशोधन–मण्डलको संग्रहमा रहेका छापा प्रतिलिपिको आधारमा यी अङ्का प्रतिलिपि तयार गरिएका हुन् । संशोधन–मण्डलको संग्रहमा नरहेका किसिपिँडी, बूढानीलकण्ठ, सतुङ्गल, धर्मस्थली यी चार शिलालेखका प्रतिलिपि वीरपुस्तकालयबाट लिइएका हुन् । टेबहालको मानदेवका पालाको गुहमित्रको अभिलेखको प्रतिलिपि लिन अहिले सकिएन । किनभने सो अभिलेख

पसलभित्र परेको र मालसामानले छोपिएकोले पनि अहिले त्यसको प्रतिलिपि ल्याउन हामी समर्थ भएनौं। भक्तपुर तुलाछेटोलको शिवदेव र अंशुवर्माको अभिलेखको संवत्को अंक पनि राम्रो नबुझिएकोले ल्याउन सकिएन । यस काममा संशोधन—मण्डलका सदस्यहरूले विशेष गरी शंकरमान राजवंशीले मेरो इच्छा र विचारअनुसार काम गरिदिएका छन् । सबैलाई यथोचित धन्यवाद छ ।

—०—

# पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्‌विषयको विचार

—शङ्करमान राजवंशी

इतिहासविषयका प्राचीन अभिलेख पढ्दा अलिकता मात्र फरक परे पनि आनकोतान फरक परी अर्थको अनर्थ हुन जाने हुन्छ । त्यस कारण प्राचीन अभिलेख पढ्दा लिपिको ज्ञानद्वारा पहिले ठीक ठीकसंग अक्षर पढ्नुपर्छ । अनि इतिहासको ज्ञानद्वारा ठीकसंग पाठ टम्याउनुपर्छ । त्यसपछि पढिएको मिति शुद्ध भयो वा भएन भनी पञ्चाङ्गको गणनाद्वारा जाँची हेर्नुपर्छ ।

उक्त तरीकाद्वारा जाँची शुद्ध रूपमा प्रकाश गरिएका अभिलेखले इतिहासलाई प्रामाणिक गराउँछन् । लटरपटर गरी पढी अशुद्ध रूपमा प्रकाश गरिएका अभिलेखले इतिहासमा भ्रम मात्र फैलाइदिन्छन् ।

जस्तै—

(१) ॐ नमः शिवाय ॥ अथ श्रीकलिराजवर्ष ४४०१ श्रीविक्रमराजव

(२) र्ष १४४५ श्रीसकराजवर्ष १३२४ श्रीमबः नेपालिकः श्रेयो ऽस्तु ॥ सम्वत् ५

(३) २४ चैत्रकृष्ण ॥ अष्टम्यायां तिथौः ॥ उत्तराषाढनक्षत्रे ॥ साध्ययोगे बृहस्पतिवा

(४) शरे ॥ युवराजराजाधिराजश्रीश्रीयक्षमल्लठाकुरदेवस्य विजयराज्ये श्रीश्रीकुमारदेवता

(५) धिष्ठितश्रीनोगलस्थाने . . . .

(योगी नरहरिनाथज्यूले इतिहास-प्रकाश १ अङ्कको ५६ पृष्ठमा छपाउनुभएको पाटन सुनधाराको शिलालेखको केही अंश)

यसको टिप्पणी उहाँले यस प्रकारसँग दिनुभएको छ—

यो अभिलेख नेपाल ललितपुर नोगलटोल सुनधारादेखि १०–१२ पाइला पूर्वपट्टि भग्न शिवालयकी भूमिकामा उत्तराभिमुख खडा छ । ……चारोटा सम्वत अङ्कित भएकोले यो अभिलेख साह्रै

महत्वको छ।··· यस अभिलेख बाट त्यो बेला पाटनमा यक्षमल्लको शासन देखिन्छ। ········ यस बाट इतिहासमा धेरै प्रकाश पर्छ।

यहाँ योगीज्यूले कलिगतसंवत् ४४०१ विक्रमसंवत् १४४५ शाके १३२४ नेपाली संवत् ५२४ पद्नुभएको छ।

यसबाट

कलिगतसंवत् र विक्रमसंवत्को अन्तर = ४४०१–१४४५ = २९५६
विक्रमसंवत् र शकसंवत्को अन्तर = १४४५–१३२४ = १२१
विक्रमसंवत् र नेपाली संवत्को अन्तर = १४४५–५२४ = ९२१
देखिन आउँछ।

अब यस विषयमा विचार गरिन्छ—

भक्तपुरको दरबारभित्र चोकको भित्तामा रहेको वि. सं. १७६३ को भूपतीन्द्र मल्लको सुवर्णपत्रमा ४ प्रकारका संवत्हरू यसरी लेखिएका छन्—

" कलिगताब्द ४८०७ विक्रमाब्द १७६३ शाकाब्द १६२८ नेपालसंवत् ८२६ ज्येष्ठमास[१] "

यस अभिलेखबाट–

कलिगतसंवत् र विक्रमसंवत्को अन्तर = ४८०७–१७६३ = ३०४४
विक्रमसंवत् र शकसंवत्को अन्तर = १७६३–१६२८ = १३५
विक्रमसंवत् र नेपाली संवत्को अन्तर = १७६३–८२६ = ९३७
देखिन आउँछ।

भास्वती नामको ज्यौतिष पुस्तकमा संवत्का विषयमा यस्तो लेखिएको छ—

कृतयुगाम्बरवन्हिभिरुज्झितो गतकलिः किल विक्रमवत्सरः।
शरहुताशनचन्द्रवियोजितो भवति शाक इह क्षितिमण्डले॥

[ कलिगत वर्षमा ३०४४ घटाएपछि विक्रमसंवत् हुन्छ। विक्रमसंवत्मा १३५ घटाएपछि शक संवत् हुन्छ। ]

दैवज्ञशिरोमणि लक्ष्मीपतिले वि. सं. १८५४ मा बनाएको रत्नदीप नामको ज्यौतिष पुस्तकको टीकामा संवत्सरका विषयमा दिएको भविष्योत्तरको वचन यस्तो छ—

कुरुवंशोद्भवो राजा कुन्तीपुत्रो युधिष्ठिरः
वेदवेदाभ्ररामाब्दं ३०४४ स्वशकं चालयिष्यति
जातेऽधर्मे पुना राजा विक्रमार्को भविष्यति
पञ्चत्रिचन्द्रवर्षाणि १३५ स्वं शकं चालयिष्यति
शालिवाहो नृपो नाम शङ्कराराधने रतः

---

(१) इतिहाससंशोधनको प्रमाण प्रमेय पहिलो भागको १७५ पृष्ठ तथा ३४२ पृष्ठ हेर्नुहोस्।

[ कुरुवंशमा पैदा भएका कुन्तीका छोरा राजा युधिष्ठिरको संवत् ३०४४ वर्षसम्म चल्नेछ। फेरि अधर्म भएमा राजा विक्रम हुनेछन् । १३५ वर्षसम्म उनको संवत् चल्नेछ। त्यसपछि महादेवको आराधना गर्ने शालिवाहन नामका राजा हुनेछन् । ]

ताड़पत्रमा लेखिएको सुमतितन्त्र[१] नामको ज्यौतिष पुस्तकमा संवत्का विषयमा यस्तो लेखिएको छ—

युधिष्ठिरमहाराजो दुर्योधनस्तयो: पि वा
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तति
नन्दराज्यं शताष्टञ्चचन्द्रगुप्तस्ततो परे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम्
राजा शूद्रकदेवश्च वर्षसप्ताब्धि चाश्विनौ
शकराजा ततो: पश्चाद्वसुरन्ध्रकृतन्तथा··· ··· ··· ··

शुभ ॥ युधिस्थिर दुर्ज्जोधन उभौ राज्याब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सूद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानन्देवस्य राज्याब्द ३०४ शुभ ॥

ॐ नम: सूर्याय ॥ नेपालसम्वत्सर कर्म्मभूमौ स्थाप्य। नयनाभ्रनागा ८०२ संयोज्यं शककालम्भवति । तं शककालं कर्म्मभूमौ स्थाप्य॥ नन्दाद्रिभूरग्नियुक्ता ३१७९ । योज्ये। एतत् कलियुगम्भवति

[ २००० वर्षसम्म युधिष्ठिर र दुर्योधनको संवत् चल्छ । त्यसपछि ८०० वर्षसम्म नन्दको संवत् चल्छ। त्यसपछि १३२ वर्षसम्म चन्द्रगुप्तको संवत् चल्छ। त्यसपछि २४७ वर्षसम्म शूद्रकदेवको संवत् चल्छ। त्यसपछि ४९८ वर्षसम्म शकसंवत् चल्छ। त्यसपछि ३०४ वर्षसम्म मानदेवको संवत् चल्छ।

नेपाली संवत्मा ८०२ जोड्नू, शकसंवत् हुन्छ, शकसंवत्मा ३१७९ जोड्नू, कलिगतवर्ष हुन्छ। ]

यताबाट

कलिगत र शाकेको अन्तर = युधिष्ठिरराज्याब्द+ नन्दराज्याब्द + चन्द्रगुप्तराज्याब्द + शूद्रकदेवराज्याब्द =२०००+८००+१३२+२४७=३१७९

यस कारण शाकेमा ३१७९ जोडेमा कलिगतवर्ष हुन्छ।

शाके र नेपाली संवत्को अन्तर=शकराज्याब्द + मानदेवराज्याब्द=४९८+३०४=८०२

यस कारण नेपालीसंवत्मा ८०२ जोडेमा शाके हुन्छ।

अब विक्रमसंवत्संग उपर्युक्त युधिष्ठिरसंवत् आदि गरिएका संवत्हरुका कति कति अन्तर छन् भन्ने कुरो इतिहासका लागि उपयुक्त हुनाले सो देखाइन्छ।

शाके = वि. सं. − १३५
∵ गतकलि = शाके + ३१७९
∴ = ( वि. सं. − १३५)+३१७९
= वि. सं. + ३०४४

(१) यो पुस्तक बीरपुस्तकालयमा छ।

यस कारण विक्रमसंवत्मा ३०४४ जोडेमा कलिगत या युधिष्ठिरसंवत् हुन्छ भन्ने सिद्ध हुन्छ।

गतकलि = नन्दसंवत् + २०००

∴ नन्दसंवत् + २००० = वि. सं. + ३०४४

नन्दसंवत् = वि. सं. + ३०४४ − २०००

= वि. सं. + १०४४

यस कारण विक्रमसंवत्मा १०४४ जोडेमा नन्दसंवत् हुन्छ भन्ने सिद्ध हुन्छ।

गतकलि = चन्द्रगुप्तसंवत् + २000+ ८००

∴ चन्द्रगुप्तसंवत्+२८०० = वि. सं. + ३०४४

चन्द्रगुप्तसंवत् = वि. सं. + ३०४४−२८००

= वि. सं. + २४४

यस कारण विक्रमसंवत्मा २४४ जोडेमा चन्द्रगुप्तसंवत् हुन्छ भन्ने सिद्ध हुन्छ।

गतकलि = शूद्रकदेवसंवत् + २००० + ८०० + १३२

∴ शूद्रकदेवसंवत् + २९३२ = वि. सं. + ३०४४

शूद्रकदेवसंवत् = वि. सं.+ ३०४४—२९३२

= वि. सं.+ ११२

यस कारण विक्रमसंवत्मा ११२ जोडेमा शूद्रकदेवसंवत् हुन्छ भन्ने सिद्ध हुन्छ।

गतकलि = मानदेवसंवत् + २००० + ८०० + १३२ + २४७ + ४९८

∴ मानदेवसंवत्+ ३६७७ = वि. सं+३०४४

मानदेवसंवत् = वि. सं. + ३०४४−३६७७

= वि. सं.−६३३

यस कारण विक्रमसंवत्बाट ६३३ घटाएमा मानदेवसंवत् हुन्छ भन्ने सिद्ध हुन्छ।

गतकलि = नेपालीसंवत्+२०००+८००+१३२+२४७+४९८+३०४

∴नेपालीसंवत् + ३९८१ = वि. सं. + ३०४४

नेपालीसंवत् = वि. सं. + ३०४४−३९८१

= वि. सं. −९३७

यस कारण विक्रमसंवत्बाट ९३७ घटाएमा नेपालीसंवत् हुन्छ भन्ने सिद्ध हुन्छ।

इत्यादि प्रमाणबाट वि. सं. र गतकलिको अन्तर ३०४४ तथा वि. सं. र शकसंवत्को अन्तर

१३५ तथा वि. सं. र नेपालीसंवत्को अन्तर ९३७★ हुन्छ भन्ने स्पष्ट हुन आउँछ।

योगी नरहरिनाथले त्यस शिलालेखमा गतकलिवर्ष ४४०१ पढ्नुभएको छ। त्यसबाट वि. सं. ल्याउँदा ४४०१–३०४४=१३५७ हुन्छ।

शकसंवत् १३२४ पढ्नुभएको छ। त्यसबाट वि. सं. ल्याउँदा १३२४+१३५=१४५९ हुन्छ।

नेपालीसंवत् ५२४ चैत्रकृष्ण अष्टमी पढ्नुभएको छ। यहाँ ÷ अमान्तमानले चैत्रशुक्लप्रतिपद् बितिसकेको हुँदा वि. सं. र ने. सं. को अन्तर ९३७ हुन्छ। त्यसबाट वि. सं. ल्याउँदा ५२४+९३७ =१४६१ हुन्छ।

उहाँले वि. सं. चाहिं १४४५ पढ्नुभएको छ।

यसरी उहाँले प्रकाश गर्नुभएको त्यस शिलालेखमा ४ थरी विक्रमसंवत् हुन आएका छन्। ती चारै थरी विक्रमसंवत्बाट पञ्चाङ्ग गणना गरी हेर्दा आएका पञ्चाङ्ग यस प्रकारका छन्।

(१) वि. सं. १३५७ चैत्रकृष्णपक्ष (अमान्तमानले)

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| वैशाख २० | बुध | अष्टमी | ३३।९ | श्रवण | २६।५७ | शुभ | ४।१२ |

(२) वि. सं. १४४५ चैत्रकृष्णपक्ष (अमान्तमानले)

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| वैशाख ६ | मङ्गल | अष्टमी | ४९।५८ | उत्तराषाढा | ४२।४५ | सिद्धि | १९।१८ |

(३) वि. सं. १४५९ चैत्रकृष्णपक्ष (अमान्तमानले)

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| वि.सं १४५८ चैत्र ३० | आदित्य | अष्टमी | ५५।२६ | पूर्वाषाढा | १४।३२ | शिव | १६।३२ |

(४) वि. सं. १४६१ चैत्रकृष्णपक्ष (अमान्तमानले)

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| वैशाख ९ | बृहस्पति | अष्टमी | ३८।५७ | उत्तराषाढा | २१।० | साध्य | ४२।४१ |

---

★नेपाली संवत्को वत्सरारम्भ कार्तिकशुक्लप्रतिपद्देखि हुने र विक्रमसंवत्को वत्सरारम्भ चैत्रशुक्लप्रतिपद्देखि हुने हुनाले कार्तिकशुक्लप्रतिपद्देखि चैत्रकृष्ण अमावास्या (अमान्तमानले फाल्गुणकृष्ण अमावास्या) सम्म विक्रमसंवत् र नेपालीसंवत्को अन्तर ९३६ वर्ष हुन्छ, अन्यत्र ९३७ वर्षको अन्तर हुन्छ।

÷चान्द्रमहीनालाई अमान्तमान र पूर्णान्तिमान गरी दुइ किसिमले मानी आएका छन्। शुक्लपक्षको प्रतिपद्देखि आरम्भ गरी अमावास्यासम्मको महीनालाई अमान्तमानको भन्दछन्। कृष्णपक्षको प्रतिपद्देखि आरम्भ गरी पूर्णिमासम्मको महीनालाई पूर्णान्तिमानको भन्दछन्।

शुक्लपक्षमा दुवै मानबाट एउटै महीना बोलिन्छ। कृष्णपक्षमा भने अमान्तमानले बोलिएको महीनालाई पूर्णान्तिमानले बोल्दा त्योभन्दा पछि आउने महीनाको नाम पर्छ। नेपालखाल्डाका मल्लकालका लेखहरूमा प्रायः अमान्तमान लेख्ने चलन देखिन्छ।

यी ४ थरी पञ्चाङ्गमध्ये वि. सं. १४६१ ( ने. सं. ५२४ बाट गणना गरी ल्याएको ) को पञ्चाङ्गको वारादिसंग योगी नरहरिनाथजीले पढ्नुभएको सो अभिलेखमा रहेको पञ्चाङ्गको वारादि मिल्दछ। तर उहाँले "युवराजराजाधिराजश्रीश्रीयक्षमल्लठाकुरदेवस्य विजयराज्ये" भनी पढ्नुभएको छ। यक्ष मल्लको जन्म वि. सं. १४६५ मा र मृत्यु वि. सं. १५३८ मा भएको थियो[१]। यस कारण यस वेला यक्ष मल्ल जन्मेकै थिएनन् भन्ने स्पष्ट छ। अब हामीले पढेको शिलालेखको पाठ यस प्रकारको छ—

(१) ॐ नमः शिवाय ॥ अथः ॥ श्रीकलिगतवर्ष ४५०५ श्रीविक्रमराजव


(२) र्ष १४६१ श्रीशकराजवर्ष १३२६ श्रीमन्त : नेपालिकः । श्रियोऽस्तु ॥ संवत् ५

(३) २४ चैत्रकृष्ण ॥ अष्टम्यायां तिथौ ॥ उत्तराषाढनक्षत्रे ॥ साध्ययोगे ॥ बृहस्पतिवा

(४) शरे ॥ युवराजराजाधिराजश्रीश्रीमज्जयधर्ममल्लदेवस्य विजयराज्ये ॥ श्रीश्रीकुमारदेवता

(५) धिष्ठितश्रीनोगलस्थाने··· ·· ··· ··· ··· ···


यस शिलालेखमा रहेको 'श्रीश्रीमज्जयधर्ममल्लदेवस्य विजयराज्ये' भन्ने वाक्यको प्रतिलिपि–चाहिं यस प्रकारको छ—



चारैथरी संवत्का अङ्कका प्रतिलिपिचाहिं यस प्रकारका छन्—


कलिगतवर्षको अङ्क


विक्रमसंवत्को अङ्क


शकसंवत्को अङ्क

(१) इतिहाससंशोधनको प्रमाणप्रमेय पहिलो भागको १४७ पृष्ठ हेर्नुहोस्।

 नेपालीसंवत्‌को अङ्क

यस शिलापत्रमा रहेका अङ्कहरू सुमतितन्त्रनामक ताडपत्रमा लेखिएको पुस्तकका अङ्कसंग मिल्छन्।

| सुमतितन्त्रका अङ्क | वर्तमान अङ्क |
|---|---|
|  | १ |
|  | ४ |
|  | ५ |
|  | ६ |

यस शिलालेखको नेपाली संवत्‌को एकस्थानी अङ्क सुमतितन्त्रको ४ संग र शतस्थानी अङ्क ५ संग मिल्छ ।

यस शिलालेखको शकसंवत्‌को एकस्थानी अङ्क सुमतितन्त्रको ६ संग मिल्छ ।

यस शिलालेखको विक्रमसंवत्‌को एकस्थानी अङ्क सुमतितन्त्रको १ संग र दशस्थानी अङ्क ६ संग मिल्छ ।

यस शिलालेखको कलिगतवर्षको एकस्थानी अङ्क सुमतितन्त्रको ५ संग र सहस्रस्थानी अङ्क ४ संग मिल्छ । कलिगतवर्षको शतस्थानी अङ्क अलि भ्रम पैदा गर्न छ तापनि अरू प्रमाणबाट र गणनाबाट सो अङ्क ५ देखिन आउँछ ।

यस कारण योगी नरहरिनाथज्यूले पढ्नुभएको शकसंवत् १३२४ अशुद्ध हो, शुद्ध १३२६ हो । उहाँले ६ लाई ४ पढ्नुभएको छ ।

उहाँले पढ्नुभएको विक्रमसंवत् १४४५ अशुद्ध हो, शुद्ध १४६१ हो । उहाँले १ लाई ५ तथा ६लाई ४ पढ्नुभएको छ ।

उहाँले पढ्नुभएको कलिगतवर्ष ४४०१ अशुद्ध हो, शुद्ध ४५०५ हो। उहाँले ५ लाई १ पढ्नुभएको छ तथा पूर्वापरविचार राख्नुभएको छैन।

उहाँले पढ्नुभएको राजाको नाम यक्ष मल्ल अशुद्ध हो, शुद्ध नाम धर्म मल्ल हो।

लिपिको र इतिहासको ख्याल नराख्दा यसरी आनकोतान फरक पर्न गएको हो।

—०—

# यक्षेश्वर–मन्दिर

—भोलानाथ पौडेल

प्राचीन कालदेखि नेपालमा शिव बुद्ध विष्णु देवीहरूको दर्शन पूजन गर्ने प्रथा चलेर आइरहेको छ। यसो हुँदा समय समयमा भक्त राजा प्रजाले आफ्नो श्रद्धा र भक्ति भएका ती देवताका मन्दिरहरू पनि बनाउँदै गए। भूकम्प हिमपात विदेशी आक्रमण आदिले कति पटक देवमन्दिरहरू भत्काए बिगारे तापनि अहिलेसम्म पनि विभिन्न कालमा बनेका देवमन्दिरहरू प्रशस्त मात्रामा नेपाल-उपत्यकामा छँदैछन्।

अहिलेभन्दा शय डेढ शय वर्षअघि यहाँ आएका विदेशी ग्रन्थकारहरूले लेखेका नेपाल उपत्यकाका चित्र हेर्‍यौं भने अहिलेभन्दा उहिले देवमन्दिरहरू झन् धेरै थिए भन्ने थाहा हुन्छ। यसै हुँदा नेपाल–उपत्यका 'देवताहरूको घर' 'मन्दिरै मन्दिर भएको प्रदेश' भनी कहलाएको हो।

धार्मिक इतिहासको दृष्टिले तथा वास्तुकलाको इतिहासको दृष्टिले यी देवमन्दिरहरू कहिले कसले कुन उद्देश्यले बनाए, कहिले जीर्णोद्धार भए आदि कुरा जान्नु आवश्यक छ। परन्तु हाम्रो यहाँ यस विषयमा प्रामाणिक रूपमा कुनै विवरण तयार भएको देखिंदैन। यसै हुँदा प्रसिद्ध देव-मन्दिर आदिको विषयमा पनि ज्यादै कम कुरा थाहा पाइन्छ। सात आठ वर्ष अगाडिसम्म काठमाडौंको प्रसिद्ध देवमन्दिर 'जैसीदेवल' कसले बनाएको हो भन्ने कुरासम्म अज्ञात थियो। बल्ल अहिले केही वर्ष यता आएर कान्तिपुरका एकजना शक्तिशाली चौतारा ( प्रधान मन्त्री ) लक्ष्मीनारायण जोशीले सो मन्दिर बनाएका रहेछन् भन्ने थाहा भएको छ। यो एउटा उदाहरणसम्म हो। यस्तै अवस्था अरू देवमन्दिरहरूको विषयमा पनि भइरहेको छ।

नेपाल–उपत्यकाका तीन शहरमध्ये भक्तपुरका कुरा झन् कम मात्रामा प्रकाशमा आएका छन्। यस कारण त्यतातिरका कुरा पनि खोजी अध्ययन गरी तिनलाई प्रकाशमा ल्याउनुपरेको छ। भक्त-पुरका विषयलाई लिई पूर्णिमाका गताङ्कहरूमा मैले केही लेख्तै आएको छु। अब यहाँ भक्तपुर राजदर–बारअगाडिको एउटा प्रसिद्ध देवमन्दिरको विषयमा केही लेख्न लागेको छु।

भक्तपुर राजदरबारअगाडि धेरै देवमन्दिर छन्। तिनमा बत्सलादेवीको ढुङ्गे देवमन्दिरभन्दा दक्षिणतिर एउटा दुइतले छाना भएको ठूलो देवमन्दिर छ। त्यस देवमन्दिरको भित्र माझमा ढुङ्गे जलहरी भएको चारैतिर चारमुख फर्केको महादेवको मूर्ति छ। त्यसभन्दा बाहिरको भित्तामा चारै–

तिर एकेकवटा गरी जम्मा चारवटा काठका ढोका छन् । बाहिरी भागमा चाहिं चारैतिर तीन तीनवटा गरी जम्मा १२ वटा काठका ढोका छन् । तिनमध्ये माझमाझका ढोकामाथि एकेकवटा काठैका तोरण छन् । ती तोरणहरूमा वाहनसमेतका ब्रह्मा विष्णु महेश्वरहरूका विभिन्न मूर्ति कुँदिएका छन् । माथिको कार्नेस पनि काठैको छ र त्यहाँ अनेकन् तामाका सिंहका टाउका टाँसिएका छन् । त्यस माथिको तलामा चारैतिर तीन तीनवटा गरी १२ वटा झयाल छन् । माथिल्लो तलामा पनि त्यसै गरी १२ वटै ससाना झयाल छन् ।

पाटैपिच्छे छ छवटा गरी चारपाटामा २४ वटा एकैनासे र चार सुरमा चारवटा गरी जम्मा २८ वटा टुँडाल तल्लो छानामा छन् । त्यस्तै गरी पाटैपिच्छे चार चारवटा गरी १६ वटा एकैनासे र चार सुरका चारवटा गरी जम्मा २० वटा टुँडाल माथिल्लो तलाको छानामा छन् । यिनमा दुवै तलाका सुर सुरका ८ वटा टुँडालमा एकैनासका मूर्ति कुँदिएका छन् । यीबाहेक अरू ४० वटा टुँडालमा भने विभिन्न देवताका सुन्दर मूर्ति कुँदिएका छन् । उक्त दुवै छाना झिंगटीका छन् । माथिल्लो छानाको टुप्पामा सुनको जलप लाएको एउटा ठूलो गजूर छ ।

पशुपतिनाथको मन्दिर जस्तै दुइतले छाना, १२ वटा ढोका भएको र महादेवको मूर्ति पनि पशुपतिनाथको जस्तै भएकाले हो कि किन हो, केही मानिस यस देवमन्दिरलाई पशुपतिको मन्दिर भन्दछन् ।

यी देवताको ठीक नाउँ के होला, यस मन्दिरलाई कसले बनायो होला इत्यादि कुरा बुझ्ने इच्छाले यता उता सोधखोज गर्दै जाँदा एक दिन भक्तपुरका उपेन्द्रराज राजोपाध्यायसँग पनि यसबारेको कुरा सोधें । "यी महादेवलाई राजा यक्ष मल्लले स्थापना गरेका हुन् । त्यसैले यिनको नाउँ यक्षेश्वर रहन गएको हो । यस देवमन्दिरको शिलापत्र पनि थियो रे, त्यो कता छ थाहा छैन । तर दुइटा सुवर्णपत्र त यहीं टाँसिएका छन्" भनी उहाँले भन्नुभयो र ती दुइटा अभिलेख पनि देखाइदिनुभयो ।

यस देवमन्दिरका बारेमा बोल्ने सबभन्दा भरपर्दा कुरा यिनै दुइटा अभिलेख भएकाले ती दुवै अभिलेख यहाँ प्रस्तुत गरिन्छन् ।

तिनमा पहिलो अभिलेख उक्त देवमन्दिरको भित्रको दक्षिण ढोकाको माथिल्लो ठेलामा दायाँपट्टि टाँसिएको छ । यसलाई यक्ष मल्लकी रानी कीर्तिलक्ष्मीले वि. सं १५४४ मा राखेकी हुन् । दोस्रो चाहिं उक्त ठेलाको बायाँ भागमा टाँसिएको छ । यसलाई राजा राय मल्लहरूले वि. सं. १५५१ मा राखेका हुन् । यी सुवर्णपत्रमा अहिलेसम्म पनि अलि अलि सुनको जलप छँदैछ तापनि दुवै निकै काला भइसकेका छन् ।

पहिलो अभिलेख—

१. ॐ नमः शिवाय ॥ सानंदं चन्द्रमौलिं प्रमथगणवरैः सेवितं पार्वतिशं पञ्चास्यं व्योमकेशं त्रिनयनविधृतं, शेषनागेन्द्र-

२. हारं, । गीर्व्वाणेशैर्द्धनेशैः कमलजवरुणैर्व्वन्दितं धर्मसंस्थं सश्रीशं शंकरन्तं सकलभयहरं नौमि यक्षेश्वरेशं ॥

३. श्रीमत्श्रीजययक्षमल्लनृपते, भार्या परा धर्म्मिनी, यद्दैवाद् विधवाभवत्तदैवविभुना, तत्कीर्तिलक्ष्मीर्व्वरा सार्धञ्चै –

४. व न पार्यते च गमनं तत्कारनात् कारिता भुयात् स्वामिनमेव मे प्रिय सदा यज्जन्मजन्मान्तरं ॥ श्रीमद्यक्षेश्वरस्या –

५. लयविमलतरेऽलंकृताकारि ताम्रैर्व्वक्त्रं सिंहाबलिं चेत् पुनरपि चवविंशत् स्वर्णवक्त्रं मनोज्ञं । चक्रे यत्कीर्तिल –

६. क्ष्म्या शिवपुरिगमनाकांक्षया शाश्वतं हि, सम्वत् नेपालवर्षेऽचलगगनरसे, शुक्ल चाषाढ सूर्ये ॥ योसौ श्री –

७. जयरायमल्लनृपतिर्नेपालचूडामणिस्तन्मध्योनुज कंसविक्रमबली श्रीरत्नमल्लो नृपः ॥ कानिष्ठो रणमल्ल-

८. देवसुकृती श्रीवीरनारायणस्तत्तेषां बरभागिनेय विदित श्रीभिममल्लो नृपः ॥ तेषां विजयराज्ये दत्तकृ –

९. तं ॥ पुनरपि श्रीश्रीश्रीयक्षेश्वरभट्टारकप्रतिदिनस्नानार्थम् ताम्रघटिटघटमेकं पोष्पारोहनार्थं ताम्रघ-

१०. टिटभाजनमेकं, प्रतिदिनटंडुलपोस्पावरोहनार्थम् प्रतिमासे संक्रान्त्यां पञ्चामृतस्नानकरणार्थं दधि-पाटमेक

११. १ चिपिटिका कुड्वमेक १ देवस्याग्रे उपढोकनार्थं दुह्मक्षेत्र द्वादशरोपनीकं १२ गोष्ठीकृतेन सम्प्र-दत्तम्, तक्षे –

१२. त्रस्य प्रतिवार्षिकधान्यवृद्धिना एतत्कर्तव्यं ॥ अनेनापि च पुण्येन भूयाच्च शुभमङ्गलं । कीर्ति-लक्ष्म्याश्च चान्तेषु

१३. प्राप्नुयात् शिवमन्दिरं ॥ ये भूमिपालाः परिपालयंति षद्दर्शनानां स्थितिमादिभूता । ते व्याधि-मुक्ता जयमाप्नु-

१४. वन्तु प्रयान्तु चान्ते विबुधेन्द्रलोकं ॥ श्रेयोस्तु संवत् ६०७ आषाढशुक्लसप्तम्यां तिथौ शुभमस्तु सर्वदा ॥

अनुवाद

आनन्दपूर्वक रहनु भएका शिरमा चन्द्रमा भएका प्रमथगणले सेवा गरिएका पाँच मुख भएका तीन आँखा भएका ठाडा केश भएका शेषनागको गहना लाएका इन्द्र कुबेर ब्रह्मा बरुणहरूले ढोगिएका धर्ममा रहेका विष्णु साथमा भएका कल्याण गरिदिने सबै डर हर्ने पार्वतीका पति यक्षेश्वर महादेवलाई ढोगदछु ;

श्रीश्रीजययक्ष मल्ल राजाका रानी ठूला धर्मात्मा कीर्तिलक्ष्मी दैवको खेलले गर्दा बिधवा हुनु भयो । दैवकै खेलले उहाँ सती जान पाउनु भएन । त्यस कारण जन्मान्तरसम्ममा पनि आफ्नो पतिको मनपर्ने भइरहूँ भनेर श्रीयक्षेश्वरको सफा मन्दिरमा तामाका सिंहका टाउकाहरू बनाउन लाउनुभयो । फेरि उहाँ कीर्तिलक्ष्मीले शिवलोक जान पाऊँ भन्ने अभिलाषाले २४ वटा सुनका सिंहका टाउका बनाउन लाउनुभयो । ने. सं. ६०७ (वि. सं. १५४४) आषाढ शुक्ल सप्तमी ।

नेपालका राजा श्रीजयराय मल्लदेव, उहाँका माहिला भाइ असुरनारायण बलिया श्रीरत्न मल्लदेव, कान्छा धर्मात्मा वीरनारायण श्रीरण मल्लदेव, उहाँहरूका असल भानिज श्रीभीम मल्लदेव, यहाँ राजाहरूका विजयराज्यमा दान गरियो ।

श्रीश्रीश्रीयज्ञेश्वर महादेवको नित्य स्नानका लागि एउटा तामाको गाग्रो, फूल चढाउन एउटा तामाको थाली [ चढाउन भयो । ] नित्य पूजा गर्न फूल अक्षताहरूका लागि र प्रतिसंक्रान्तिमा पञ्चामृतस्नान गराउन एक कहतारा दही र एक कुरुवा चिउरा नैवेद्य चढाउनाका लागि दुह्मको जग्गा १२ रोपनी गूठी राखियो । त्यस जग्गाको सालसालको बालीले यो काम गर्नू ।

यस पुण्यले कीर्तिलक्ष्मीको कल्याण होओस् । पछि उहाँलाई शिवलोक मिलोस् ।

जुन राजाहरू पहिलेदेखि चलेर आएको ·· स्थिति कायम राख्तछन्, तिनीहरूलाई रोगव्याधि नपरून् । तिनीहरूको जय होस् , पछि तिनीहरू शिवलोक पुगून् ।

ने. सं. ६०७ (वि. सं. १५४४) आषाढ शुक्ल सप्तमी ।

दोस्रो अभिलेख—

१. स्वस्ति ॥ श्रीश्रीश्रीयज्ञेश्वर भट्टारकसके, प्रतिदिन निस्तरपे यकें निमितिन, श्रीश्रीजयरायमल्लदेव प्रभु ठाकुरट्वं प्रमुखन

२. त्रिपुरराजकुलस, विज्याक्व ठाकुरलोक समस्तसनं, गुठि चिनकं, तंवसासन टास्यं चोस्यं तया निस्तरपं यंने भाखा थ्वते गुठि खनिमं

३. टोल, रचि कस्त, दुयलाछे टोल, रथन, तिप्रक्वछें टोल, हर्षराज योलं टोल, छुट, क्वालें टोल, जोपचि मडिक, गोलमंडो टोल हेर साहु

४. प्वंडु लालें टोल डोप, खनिमं टोल जखराज ॥ ॥ थ्वते गुठिन दानपत्रस सासनस चोस्यं तक्व प्रतिदिन निस्तरपेनो बर्शबादन पर्व्वपा

५. र्व्वनि प्रतिवर्ष निस्तरपेनो अछेद्र याङन निस्तरपं यनेमाल दानपत्र सासनस चोस्यं तक्व मनिस्तरपं छेद्र याकाले लोभामोहो

६. याकाले श्रीश्रीश्रीयज्ञेश्वरस निग्रह, ब्रह्महथ्या आदिन पंचमाहापातक लाक छेद्र मयास्यं लोभामोह मयास्यं निस्तरपं यंकाले

७. उत्तोत्तर, पुन भाखा थ्वसपोल ठाकुरलोक समस्त, थव थेथे कचाड जुस्यं थंथ्या क्वथ्या त्या बु जुस्यं वंकाले, थ्वते गुठिलोकया पु

८. टानघटघाटोले त्या बु मदयकं ङयाकि पलकि २ठिवाहा ममालक प्रसंन जुया जुरो थ्वते त्रिपुरराजकुलया, ठाकुरलोकन शु-

९. द्धास्यं थ्वते गुठीलोकस घटानघट गुठि जुटोले त्या बु दयकं ङयाकि पलकि याङन, विठिवाहा मालक अप्रसंन जुकाले, श्रीश्री

१०. श्रीयज्ञेश्वरस निग्रह, ब्रह्महथ्या आदिन पंचमाहापातक लाक थ्वते गुठिया घटानघटघाटोले गुठि निस्तरपेमाल, मनिस्तरपे धा-

११. य मदु,छें त्रिप्रक्वछें टोल क्वथुननि येटास खा येकुलि मुलस,खा येकुलिलक, योटामुलस खायंकुलि मूल यं कुलिलक येटाचा मातान

१२. न सहित, थ्वछें लिक्व लिबिन सहित बु एकतन नेसरनो खुय ह्लशये चल्या वो २६७× दंम २४ ल्प्वंदेशया सखि प्यंड चेतकरपनिस-

१३. के काय थ्वते बु पेचकेनो ठोयनो हेनाहेनमटेव,गुठि सम्पधारन तुटेव पुन भाखा थ्व देवलस निस्तपक्व, गुठिन ठाकुरलोकसके

१४. बापं कास्यं गाम, क्वाठ कास्यं भंड़िरि जुरयं राजसेश निस्तरपे मटेव ॥ श्रेयोस्तु संवत् ६१४ भाद्रपदशुक्लचतुर्थ्यान्तिथौ शुभ ॥ ॥

अनुवाद

स्वस्ति श्रीश्रीश्रीयच्चेश्वर महादेवको गर्नु पर्ने नित्यपूजा चलाउनका लागि श्रीश्रीजयराय मल्लदेव ठाकुर समेत त्रिपुरराजदरबारमा बस्नुभएका.सबै राजाहरूले गूठी बनाई ताम्रपत्र गरी टाँस्न लाउनुभएको व्यवस्थाको बेहोरा —

यसका गुठियारहरू-—खनिमं (खौमा) टोलका रचि कस्त, तुयलाछें ( तुलाछें ) टोलका रथन, तिप्रक्वछें (सुकुलढोका) टोलका हर्षराज, योलं टोलका लुट्ठ, क्वाछें टोलका जोपचि मडिक, गोलमण्डो (गोलमाढी) टोलका हेर साहू, प्वंडुलाछें टोलका डोप, खनिमं (खौमा) टोलका जखराज, यति गुठियारहरूले दानपत्रमा सनदमा लेखिएअनुसार नित्यपूजा गराउनुपर्छ। वर्षबन्धन पर्वपूजाहरू प्रतिवर्ष कत्ति फरक नपारीकन चलाउनुपर्छ। दानपत्र सनदमा लेखिएबमोजिम नगरी फरक पारी लोभानि पापानि गरे भने श्रीश्रीश्रीयच्चेश्वरको कुदृष्टि ब्रह्महत्या आदि पञ्चमहापातक लाग्छ। फरक नपारी लोभानि पापानि नगरी चलाए भने उत्तरोत्तर [ वृद्धि हुन्छ। ]

अर्को बेहोरा —यहाँ राजाहरूमा परस्परमा कलह भई तल माथि हार–जित हुन गयो भने पनि यी गुठियारप्रति······हार–जितको असर नपर्ने गरी ङ्याकि ? खलकि ? विथिवहा ? + माफी गरी निगाह गरियो। यहाँ त्रिपुरराजकुलका तीनजना राजाहरूले गुठियार प्रति······तलमाथि पारी ङ्याकि ? खलकि ? विथिवहा ? लागु गरी निगाह नगर्नु भएमा श्रीश्रीश्रीयच्चेश्वरको कुदृष्टि ब्रह्महत्या आदि पञ्चमहापातक लाग्छ। यी गुठियारहरूले······गूठी चलाउनुपर्छ। चलाउन सक्तिन भन्न पाइँदैन।

······* चोक सहितका यी घरहरू तथा २६७¾ जग्गा र २४ दंम भक्तपुरका सखि ? प्यंड ? चेतकर ? हरू सँग लिनू। ···· यी जग्गामा तल–माथि पार्न पाइँदैन। गुठियारहरूले हेरचाह गर्नुपर्छ।

---

+ यी कुनै करविशेषलाई बुझाउने शब्द हुन् भने जस्तो देखिन्छ। यस विषयमा प्रमाण पाइएपछि विचार गरिनेछ।

* यहाँ दिइएको घरको नापी सम्बन्धी शब्दको ठीक अर्थ लाग्न सकेको छैन।

अर्को बेहोरा—यो मन्दिरमा नियुक्त गुठियारहरूले राजाहरूबाट वृत्ति लिई गाउँ किल्ला लिई भंडारे भई सरकारी जागीर खान हुँदैन । ने. सं. ६१४ ( वि. सं. १५५१ ) भाद्र शुक्ल चतुर्थी ॥ शुभ ॥

जसले महादेव स्थापना गऱ्यो, अथवा जसको नाउँमा सो स्थापना भएको हो, त्यसैको नाउँमा सो महादेवको नाउँ राख्ने चलन प्राचीन कालदेखि चलेर आएको पाइन्छ । यस कारण यी यक्षेश्वर महादेवको संबन्ध यक्ष मल्लसंग छ भन्ने स्पष्ट छ । यी महादेवको स्थापना गर्दा राखेको अभिलेख नपाइएको हुँदा निश्चित रूपमा यसको स्थापनाबारेमा लेख्न सकिँदैन तापनि यक्ष मल्ल स्वर्ग भएको लगत्तै उनकी रानी कीर्तिलक्ष्मीले राखेको स्वर्णपत्रमा सो देवताको स्थापना भइसकेको उल्लेख भएको र यक्ष मल्लले सो मूर्ति स्थापना गरेका हुन् भन्ने किंवदन्ती भक्तपुरतिर चलेर आएको पाइने हुनाले यी यक्षेश्वरको स्थापना यक्ष मल्लद्वारा नै भएको हो कि भन्ने देखिन्छ । सो किंवदन्ती यस प्रकारको छ–

" राजा यक्ष मल्ल प्रतिदिन पशुपतिनाथको दर्शन गरेर मात्र खाने गर्दथे । एक दिन वर्षाको समयमा वागमतीमा ठूलो बाढी आएकोले यक्ष मल्लले वागमती तर्न सकेनन् । त्यसैले त्यस दिन उनी पशुपतिनाथको दर्शन नगरी भक्तपुरदरबारमै फर्के । तर पशुपतिनाथको दर्शन गर्न नपाएको हुँदा त्यस दिन उनी निराहार बसे । त्यसै रातको सपनामा राजालाई पशुपतिनाथको दर्शन मिल्यो । "अबदेखि यसरी दुःख गरेर तिमीले यहाँसम्म आउनुपर्दैन, भक्तपुरमै मेरो मूर्ति स्थापना गरी दर्शन गर्ने गर " भन्ने पशुपतिनाथबाट सपनामा आज्ञा मिल्यो । त्यसपछि पशुपतिनाथको आज्ञाबमोजिम यक्ष मल्लले यस देवमन्दिरलाई बनाई महादेव स्थापना गरे ।"

यस यक्षेश्वरको मन्दिरमा नित्यपूजा पर्वपूजा आदि केही चल्दै आएको छ तापनि मन्दिर र मूर्तिको शोभा त्यत्तिको कायम हुन सकेको छैन । भित्ता मैला भएका र ढुंडाल आदिका काठका मूर्तिहरूका रङ्गरोगनहरू केही उडिसकेका छन् । यस कारण अहिले यो देवमन्दिर त्यति झलक्क परेको छैन तापनि यस मन्दिरमा काठमा कुँदिएका विभिन्न कुरा काष्ठकलाका दृष्टिले दर्शनीय र मनन गर्न लायकका छन् ।

—॥—

# चौतारा भगीरथ भैया

—धनवज्र वज्राचार्य

मल्लकालमा नेपाल–उपत्यकामा चलेको राजतन्त्र–शासनप्रणालीमा र अन्यत्र चलेको राजतन्त्र-शासनप्रणालीमा केही भिन्नता थियो । यहाँ एक राजापछि उनका जेठा छोरा मात्र राजा बन्ने चलन थिएन । एक राजापछि उनका जति छोरा थिए, प्रायः ती सबैको संयुक्त शासन यहाँ चल्दथ्यो । कहिलेकहीं दौहित्र ( छोराका छोरा ) पनि संयुक्त रूपमा शासक बनाइन्थे । नेपाल–उपत्यकाको मध्यकालको इतिहासमा यस्तो संयुक्त शासनपद्धतिको सुइँको धेरै पहिलेदेखि

पाइन्छ ÷ तापनि स्थिति मल्लपछिको इतिहासमा मात्र विचार पुऱ्याए पनि यो कुरा स्पष्ट बुझिन्छ ।

वि. सं. १४५२ मा स्थिति मल्लको मृत्यु भएपछि उनका तीन जना छोरा धर्म मल्ल ज्योर्तिमल्ल कीर्ति मल्लको संयुक्त शासन चल्यो । पछि माहिला ज्योतिर्मल्लले राज्यमा एकाधिकार जमाए । ज्योतिर्मल्लपछि केही काल उनका दुइ छोरा यक्ष मल्ल र जीव मल्लले मिली राज्य गरे । पछि जेठा यक्ष मल्लको मात्र एकलौटी राज्य कायम भयो । यक्ष मल्लपछि उनका छोरा राय मल्ल रत्न मल्ल रण मल्ल राम मल्लहरूको र यक्ष मल्लका दौहित्र भीम मल्लको संयुक्त शासन चल्यो । पछि यिनीहरूको कलहले राज्य टुक्रियो र नेपाल--उपत्यकाको राज्यक्षेत्रभित्रै तीन चार राज्य खड़ा भए +। यी तीन चार राज्य खडा भएपछि तिनमा पनि यस्तै शासनपद्धति कायम रह्यो ।

यसरी संयुक्त शासन चलेको देखिन्छ तापनि यिनीहरूको अधिकारविभाजन, कार्यविभाजन भएको भने कुनै उल्लेख पाइएको छैन । यसैले यिनीहरूमा जो बाठा हुन्थे, तिनले नै अरूलाई अँठ्याई एकलौटी पार्दथे ।

मल्लकालमा नेपाल–उपत्यकामा चलेको शासनपद्धति अन्तको एकराजतन्त्र—शासनप्रणालीभन्दा अलिकता फरक थियो तापनि 'राजव्यसन' बाट उत्पन्न हुने कमजोरी तत्त्व भने यहाँ पनि प्रशस्त थियो। यसो हुँदा गद्दीनशीन राजालाई अँठ्याई शासनको बागडोर आफ्नो हातमा पार्न मन्त्री भारादारहरूमा हानथाप, काटमार चलिरहन्थ्यो । हाम्रा प्रचलित वंशावली आदि मात्र पढ्दा यस वेला प्रायः 'राजव्यसन' नपरेको जस्तो भान हाम्रो मनमा पर्छ । परन्तु यो कुरा सत्य होइन । वंशावली—संग्रहकारहरूको घटनाको वर्णन गर्ने दृष्टिकोण नै भिन्न भएको र पाइने जति सामानको पनि ठीक ठीक उपयोग नगरी लेखिएको हुनाले त्यसो भएको हो ।

कान्तिपुरमा प्रताप मल्लको मृत्युपछि ठूलो 'राजव्यसन' खडा भएको थियो । त्यस वेला गद्दी-नशीन राजाको नामोल्लेखसम्म नगरी सारा राज्य मेरो इशाराअनुसार चलिरहेको छ भनी लेखाउने चौतारा (प्रधान मन्त्री ) त्रिकुटि, टकमा राजाको साथै आफ्नो पनि नाउँ कुँदाई राजकीय ठाँटबाँट-

÷ ललितपुर त्यागलटोल गचाननीको ने. सं.१३२ ( वि. सं. १०६९ ) को शिलालेखमा—

> ''राज्ये पुण्यमलङ्कृतयशा धिः श्रीरुद्रदेवो नृपः
> साधुभ्रातृजपुत्रधर्म्मणिरतिश्रीभोजदेवोपि राट् ।
> तावेतौ शशिभास्करोपम तिथौ सन्दर्शकालेहनि
> नेपाले गहनारविन्दकुसुदश्रीलालिताख्ये पुरे ॥ ''

( 'अभिलेख संग्रह' ६ भागको २४-२५ पृष्ठमा यो अभिलेख छापिएको छ ।)

[ धर्मात्मा, कीर्ति फैलिएका राजा रुद्रदेव र (उहाँका) असल भतिजा, धर्मात्मा भोजदेवको विजयराज्यमा कमलपोखरीहरू भएको ललितपुरमा ( यी देवताको स्थापना गरियो )। अमावस्याको दिनमा चन्द्र र सूर्य झैं नेपालमा उहाँ दुइजना राजा मिलेर रहनुभएको छ । ]

यस्तो लेखिएको छ । यसबाट यस वेला (वि. सं. १०६९ तिर) काका भतिजाको संयुक्त शासन चलेको थियो भन्ने बुझिन्छ । यस्ता उदाहरण अरू पनि पाइन्छन् ।

+ 'इतिहास-संशोधनको प्रमाण प्रमेय' को ३८-४२, १३३-१४० पृष्ठ हेर्नुहोस् ।

सँग बस्ने चौतारा लक्ष्मीनारायण जोशी आदि कसरी शासनमा एकाधिकार जमाई हर्ता-कर्ता भएका थिए भन्ने कुरा प्रकाशमा आइसकेको छ ×। यसै गरी भक्तपुरमा पनि चाँदशेखर ÷ भागिरामहरू हर्ता-कर्ताका रूपमा देखापरेका थिए भन्ने कुरा केही प्रकाशमा आइसकेको छ। यस निबन्धमा ललितपुरका एक जना शक्तिशाली चौतारा 'भगीरथ भैया' को बारेमा केही लेख्न लागेको छु।

शिवसिंह मल्लले एक पारेको कान्तिपुर र ललितपुर राज्यलाई उनीपछि उनका दुइ नाति लक्ष्मीनरसिंह र सिद्धिनरसिंहले वि. सं. १६७१ फाल्गुन १५ गते सन्धि गरी फेरि विधिवत् दुइ स्वतन्त्र राज्यको रूपमा परिणत गरे≶। यस घटनाले नेपाल-उपत्यकाको राजकाजमा निकै परिवर्तन ल्यायो। लक्ष्मीनरसिंहको कमजोरीबाट फाइदा लिई सिद्धिनरसिंहको पक्षले यो सन्धि गराएको थियो। यसपछि सिद्धिनरसिंहको शासनकालमा ललितपुर राज्य बलियो हुँदै गयो। यो देखी कान्तिपुरका भारादारहरू जल्न लागेका थिए। यसो हुँदा मौका पायो कि ललितपुरलाई अँठ्याउनुपर्छ भन्ने कान्तिपुरेहरूको सुर थियो। बालककालदेखि यस्तै अवस्थामा हुर्केका प्रताप मल्ल समर्थ हुँदै आएपछि कान्तिपुर र ललितपुरको स्पर्धा झन् बढ्दै गयो र यसले बराबर युद्धको रूप लिन थाल्यो। कान्तिपुर र

---

× इतिहास-संशोधनको प्रमाण प्रमेयको २३७-४१,२७३-८४ पृष्ठ हेर्नुहोस्।

÷ जगत्प्रकाश मल्लको शासनकालमा मन्त्री चाँदशेखर हर्ताकर्ता भएका थिए भन्ने कुरा भक्तपुर खौमाटोलको ने. सं. ७८७ (वि. सं. १७२३) को शिलालेखमा जगत्प्रकाश मल्लको मुखबाट चाँदशेखरको बारेमा निकाल्न लाइएका यी वाक्यले प्रकट गर्छन—

" जेहि मोरि जिवतुल, चन्द्रशेखरसिंह सेहि···
चाँदशेखरसिंह तुअतुल नहि जन, मोरि हृदि तोहह विराजे।
स्वप्राणोपमचंद्रशेखरवरामात्याग्रणीदत्तया,
स्वर्गायातुलनीलनीरजदृशा मध्येपदान्विसयया।
आत्मानं स जगत्प्रकाशनृपतिर्वीरोऽन्नपूर्णाख्यया
मेने नाम कलत्रवन्तमनया सद्वृत्तया कान्तया ॥ "

( अभिलेखसंग्रह ७ भागको २१-२३ पृष्ठमा यो अभिलेख छापिएको छ। )

[ जुन मेरा प्राणतुल्य छन्, तिनै चन्द्रशेखरसिंहले ··· हे चाँदशेखरसिंह तिमी बराबर अरू कसैले मेरो हृदयमा स्थान पाएको छैन। आफ्ना प्राण जस्ता चन्द्रशेखर मुख्य मन्त्रीले स्वर्ग जानका लागि कन्यादान दिइएकी, नील कमल जस्तो राम्रा आँखा भएकी, · · अर्काको मनअनुसार चल्न जान्ने, असल चालचलन भएकी यी अन्नपूर्णा रानीद्वारा वीर राजा जगत्प्रकाशले आफूलाई गृहस्थी सम्झनुभएको छ। ]

जगत्प्रकाश मल्लका अरू अभिलेखबाट पनि चाँदशेखरको शक्तिको परिचय पाइन्छ। जगत्प्रकाशको साथै चाँदशेखरको समेत नाउँ कुँदिएको ने सं. ७८२ को एउटा सुकी श्रीहेमराज शाक्यको संग्रहमा छ। यसबाट पनि चाँदशेखर हर्ताकर्ता भई निस्केका थिए भन्ने सिद्ध हुन्छ। अरू बढी सामान पाइएपछि यस विषयमा भिन्नै निबन्धमा विचार गरिनेछ।

भागिरामबारेको कुरा 'इतिहास संशोधनको प्रमाण-प्रमेय'को २७४-८२ पृष्ठमा हेर्नुहोस्।

≶ ऐतिहासिक-पत्र-संग्रह दोस्रो भागको १—१० पृष्ठ हेर्नुहोस्।

ललितपुरको यस कलहमा भक्तपुरले पनि हात हाल्न थाल्यो। यसरी तीनै राज्य एउटालाई हात लिई अर्कोलाई अंठ्याई अलिकता लाभ गर्न सक्नु नै राजकाजको सफलता सम्झी रहन लागे।

यस्तै अवस्थामा श्रीनिवास मल्लले आफ्ना बाबु सिद्धिनरसिंहबाट ललितपुरको राज्याधिकार पाए। शासनको प्रारम्भकालदेखि नै श्रीनिवास मल्लले कान्तिपुरका राजा प्रताप मल्ल र भक्तपुरका राजा जगत्प्रकाश मल्लसंग राजकाजको दाउपेचमा टक्कर लिनुपर्‍यो *। यस्तो अवस्थामा सल्लाह दिने मन्त्री भारादारको आवश्यकता श्रीनिवास मल्ललाई हुनु स्वाभाविक थियो तथा ललितपुरको प्रतिष्ठा बढ्ने काम गरिदिने भारादारको मान हुनु पनि स्वाभाविक थियो।

चौतारा भगीरथ भैयाको उन्नति पनि यस्तै परिस्थितिबाट भएको थियो। भगीरथ भैया श्रीनिवास मल्लको शासनको प्रारम्भकालदेखि त्यस पदमा पुगेका थिएनन्। श्रीनिवासको शासनको उठानमा त चौतारा कीर्तिसिंह थिए +। वि. सं. १७२९ मा आएर भगीरथ भैया शक्तिशाली चौताराका रूपमा देखापर्छन्। यसै साल श्रीनिवास मल्लले ललितपुर राता मछिन्द्रनाथको मन्दिरमा एक शिलालेख राख्न लाएका थिए। वर्षदिनसम्म ललितपुरका राजा र प्रजाले पालन गर्नुपर्ने मोटामोटी नियम लेखिएको हुनाले त्यसलाई 'संवत्सर-लोहो' भन्ने संज्ञा दिइएको छ। त्यस अभिलेख-बाट त्यस बेला ललितपुरको शासनमा भगीरथ भैयाको कुन स्थान थियो भन्ने कुरा स्पष्ट झल्कन्छ। त्यस शिलालेखमा उल्लिखित प्रत्येक प्रक्रममा "थ्वति भाषा जुवराज श्रीश्रीजोगनरसिंह साक्षी तयाव, भगीरथ भयीया व साहुतिन तया जुरो = यो कुरा युवराज जोगनरसिंह ( योगनरेन्द्र ) साक्षी राखी भगीरथ भैयाको सल्लाहले गरिएको हो" भन्ने उल्लेख परेको छ। यसबाट राजा, युवराज-पछि भगीरथ भैयाको स्थान थियो तथा प्रत्येक कुरा भगीरथ भैयाको सल्लाहले गरिन्थ्यो भन्ने बुझिन्छ। योबाहेक त्यस 'संवत्सरलोहो' मा भगीरथ भैयासम्बन्धी एक भिन्नै प्रक्रम रहेको छ। सो प्रक्रम यस प्रकारको छ—

**" श्रीश्रीजयश्रीनिवास मल्ल थाकुरया थव देहेन पिंकायाव भगीरथ भयीया चौतारा याङाव थव देहे व ओव भीन्न मयाङा, सेवनं भीन्न यायमदो, थ्वतिया साक्षी श्रीवुंग इष्टदेवता श्रीश्रीजोगनरसिंह थाकुरस। "**

(' अभिलेख-संग्रह ' १० भागको ७-११ पृष्ठमा यो अभिलेख छापिएको छ।)

[ श्रीश्रीजयश्रीनिवास मल्ल ठाकुरले आफैंले छानी भगीरथ भैयालाई चौतारा बनाउनुभएको हो। मैले ( श्रीनिवास मल्लले ) आफ्नो जीउ र उनमा ( भगीरथ भैयामा ) फरक देखेको छैन।

---

* यस विषयमा एउटा भिन्नै निबन्धमा विचार गरिनेछ।

+ "सं. ७८६ आश्विन शुद्धि महानवमी राजया मूलचोकस ल्हेयाव याक जुरो। ···राजा श्रीनिवास मल्लजु चउतारा कीर्तिसिं रायकुल भाजु ॥

(ऐतिहासिक घटनावली १-२ पत्रबाट )

[ ने. सं. ७८६ (वि. सं. १७२३) आश्विन शुक्ल महानवमीका दिन राजदरबारको जीर्णोद्धार गरियो। ·· राजा श्रीनिवास मल्ल। चौतारा राजकुलका कीर्तिसिंह ]

यी कीर्तिसिंह सिद्धिनरसिंहका मझ्याहा छोरा थिए भनी वंशावलीमा लेखिएको छ।

अरूले पनि भिन्न सम्झनुहुँदैन। यस कुराका साक्षी श्री ३ बुंग (राता मछिन्द्रनाथ) इष्टदेवता हुनुहुन्छ, श्रीश्रीयोगनरसिंह ठाकुर छन्।]

यसरी 'म र भगीरथ भैयामा केही फरक छैन' भन्ने घोषणा राजाद्वारा गराउन सकेका हुनाले भगीरथ भैयाले राजा श्रीनिवास मल्लउपर कत्रो प्रभाव पार्न सकेका थिए भन्ने देखिन्छ+। यसपछि श्रीनिवास मल्लले योगनरेन्द्र मल्ललाई वि. सं. १७४१ मा राज्य सुम्पी नदिउन्जेल भगीरथ भैयाको यो अवस्था कायम रह्यो। यस समयभित्र श्रीनिवास मल्लले गरेका धेरैजसो काममा भगीरथ भैयाको सल्लाह लिई यो काम गरिएको हो भन्ने उल्लेख भएको पाइन्छ।

वि. सं. १७२९ मा भक्तपुरका राजा जगत्प्रकाश मल्लको मृत्यु भयो। यसको डेढ वर्ष जतिपछि वि. सं. १७३१ को प्रारम्भमा कान्तिपुरका राजा प्रताप मल्लको पनि मृत्यु भयो। यसरी दुइ ठूला प्रतिद्वन्द्वीको मृत्यु भएको हुनाले नेपाल-उपत्यकाको राजकाजमा श्रीनिवास मल्ल 'मण्डलनाभि' बन्न पुगे। भक्तपुरमा जगत्प्रकाशपछि उनका छोरा जितामित्र मल्ल गद्दीमा बसे। उनी केही समर्थ उमेरका भए तापनि श्रीनिवास मल्लको अगाडि टक्कर लिन सक्ने स्थितिमा थिएनन्। अतः उनी श्रीनिवास मल्लका अनुकूलै भएका थिए*।

कान्तिपुरमा त प्रताप मल्लपछि श्रीनिवास मल्लको प्रशस्त प्रभाव जम्यो। उनी जसलाई चाहे उसलाई राजा मन्त्री बनाउन सक्ने स्थितिमा पुगे। प्रताप मल्लले आफूपछि कान्तिपुरको गद्दीमा आफ्ना त्यस वेला जीवित छोराहरूमा कान्छा महीपतेन्द्र मल्ललाई राजा बनाउनू भन्ने व्यवस्था मिलाएर गएका थिए। परन्तु प्रताप मल्लको मृत्यु भएको ३ महीनापछि श्रीनिवास मल्लले त्यस वेला प्रताप मल्लका जीवित छोराहरूमा जेठा नृपेन्द्रलाई आफैंले टीका लाईदिई गद्दीमा बसाले। प्रताप मल्लको पालामा कान्तिपुरका प्रसिद्ध भारदार चिकुटि कान्तिपुरबाट भागी ललितपुरमा शरण लिई बसेका थिए। प्रताप मल्लको मृत्यु हुने बित्तिकै चिकुटिलाई कान्तिपुर फर्काउने प्रबन्ध श्रीनिवासले मिलाइदिए। अनि चिकुटि कान्तिपुर पुगी शक्तिशाली चौतारा बन्न पुगे। यसरी आफैंले बनाइदिएका राजा मन्त्री भएका हुँदा त्यस वेला कान्तिपुरमा श्रीनिवासको प्रभाव जम्नु स्वाभाविक थियो÷।

यसरी नेपाल-उपत्यकाका तीनै राज्यमा प्रभाव फैलिएपछि माणिग्लाधिपति श्रीनिवास मल्लले 'नेपालेश्वर' को दावा गर्न लागे। यो कुरा यसताकाका श्रीनिवास मल्लका अभिलेखबाट थाहा पाइन्छ। वि. सं. १७३७ मा भीमसेनको मन्दिरको जीर्णोद्धार गरी त्यहाँ राख्न लाएको अभिलेखमा यो कुरा अलि स्पष्ट रूपमै लेखिएको छ। जस्तै—

---

+भीमसेन थापाले पनि श्री ५ रणबहादुर शाहको मुखबाट 'वामांगी भइस् ····म मरि मुलुक डुबन्याछैन, भीमसेन मर्‍यो भन्या मुलुक डुबन्याछ' भन्ने वाक्य निकाल्न लाएका छन्। श्रीचित्तरञ्जन नेपालीको 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' को २४६ पृष्ठ हेर्नुहोस्।

* 'पूर्णिमा' १।१ को २०–२३ पृष्ठ हेर्नुहोस्।

÷ 'पूर्णिमा' १।१ को १५–१७ पृष्ठ हेर्नुहोस।

'श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुलसन स्व नगरं छगुल जुयाव नेपालेश्वर जुयाव विजयराज्य यार्ङबिज्याक, थथिं अवसरस श्री ३ भीमसेन भट्टारकस···स एव ठाकुलसन मन्त्री भगीरथ भैया भारोस व संमत याङन आज्ञा प्रसन्न जुस्यं, थ्व देवल दयकबिज्याक जुरो ॥ "

( 'अभिलेख–संग्रह' ६ भागको १८–१६ पृष्ठमा यो अभिलेख छापिएको छ । )

[ श्रीमाणिग्ल (ललितपुर) का मालिक, महाराजाधिराज, श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुरले तीनै शहर एक भएका ( परस्परमा मिलेर बसेका ) हुनाले 'नेपालेश्वर' भईकन राज्य गरिरहनु-भएको अवसरमा···उहाँ राजाले मन्त्री भगीरथ भैया भारादारको सल्लाह लिएर प्रसन्नतापूर्वक आज्ञाउनुभई श्री ३ भीमसेन देवताको यो देवल बनाउन लाउनुभएको हो । ]

श्रीनिवास मल्लको यसरी प्रभाव बढ्नामा भगीरथ भैयाको पनि हात थियो । यस कुराको झलक भगीरथ भैयाको विश्वेश्वरमन्दिरको अभिलेखबाट पाइन्छ । वि. सं. १७२६ मा मुगल–बादशाह औरङ्गजेबले काशीका विश्वनाथको मन्दिर भत्काइदिएका थिए + । नेपालीहरू पनि बराबर काशी भई विश्वनाथको दर्शन पूजन गर्न हुनाले काशीको विश्वनाथमन्दिर भत्काएको खबरले यहाँका नेपाली धर्मात्माहरूमा पनि खलबली मच्चिनु स्वाभाविक थियो । यसै हुँदा भगीरथ भैयाले यसको ८ वर्षपछि ललितपुर मङ्गलबजारमा एउटा ठूलो मन्दिर बनाई विश्वनाथको स्थापना गरेका थिए । काशीका विश्वनाथ नष्ट पारिएका हुनाले अब ललितपुरका प्रजाले यहीं विश्वनाथको दर्शन पूजन गर्न पाऊन् भन्ने अभिप्राय भगीरथ भैयाको देखिन्छ । विश्वेश्वरमन्दिरमा रहेको सो शिला-लेखको अलिकता अंश यस प्रकारको छ—

"श्रीश्रीनिवासो यशसो निवासो "
भूवासवो वासरनाथतेजाः ।
ज्ञाता च दाता ललितानगर्य्यां
विभाति नेपालनृपालसिंहः ॥
महीयसस्तस्य महीभुजोऽभूत्,
भगीरथो नाम महान् सुमन्त्री ।
वशीकृतानेकपरावनीन्द्रः
परावनीन्द्रैः सुसमर्पितेभः ॥

---

+ संवत् ७८६ भाद्र कृष्ण चतुर्थी श्रीविश्वेश्वर काशीस अवरंजेव पातसाहान कचिंगर थङ दिन जुरो ॥

( ऐतिहासिक घटनावलीको ३ पृष्ठबाट )

[ ने. सं. ७८६ (वि. सं. १७२६) भाद्र कृष्ण चतुर्थीका दिन बादशाह औरङ्गजेबले काशीका विश्वेश्वर (को मन्दिर) भत्काए । ]

" वि. सं. १७२६ मा हिन्दूहरूका देवमन्दिर, पाठशाला भत्काउन औरङ्गजेबले आज्ञा दिए "
( भारतीय इतिहास का उन्मीलनको ५१२ पृष्ठबाट)

धर्म्मात्मना तेन भगीरथेन
विश्वेश्वरः स्थापित एष भक्त्या ।
संपूज्य विप्रान् दिवसेऽनुकूले
श्रीश्रीनिवासस्य विभोः प्रसादात् ।
प्राचीनेन भगीरथेन गिरिशान्नीता क्षितौ जाह्नवी,
विश्वेशः किमु नूतनेन यवनाद् भीतः प्रचण्डादिव ।
काश्याः पुण्यपुरः पुरे च ललिते नीतस्त्रिलोकेश्वरः
किं किं नो हि कृपाभरेण लभते श्रीश्रीनिवासप्रभोः ॥
सम्वत ७९८ माघकृष्णपष्ठम्यां तिथौ''' श्री३विश्वेश्वरस्थापना"

( 'अभिलेख-संग्रह' ६ भागको १४–१५ पृष्ठमा यो अभिलेख छापिएको छ । )

[ कीर्ति फैलिएका, तेजिला, विद्वान्, दानी, नेपालका राजाहरूमा श्रेष्ठ श्रीश्रीनिवास मल्ल राजा ललितपुरमा हुनुहुन्छ । ठूला राजा उहाँका असल ठूला मन्त्री भगीरथ छन् । उनले अनेक अरू राजाहरूलाई वश पारेका छन् । उनलाई अरू राजाहरूले असल हात्ती दिएका थिए + ।

धर्मात्मा ती भगीरथले असल दिनमा ब्राह्मणहरूलाई पूजा गरेर श्रीश्रीनिवास प्रभुको निगाहले विश्वेश्वरको स्थापना गरे । उहिलेका भगीरथले महादेवकहाँबाट पृथ्वीमा गङ्गाजी ल्याएका थिए । अहिलेका यी भगीरथले पुण्यभूमि काशीबाट भयङ्कर यवन ( मुसलमान = औरङ्गजेव) देखि उद्विग्न भए जस्ता विश्वनाथ महादेवलाई ललितपुरमा ल्याए क्यारे । श्रीश्रीनिवास प्रभुको निगाहले के पो पाइंदैन र ।

---

+ वंशावलीमा ने. सं. ७९५ (वि. सं. १७३२) तिर शुभसेनले ४ हात्ती श्रीनिवास मल्ललाई दिए भन्ने उल्लेख पाइन्छ—

" संवत् ७९४ (वि. सं. १७३१) आश्विन महीनामा सेन राजाहरूको तक्रार भई नमिली शुभसेन राजा आई मद्त माग्न आउँदा ललितपत्तनका राजा प्रमुख भई भक्तपुर र तनहुँका राजा सामेल भई पूर्वतिर हरिहरसेन राजाका राज्य मोरंगमाथि चढाई गरी रावा हलेसी आदि १७ ग्राम जिती शुभसेन राजाकन दिई फर्किआया. दोस्रा साल मोरंगबाट ४ हात्ती शुभसेन राजाले श्रीनिवास मल्लकन चढाई पठाया. "

चौतारा भगीरथ भैयाको कार्यकालमा यो घटना भएको हुँदा यसै घटनालाई लक्ष्य गरी भगीरथ भैयाले आफूलाई "परावनीन्द्रैः सुसमर्पितेभः = अरू राजाहरूले असल हात्ती दिइएका" भनी लेख्न लाएको देखिन्छ ।

ने. सं. ७६८ ( वि. सं. १७३४ ) माघ शुक्ल षष्ठीका दिन…श्री ३ विश्वेश्वरको स्थापना गरियो । ]

यहाँ श्रीनिवास मल्ल 'नेपालका राजाहरूमा श्रेष्ठ' हुनुहुन्छ उहाँका मन्त्री भगीरथ भैयाले अरू राजाहरूलाई वश पारेका छन्, उनलाई अरू राजाहरूले असल हात्ती दिएका थिए भनी उल्लेख गरिएको हुनाले यस बेला नेपाल-उपत्यकामा श्रीनिवासको प्रभाव बढ्नामा भगीरथ भैयाको हात थियो भन्ने स्पष्ट झल्कन्छ ।

भगीरथ भैयाले यो विश्वेश्वरमन्दिरको सामुन्नेको 'लामोपाटी' नामले प्रसिद्ध सत्तल पनि बनाएका थिए भन्ने उल्लेख वंशावलीमा परेको छ≱ । विश्वेश्वरमन्दिरको प्रतिष्ठा-समारोहमा बाह्र जना राजाहरू उपस्थित भएका थिए, यिनीहरूलाई यही लामोपाटीका बाह्र कोठामा राखी सत्कार गरिएको थियो भन्ने कुरा पाटनका बूढापाकाहरू अहिलेसम्म भन्दैछन् । यस ताका नेपालमा खडा भई रहेका विभिन्न राज्यका राजाहरूलाई विशेष समारोहमा निम्ता बोलाउने चलन चलेको थियो । मेल भएका राजाहरू यस्ता समारोहमा उपस्थित पनि हुन्थे । यसको उल्लेख वंशावलीहरूमा ठाउँ-ठाउँमा आउँछ । यसै गरी भगीरथ भैयाले विश्वनाथको प्रतिष्ठा गर्दाखेरि पनि केही राजाहरू उपस्थित भएका होलान् × ।

---

≱ " ७९५ (वि. सं. १७३१) मार्गशिर शुक्ल एकादशीका दिन भाग नाम काजीले लामुसत्तल बनाई उमामहेश्वर स्थापना गरिदिया. फेरि शिवालय पनि स्थापना गरिदिया "

" हिज् मिनिस्टर् भगीरथ भैया यॉन्ड् हिज् ब्रदर भागी भारो बिल्ट द थीस्टोरीड् टेम्पल् अफ् महादेव इन् फ्रन्ट् अफ् द दरबार: यान्ड् आल्सो द लामुपाटी ( धर्मशाला ) काल्ड् इन् नेवारी तहाफले, एन. एस्. ७९८ (१६७८) "

( राइटको 'हिस्ट्रि अफ् नेपाल' को दोस्रो संस्करणको १४९ पृष्ठबाट )

[ उनका (श्रीनिवास मल्लका) मन्त्री भगीरथ भैया र उनका भाइ भागी भारोले ने. सं. ७९८, ई. स. १६७८ = वि. सं. १७३४ मा दरबारअगाडि महादेवको (विश्वेश्वरको) तीनतले मन्दिर बनाए । नेवारीमा 'तहाफले' भनिने 'लामुपाटी' (धर्मशाला) पनि बनाए । ]

यहाँ भाषावंशावलीमा लामोपाटी, महादेव-मन्दिर बनाउने मन्त्रीको नाम 'भाग नाम काजी' भनी दिइएको र राइटको वंशावलीमा चाहिं 'भगीरथ भैया' भनी दिइएको हुनाले 'भाग नाम काजी' र 'भगीरथ भैया' एकै व्यक्ति हुन् भन्ने थाहा पाइन्छ ।

× त्यस लामोपाटीमा पनि शिलालेख टाँसिराखिएको छ भन्ने सुनेकाले हामीहरूले त्यो पत्ता लाउन निकै कोशिश गर्‍यौं । परन्तु अहिले त्यहाँ टन्न कपडापसलहरू रहेका र त्यहाँका पसलेहरूले त्यतिको सहयोग नगरेका हुनाले सो अभिलेख छ वा छैन भन्ने टुङ्गो लाउन सकेनौं । यो पाटीको बीच भागमा उमामहेश्वरको मूर्तिचाहिं अहिले पनि छँदैछ ।

भगीरथ भैयाको फर्पिङको वि.सं.१७३८ को अभिलेखबाट फर्पिङ इलाकाको प्रभुत्व सोझै भगीरथ भैयाले नै पाएको देखिन्छ। यो यस प्रकारको छ—

"श्रीनिवासनृपतिर्विराजते, कान्तियुक्तललिताभिधे पुरे।..
मन्त्री महीभुजस्तस्य स्वामिभक्तो भगीरथः।
अभवत् शिखरापुर्य्यां आधिपत्यमवाप्तवान्"

(अभिलेख-संग्रह १० भागको १२-१३ पृष्ठमा यो अभिलेख छापिएको छ।)

[कान्तिले युक्त भएको+ ललितपुरमा राजा श्रीनिवास हुनुहुन्छ। उहाँ राजाका भक्त मन्त्री भगीरथ भैया छन्। उनले शिखरापुरी (फर्पिङ) को आधिपत्य पाएका छन्।]

अर्को एउटा शिलालेखबाट फर्पिङका ढोका सडक आदिको बन्दोवस्त पनि भगीरथ भैयाले मिलाएका थिए भन्ने बुझिन्छ ÷ ।

माथि उल्लिखित केही कुराहरूबाट चौतारा भगीरथ भैयाले वि. सं. १७२९ देखि वि. सं. १७४१ सम्म ललितपुरको इतिहासमा महत्त्वपूर्ण स्थान प्राप्त गरेका थिए भन्ने सिद्ध हुन्छ। लगभग यसै समयमा भक्तपुरमा भागिराम, कान्तिपुरमा चिक्कुटि.लक्ष्मीनारायण जोशी प्रभावशाली चौताराका रूपमा देखापर्छन्। परन्तु भागिराम चिक्कुटिहरू शक्तिशाली भई हर्ताकर्ता हुनामा र भगीरथ भैया शक्तिशाली हुनामा निकै भिन्नता थियो। भागिराम चिक्कुटिहरू गद्दीनशीन राजालाई कमजोर पाएर त्यस रूपमा शक्तिशाली भएका थिए ; परन्तु भगीरथ भैया चौतारा बन्दा श्रीनिवास मल्ल समर्थ र बुझ्क राजा थिए। श्रीनिवास मल्लको निश्चित जन्मसमय त थाहा पाइएको छैन। तैपनि उनको उमेर अनुमान गर्ने ठाउँ छ। उनकी रानी मृगावतीको मृत्यु वि.सं. १७३६ मा भएको थियो। त्यस वेला उनको उमेर

---

+ यहाँ दोहोरो अर्थ लाग्ने शब्द प्रयोग गरी 'यस वेला कान्तिपुरमा ललितपुरको प्रभाव जमेको थियो' भन्ने भाव झल्काइएको छ।

÷ सो अभिलेखको सारांश यस प्रकारको छ —

"सम्वत् ७९७ चैत्रमासे ॥ श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुरस मन्त्री भगीरथ भैयान थम चिता यास्यं फणपिंदेशया ध्वाका दक ल्होङ ..लस लोह्वन चिङा श्री ३ शिखरनारायणया लोह्व ध्वाका दयका .. हिति ल्होङ जुरो। .. धल छारवने मालकाले देशं समोहन वने मार जुरो। लस ध्वाकास दयदंस निदान याग्रमाल .. चोस्य तयाथ्यं मयातसा श्रीश्रीथाकुलस गुणाहागार लाक जुरो..."

[ने. सं. ७९७ (वि. सं. १७३४) चैत्रमा ॥ श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुरका मन्त्री भगीरथ भैयाले आफैंले हेरचाह गरिराखेको फर्पिङशहरका जम्मै ढोकाहरूको जीर्णोद्धार गरे। सडकमा ढुङ्गाले छापे। श्री ३ शिखरनारायणकहाँ ढुङ्गाको ढोका बनाए। .. धाराको जीर्णोद्धार गरे। कुलो सफा गर्न जानुपर्ने वेलामा देशका सबै मिली जानुपर्छ। प्रतिवर्ष सडक ढोकाहरूको मरम्मत गर्नुपर्छ। .. यसमा लेखेबमोजिम गरेनन् भने श्रीश्रीराजाको सामुन्ने अपराधी ठहरिनेछन्।]

३२ वर्षको थियो= । यताबाट श्रीनिवास मल्ल पनि कमसेकम मृगावती जन्मेकै सालमा जन्मेका भए पनि यस वेला श्रीनिवास मल्ल समर्थ भइसकेका थिए भन्ने स्पष्ट छ। यस कारण भगीरथ भैया यसरी शक्तिशाली हुनामा कुनै विशिष्ट कारण थियो भन्ने देखिन्छ ।

पछि चौतारा भगीरथ भैयाको कसरी अन्त भयो भन्ने कुरा जान्नु चाखलाग्दो छ। तात्कालिक थ्यासफु आदिमा कतै पनि यस कुराको उल्लेख पाइएको छैन तापनि भाषावंशावलीले भगीरथ भैयाको अवसानबारे हामीलाई केही बताउँछ । विचारार्थ भाषावंशावलीको सो वाक्य यहाँ उद्धृत गरिन्छ –

**" संवत् ८०५ वि. सं. १७४२) भाद्र ८ दिनमा भाग नाम काजी बाबाका (श्रीनिवासका) पालादेखिकाले सब काजीभन्दा मुख्य भई आफ्ना मनग्य गर्दा रानीकन बेमर्यादाक वचन गर्दा प्रजाहरू राजी नहुँदा राजाले (योगनरेन्द्रले) युक्तिसंग मान खोसी पछिबाट मारिदिया."**

यहाँ उल्लिखित श्रीनिवासका पालादेखिका शक्तिशाली 'भाग नाम' मुख्य काजी हाम्रा भगीरथ भैया नै हुन्। वंशावलीकारले भगीरथ भैयालाई अरू ठाउँमा पनि 'भाग नाम' काजी भनेर नै लेखेका छन् । यसको उल्लेख माथि परिसकेको छ।

यताबाट चौतारा भगीरथ भैयालाई हटाउन योगनरेन्द्र मल्ललाई निकै बुद्धि खर्च गर्नुपरेको थियो भन्ने देखिन्छ । समर्थ राजालाई पनि औंठ्याई शासनको बागडोर सधैं आफ्नो हातमा राख्छु भनी कोशिश गर्ने मन्त्री भारादारको प्रायः यस्तै अवसान भएका उदाहरण इतिहासमा धेरै पाइन्छन् । यस कारण 'राजा र ममा केही फरक छैन' भनी घोषणा गर्न लाउने भगीरथ भैयाको पनि यस्तो हालत भएकोमा केही आश्चर्य छैन ।

चौतारा भगीरथ भैया को हुन्, के जातका थिए आदि यिनका व्यक्तिगत परिचय ÷ केही थाहा

---

=सं "८०० पौष कृ तृतीया पर चतुर्थीस लाथकं मघानक्षत्र बृहस्पतिवार थ्व कुन्हु मृगावती रानीजु अभाग जुव जुरो ॥ यलया श्री २ निवास मल्ल जुजुया विवाहा स्त्री जुरो. दं ३२ शिवलीन जुव जुरो ॥"

( ऐतिहासिक घटनावलीको १५ पृष्ठबाट )

[ ने. सं. ८०० (वि. सं. १७३६) पौष कृष्ण तृतीया उप्रान्त चतुर्थी मघानक्षत्र बृहस्पतिवारका दिन ललितपुरका राजा श्रीश्रीनिवास मल्लकी विवाहिता रानी मृगावतीको मृत्यु भयो। त्यस वेला उहाँ ३२ वर्षकी हुनुहुन्थ्यो ।

÷ भगीरथ भैयाले बनाएको विश्वेश्वरमन्दिरलाई अहिले 'भाइदेवल' भनी भनिन्छ। यो भाइचा ज्यापुले बनाएको देवल हो भन्ने पनि त्यहाँका मानिसको भनाइ छ। ज्यापु (महर्जन) हरूमा प्रायः यस्तो नाम प्रचलित भएको पाइने हुनाले उक्त भैयादेवल = भाइदेवल भाइचा ज्यापुले बनाएको हो भन्ने किंवदन्ती चलेको होला। यो कुरा अहिले यसै भन्न सकिंदैन । भगीरथ भैया राजकाजमा मात्र श्रीनिवासका सल्लाहकार थिएनन्। धार्मिक काम कुरा पनि श्रीनिवास मल्लले उनीसंग सल्लाह

पाउन सकिएको छैन । यिनी युद्धको मैदानमा उत्रेको उल्लेख × पाइने हुनाले राजकाजको दाउपेचमा सिपालु हुनाको साथ साथै योद्धा पनि थिए भन्ने थाहा पाइन्छ । देवता स्थापना गरेको, गूठी राखेको आदि देखिनाले धर्मतिर पनि यिनको श्रद्धा भएको बुझिन्छ । यस्तै बाहिरी केही कुरासिबाय यिनका अरू कुरा अज्ञात छन् । यस विषयमा बढ्ता कुरा बुझ्न खोजी गर्दै जानुपरेको छ ।

—०—

---

लिई गरेको देखिन्छ । जस्तै—

"सं. ७९९ पुतिछाचतुर्दशी गुह्न ह्लव यंया प्रताप मल्ल जुजुया ह्मचान्त ध्वक्ह्म थकुनी मोक । गुह्न कुह्न श्रीनिवास मल्ल जुजु भगीरथ भैयायाके ङेङाव गंथस कापल मेखल हिङाव थाङा. जीह्न कुन्ह हतछोल याक. घंटं थाङा विसर्जनपूजा समस्तं मर्ज्जाताथं याङा"

(ऐतिहासिक घटनावलीको १० पृष्ठबाट)

[नै. सं. ७९९ (वि. सं. १७३६) पुतिछा चतुर्दशी (?) भन्दा नौ दिनअगाडि कान्तिपुरका राजा प्रताप मल्लकी छोरी जेठी ठकुरिनीको मृत्यु भयो । नवौं दिनमा राजा श्रीनिवास मल्लले भगीरथ भैयासंग सोधी देवलमा कपडा मेखला फेरी दशौं दिनमा हतछोल (?) गरियो, घण्टा बजाई विसर्जनपूजा सबै चलनअनुसार गरियो ।]

यसरी भगीरथ भैया धार्मिक कृत्यमासमेत राय दिन सक्ने देखिएका छन् । जति शक्तिशाली भए पनि यिनको नामको अगाडि 'श्री' शब्द जोडिएको कतै नपाइएकोले यिनी ब्राह्मण वा राजकुलसंग सम्बन्ध राख्ने व्यक्तिचाहिं थिएनन् भन्ने निश्चित छ ।

× वि. सं. १७३० मा भगीरथ भैयाको मातहतको ललितपुरको सैन्यले शत्रुको किल्ला कब्जा गरेको उल्लेख पाइन्छ—

"सं. ७९३ आषाढ शुक्ल सप्तमी, नक्षत्र उत्र फाल्गुण बुधवार भिरुदो तेग दिन स्वगोलं छसुनं दलक वङाव कुरुत्वाक धङाव मे तयाव तेला ॥ प्रमाण भगीरथ भयिया जुरो ।"

(ऐतिहासिक घटनावलीको ६ पृष्ठबाट)

[ने. सं. ७९३ (वि. सं. १७३०) आषाढ शुक्ल सप्तमी उत्तरफाल्गुनी नक्षत्र बुधवारका दिन 'भिरुदो' कब्जा गरियो । तीनतिरबाट एकै चोटि गई, कुरुत्वाक (नरेङविशेष) हाली आगो लाई कब्जा गरिएको थियो । प्रमाण (भारादार = सेनापति) भगीरथ भैया थिए ।]

# 'रपा' प्रत्यय– नेवारी भाषामा एउटा नयाँ खोज

—गौतमवज्र वज्राचार्य

भाषाले बोलचालीको अवस्थाबाट उठी लेखपढको भाषाको रूपसमेत लिएपछि त्यस भाषाको नयाँ अध्यायको प्रारम्भ हुन्छ। भाषाको विकासक्रममा भाषाले यस ताका लिएको गतिविधिको निकै महत्त्व हुन्छ । अतः भाषाविकासको इतिहास बुझ्न यतातिर विशेष ध्यान दिनु आवश्यक छ।

नेवारी भाषाले बोलचालीको भाषाको अवस्थाबाट लेखपढको भाषाको रूप लिएको अलि लामै इतिहास पत्ता लाउने सामग्री पाइन्छन् तापनि स्थिति मल्लको ताकासम्ममा आएर नेवारी भाषाको निकै विकास भएको स्पष्ट बुझ्न सकिन्छ। त्यस ताका र त्यसपछि धर्मशास्त्र, ज्यौतिषशास्त्र, आयुर्वेदशास्त्र, कोश, पुराण आदि जनजीवनसँग सम्बन्ध राख्ने विभिन्न विषयका ग्रन्थको अनुवाद नेवारी भाषामा निकै भए। अलिकता नयाँ ग्रन्थको निर्माण पनि भए।

विक्रमको चौधौं शताब्दीतिरदेखि राजकाजसम्बन्धी सनदपत्र, दानपत्र, आदि जनभाषामै लेख्ने चलन चलेको देखिन्छ । नेपालउपत्यकाका शासकहरूले पनि शासनव्यवस्था, कानून, गूठीसम्बन्धी विभिन्न कुरा नेवारी भाषामा लेख्ने गर्न लागे ।

यसरी नेवारी भाषाको वाङ्‌मय भरिँदै गयो । वीरपुस्तकालय, राष्ट्रियपुस्तकालय, केसर–पुस्तकालयमा पाँच छ शय वर्षभित्र लेखिएका यस विषयका निकै पुस्तक भेटिन्छन्। यीबाहेक ताम्रपत्र, शिलापत्र आदि यताउता छरिएर रहेका छन् । नेवारी भाषाको विकासको इतिहास अध्ययन गर्न चाहनेहरूका लागि यी प्रशस्त सामान मौजूद छन् ।

यस निबन्धमा नेवारी भाषाको विकासक्रममा भएको महत्त्वपूर्ण प्रारम्भको विषयमा औंल्याउने प्रयास गर्दछु ।

भने जस्ता शब्द नपाइने हुनाले कुनै विषय लिएर ग्रन्थ लेख्दा अथवा कुनै ग्रन्थको आफ्नो भाषामा अनुवाद गर्दा केही गाह्रो पर्न जानु स्वाभाविक छ । यस कारण केवल बोलचालीको भाषालाई भन्दा ग्रन्थसमेत तयार पार्ने भाषालाई अरू भाषाका शब्द लिन बढ्ता आवश्यक पर्न जान्छ । नेवारी भाषालाई पनि ग्रन्थ तयार पार्न थाल्दा यही अवस्था आइपरेको देखिन्छ।

प्रत्येक भाषाको अरू भाषाबाट कुनै शब्द सापटी लिने आफआफ्नो तरीका हुन्छ अर्थात् अन्तबाट आएको शब्दलाई आफू सुहाउँदो बनाउने भाषाको स्वभाव हुन्छ। नेवारी भाषाको यो 'रपा' प्रत्यय त्यसैको एउटा उदाहरण हो ।

एउटा भाषाको शब्द अर्को भाषामा आउँछन्, जान्छन् । यो कुनै आश्चर्यको कुरा होइन । परन्तु नेवारी भाषाले 'रपा' प्रत्ययको सहायताले संस्कृत तथा तात्कालिक अरू जनभाषाका शब्दहरू जुन किसिमसँग लिन थाल्यो, त्यो अनौठो छाँटको छ।

भाषाविद्हरू भाषाको वर्गीकरण गर्नुपर्दा विशेषतः क्रियापदको विचार गर्दछन् । किनभने भाषाले अरू भाषाका प्रभावमा परेर त्यस भाषाबाट केही शब्द लिन सक्तछ, परन्तु आफ्नो क्रियापदै छोडेर अरू भाषाको क्रियापद लिएको उदाहरण दुर्लभ हुन्छ । जस्तै कि हाम्रो यतातिरका भाषामा अंग्रेजीका कोट, मोटर, साइकल. आदि कति शब्दहरू प्रतिदिन चलन–चळतीमा आइरहन्छन् तापनि अंग्रेजी भाषाको 'इट्' ( = खानु ) जस्ता क्रियापद हाम्रो यहाँका भाषामा आएको छैन । परन्तु नेवारी भाषाले 'रपा' प्रत्ययको सहायताले अरू भाषाका प्रशस्त क्रियापद प्रयोगमा ल्याएका उदाहरण पाइन्छन् । यस कारण अब यहाँ 'रपा' प्रत्ययको विषयमा विचार गर्न समय समयमा लेखिएका नेवारी भाषाका विभिन्न ग्रन्थ र अभिलेखहरूको आधारमा उदाहरणसहित केही कुरा प्रस्तुत गर्नु उचित होला ।

'श्रीविष्णुगुप्त राजासन प्रथमस प्रचक्र जयरपेस थाप्रपा श्रीविष्णुतीर्थनारायन…'

(गोपालराजवंशावलीको ३० पत्रबाट)

[ श्रीविष्णुगुप्त राजाले पहिलो पल्ट परचक्र (शत्रुहरूको राज्य) जितेको (बेला)–मा स्थापना गरिएका श्रीविष्णुतीर्थ नारायण]

यहाँ प्रयोग भएका 'जयरपेस' तथा 'थाप्रपा' यी दुइ शब्द 'रपा' प्रत्ययका उदाहरण हुन्। 'जयरपा' को सप्तमी विभक्तिमा जयरपेस रूप बनेको छ । जित्नु भन्ने अर्थ भएको संस्कृत 'जय' शब्दबाट 'रपा' प्रत्यय जोडेर 'जयरपा' शब्दको निर्माण गरिएको छ। यसै गरी संस्कृत 'स्था' धातुको विकृत रूपमा 'रपा' प्रत्यय जोड्नाले 'थाप्रपा'को उत्पत्ति भएको छ।

'समस्त देवालय आदिन अग्निदाह याङ धोश्रपा।'

(गोपालराजवंशावलीको ४२ पत्रबाट)

[समस्त देवालय आदि अग्निदाह गरेर ध्वस्त पारियो]

यहाँ संस्कृत ध्वंस धातुको विकृत रूपमा 'रपा' प्रत्यय जोडेर धोश्रपा शब्दको प्रयोग भएको छ।

'बबु सिकाले…कायपनिस्यं…बबुया कुलधर्म्म धररपे माल…पुरुष दल्यं स्त्रीण अंगीरप याङा कार्य अप्रमाण जुरों'

[वीरपुस्तकालयमा रहेको मानवधर्मशास्त्रको नेवारी अनुवादबाट]

[बाबु मरेपछि छोराहरूले बाबुको कुलधर्म थाम्नुपर्‍यो । लोग्ने छँदाछँदै स्वास्नीले जिम्मा लिएको काम अप्रामाणिक हुन्छ।]

धारणा गर्नु, अड्याउनु भन्ने अर्थ भएको धरति रूप बन्ने 'धृ' धातुबाट 'धररपा' शब्द बनेको छ। त्यसै गरी जिम्मा लिनु भन्ने अर्थ भएको 'अंगीकार' शब्दको 'अंगी' मा 'रपा' जोडेर 'अंगीरपा' शब्द बनाइएको छ।

माथि गएका यी उदाहरणबाट 'रपा' प्रत्यय जोड्ने कुनै खास नियम रहेनछ, जहाँ जसरी सजिलो हुन्छ, उसै गरी 'रपा' प्रत्यय जोडिंदो रहेछ भन्ने कुरा देखिन आउँछ ।

गोपालराजवंशावलीमा उल्लिखित 'धोश्रपा' शब्द र मानवधर्मशास्त्रमा उल्लिखित 'अंगीरपा' शब्द यसका राम्रा उदाहरण हुन्।

मल्लकालमा संस्कृत भाषाका व्याकरण कोश आदि पढिन्थे। परन्तु त्यस बेला लेखिएका संस्कृतका विभिन्न ग्रन्थ तथा अभिलेखहरूमा अशुद्धि धेरै पाइन्छन्। यसै गरी यहां पनि शुद्ध मूल धातुबाट 'रपा' प्रत्यय जोड्ने कोशिश नगरी अशुद्ध रूपमा चलिसकेका धातुबाट 'रपा' प्रत्यय जोडी काम लिइएका देखिन्छन्। अन्यथा 'ध्वंसरपा' नलेखेर 'धोश्रपा' लेखिँदैनथ्यो। कसै कसैले त शुद्ध रूप 'ध्वंसरपा' नै प्रयोग गरेको पनि पाइन्छ। जस्तै–

'स्वदेशी परदेशीन···ध्वंसरपं···गोहत्या ब्रह्महत्या स्त्रीहत्या थ्वतेया महापातक लाक्व थुरम्.'

(संस्कृत–सन्देश १।६ मा योगी नरहरिनाथद्वारा प्रकाशित मरुसत्तलको ताम्रपत्राभिलेखबाट)

[स्वदेशी वा परदेशीले बिगारे भने गोहत्या ब्रह्महत्या स्त्रीहत्या यी महापातक लाग्छन्।]

यहाँ 'ध्वंस' धातुमा 'रपा' प्रत्यय जोडेर 'ध्वंसरपा' लेखिएको छ। यस कारण संस्कृत 'ध्वंस' धातुको राम्रो ज्ञान नभएरै 'धोश्रपा' लेखिएको हो भन्ने कुरा स्पष्ट हुन्छ।

नेवारी भाषाका अरू पनि विभिन्न ग्रन्थ तथा अभिलेखहरूमा 'रपा' प्रत्ययको ठाउँ ठाउंमा प्रयोग भएको देखिन्छ। उदाहरणको लागि यहाँ केही उद्धृत गर्नु आवश्यक छ।

'पूजा याये उद्देश्यन, थसिं थलि : लिबुक्षेत्र रोव स्वँत्या···श्रीश्रीसदाशिवस डोहरपा जुरो'

(अभिलेख–संग्रह दशौं भागमा प्रकाशित वि. सं. १४७१ को यंकलित्वर्माको अभिलेखबाट)

[पूजा गर्ने उद्देश्यले थसिथलि लिबुको साढे तीन रोपनी खेत श्रीश्रीसदाशिवमा समर्पित गरियो।]

यहाँ 'डोह' शब्दमा 'रपा' प्रत्यय जोडेर 'डोहरपा' शब्द बनाइएको छ। यो शब्द नेवारी भाषामा अन्त पनि ठाउँ ठाउँमा प्रयोग भएको पाइन्छ। किन्तु यो 'डोह' शब्द संस्कृतभाषाको शब्द होइन। यस कारण यो शब्द तात्कालिक जनभाषाको शब्द हो कि भन्ने अनुमान हुन्छ।

'श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुरस···विजयराजस···ख्वप्वंस बसरपो लोकस्यं अनेक कष्ट नस्यं बितनवुं उपेखरपं···शरीर कष्टरपं दयकं तया थ्व गड जुरोस्'

(इतिहास–प्रकाश १।अङ्क तथा 'पूर्णिमा' १।२ मा प्रकाशित भक्तपुर–दरबारको बाहिर भित्तामा रहेको वि. सं. १५१० को यक्ष मल्लको शिलालेखबाट)

[श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा भक्तपुरमा बसेका दुनियाँहरूले धेरै दुख सहेर, पैसा खर्च गरेर, धेरै समय लाएर शरीरलाई कष्ट दिएर बनाएको यो गढ हो।]

यहाँ 'रपा' प्रत्ययको प्रयोग भएका तीन शब्द छन्–वसरपा, उपेखरपा तथा कष्टरपा। वस् धातुमा 'रपा' प्रत्यय जोडेर 'वसरपा उप उपसर्ग लाएको ईक्ष् धातुको विकृत रूपमा 'रपा' प्रत्यय जोडेर 'उपेखरपा' अनि सोझै कष्ट शब्दमा 'रपा' प्रत्यय जोडेर 'कष्टरपा' बनाइएको छ।

सबै शब्द संस्कृतबाट आएका हुन् । तर संस्कृतमा उप उपसर्ग लाएको 'ईक्ष्' धातुको अर्थ बेवास्ता गर्नु भन्ने हुन्छ, यहाँचाहिँ धेरै समय लाउनु, पर्खनु भन्ने अर्थमा प्रयोग भएको छ ।

' तिरहुतिस काशिस दाम बिस्य जन छोस्य अनेग प्रकारण खोजरपा··· थ्व स्वरोदय संपूर्णन चोया '
[ तिरहुतमा,काशीमा खर्चसाथ मानिस पठाई अनेक उपायले खोजी गरियो ।···यो स्वरोदय सम्पूर्ण लेखियो। ]

( राष्ट्रिय पुस्तकालयमा रहेको वि. सं. १६७४ मा लेखिएको नरपतिजयचर्याको टीका स्वरोदयको समाप्तिपछि लेखिएको पूर्णिमा ११ मा प्रकाशित अंशबाट )

यहाँ 'खोज्' धातुमा 'रपा' प्रत्यय जोडेर 'खोजरपा' शब्द बनाइएको छ । यो क्रियापद नेपालीमा अहिले पनि चलेको छ । यताबाट केवल संस्कृत शब्दबाट मात्र होइन कि अरू तात्कालिक जनभाषाबाट पनि 'रपा' प्रत्यय जोड्ने चलन चलेको देखिन्छ ।

अमरकोशको नेवारी भाषाको टीकामा विशेष गरेर विशेष्यनिघ्नवर्गमा पनि यसका उदाहरण पाइन्छन् । तिनमा केही यहाँ उद्धृत गरिन्छन्–

'चञ्चल' शब्दको अर्थमा ' चलरपधु '
' प्रवृद्ध' (=बढेको) „ „ ' बढरपवु '
'अरुन्तुद' ( = घाउघोचा)„ „ 'मर्मभेदरपवु '
'ग्रन्थित' (=जोडेको) „ „ 'जोहर्पया '
'दग्ध' (=डढेको) „ „ 'डहंरपा'
'त्यक्त' (=छोडेको) „ „ ' छुडरपा'

( वीरपुस्तकालयमा रहेको नेवारी भाषाको टीका भएको अमरकोशबाट )

' चलरपवु ' र 'मर्मभेदरपवु' यी दुइ शब्दलाई छोडेर माथि उद्धृत 'रपा' प्रत्ययको प्रयोग भएका अरू सबै शब्द संस्कृतभाषाका होइनन् । ती शब्द उस बेला नेवारी भाषाको संपर्कमा आएका अरू कुनै भाषाबाट लिइएका हुन् । यस कारण तात्कालिक जनभाषाका शब्दमा पनि 'रपा' प्रत्यय जोड्ने चलन थियो भन्ने कुरा स्पष्ट देखिन आउँछ ।

पछि पछि नेवारी भाषामा 'रपा' प्रत्ययको प्रयोग क्रमशः घट्दै गएको देखिन्छ । कान्तिपुरका प्रसिद्ध राजा प्रताप मल्लका अभिलेखमै पनि 'रपा' प्रत्ययका प्रयोग दुर्लभ भइसकेका छन् । तथापि शाहकालमा लेखिएका नेवारी भाषामा पनि रपा प्रत्ययको फाट्टफुट्ट प्रयोग भेट्टाइन्छ । यो कुरा तलको उद्धरणले देखाउँछ–

' धनुष, गदा, वराति, पाश, टंक, त्रिशूल, येते, कपाल, खड्ग, अभय धररपाओ जिका लाहात दयकाओ '

( सुन्दरानन्दको व्याघ्रभैरव–सुन्दराष्टकबाट । यज्ञानन्द वज्राचार्यबाट हामीले यो ग्रन्थ हेर्न पाएका हौं )

[ धनु, गदा, वाण, पासो, छिनो, त्रिशूल, येते (?), खप्पर, खड्ग , अभय, धारणा गरेका दश हात भएका ]

माथि दिइएका उदाहरणबाट 'रपा' प्रत्ययको सहायताले गर्दा नेवारी भाषालाई संस्कृत तथा तात्कालिक जनभाषाका शब्द ग्रहण गर्न सुबिधा भएको कुरा बुझ्न सक्छौं । यसरी केही शताब्दीसम्म व्यापक रूपले नेवारी भाषाको वाङ्मयमा 'रपा' प्रत्ययको प्रयोग चलिरहेको हुनाले बोलचालीको नेवारी भाषामा पनि यसको केही प्रभाव पर्नु स्वाभाविक थियो । यस कारण 'रपा' प्रत्ययको प्रयोग भएका शब्दहरूको उदाहरण वर्तमान नेवारी भाषामा पनि केही पाइन्छन्। चढाउनु भन्ने अर्थमा 'डोहरपा' भन्ने चलन अझ छँदैछ । आजभोलि मान गरेर 'खानुहोस्' भन्दा 'भपि' भन्दछन् । यो 'भपि' शब्द पनि 'भजरपा' को अपभ्रंश हो भन्ने देखिन्छ।

बोलचालीमा आएका यिनै एक दुइ शब्दलाई छोडेर वर्तमान नेवारी भाषामा 'रपा' प्रत्ययको सोझै प्रयोग गरेर अरू भाषाका शब्दहरू लिइँदैनन् । यसरी वर्तमान नेवारी भाषामा 'रपा' प्रत्ययको प्रयोग गर्ने चलन पूर्णतया बन्द भएको हुनाले हामी 'रपा' प्रत्ययदेखि अपरिचित छौं ।

परन्तु प्राचीन नेवारी भाषाको अध्ययन गर्न 'रपा' प्रत्ययको ज्ञान अत्यावश्यक छ । 'रपा' प्रत्ययको प्रयोग कसरी हुन्थ्यो भन्ने कुरा राम्रो नबुझीकन प्राचीन नेवारी भाषाको अर्थ गर्नु संभव छैन । यस कारण प्राचीन नेवारी भाषा बुझ्ने यो एउटा खुड्किलो हो भन्दा अत्युक्ति हुनेछैन । आशा छ, प्राचीन नेवारी भाषाको अध्ययन गर्न चाहने जिज्ञासुहरूलाई नेवारीभाषाको 'रपा' प्रत्ययविषयको यो निबन्ध उपादेय हुनेछ ।

—०—

# नरभूपाल शाहका र पृथ्वीनारायण शाहका समयका निश्चित संवत् र तिथिमितिहरू

—देवीप्रसाद भण्डारी

वि. सं. १७८३ श्रावण ४ गते सोमवारका दिन नरभूपाल शाहको राज्यकालमा गोरखामा बसी ज्योतिषी लक्ष्मीनारायणले सारेको 'गीतगोविन्द' नामको पुस्तक सम्पूर्ण भयो ।

" इति श्रीगीतगोविन्दे चतुर्विशतिव(त)मप्रबन्धे स्वाधि(धी)नभर्तृकावर्णने द्वादशः श(स)र्गः ।। ।। स्वस्ति श्रीशाके १६४८ ।। मा. श्रावण दिन ४ सोमवासरे तिथौ १ गोर्षास्थले श्रीनरभूपालसाहराजसमये श्रीलक्ष्मीनारायणयो(ज्यो)तिर्विदा लिखितमिदं पुस्तकं स्वार्थपाठार्थ समाप्तं शुभ ।। "

( वीरपुस्तकालयको तेश्रो ८४ संख्याको गीतगोविन्दबाट । यो पुस्तकको सूचना नयनाथ पौडेलबाट पाएको हुँ)

[ गीतगोविन्दको चौबीसौं प्रबन्धमा स्वाधीनभर्तृकावर्णननामक बाह्रौं सर्ग सम्पूर्ण भयो ।। स्वस्ति श्रीशाके १६४८ (वि. सं. १७८३) श्रावणकृष्ण प्रतिपदा श्रावण ४ गते सोमवारका दिन

गोरखामा[1] श्रीनरभूपाल शाहले राज्य गरिरहनुभएको वेलामा ज्योतिषी श्रीलक्ष्मीनारायणले आफ्ळाई पाठ गर्नाका निमित्त सारिएको यो पुस्तक सम्पूर्ण भयो । कल्याण होस् ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १७८३ शक सं. १६४८ श्रावणकृष्ण (पूर्णान्तमानले )

| | गते | बार | तिथि | घडी पला |
|---|---|---|---|---|
| श्रावण | ४ | सोम | प्रतिपदा | २२ । ४५ |

**वि. सं. १८०१ आश्विन १५ गते शनैश्चरवारका दिन पृथ्वीनारायण शाहले कान्तिपुरको राज्यक्षेत्रमा पर्ने नुवाकोट विजय गरे ।**

"येक दिन कचहरिमा बस्याको थिञाँ. तान्रा लागेछ र तान्रैमा ता ईन्द्रायनिका थानमा बस्याको रहेछु . आजका साता दिनमा ठुलो सायेत छ. तेसै दिनको सायतले नुहाकोट साध्ये हुन्याछ भन्याको सुन्या र पात्र हेरन जैसि भन्या र पात्रो हेऱ्या र आजका साता दिन बिहाउडो सनिश्चरवार ठुलो सायेत रहेछ भनि बिन्ति गऱ्या र उहि साहेतमा महामण्डलमा उक्लेउ र तरवार पऱ्यो र हाम्रा नुन्का सेषले झुकाईदिने पंथ बाहु वर्षमा मेरा भाई दलमर्दन् साहले जेठि तरवार रानाको थापलामा हाल्यो र नुहाकोट साधे गरि बढाई गरेउ."

( पृथ्वीनारायण शाहको उपदेशबाट )

[ कचहरिमा = सभामा (काठमाडौंबाट ९ कोश जति पश्चिम उत्तार त्रिशूली पारिपट्टि पर्ने खिञ्चेत भन्ने ठाउँको सभामा)। तान्रा=तन्द्रा (उङ)। ईन्द्रायनिका थानमा=काठमाडौंबाट ९ कोश जति पश्चिम उत्तारतिर पर्ने वेत्रावती र त्रिशूलीको दोभानमा रहेकी इन्द्राणीको मन्दिरमा। बस्याको=बसेको । सायेत=साइत । नुहाकोट=नुवाकोट (काठमाडौंबाट ७½ कोश जति पश्चिम उत्तारतिर पर्ने ठाउँ) । साध्ये = साध्य(सिद्ध, जित) । पात्र = पात्रो(पञ्चाङ्ग) । जैसि = जैसी (ज्योतिषी) । बिहाउडो = बिहाउँदो (लाग्दो) महामण्डल = नुवाकोटदेखि उत्तारतिर रहेको अग्लो डाँडो। तरवार पऱ्यो = लडाइँ भयो। नुन्का = नूनका (मालिकबाट पाइने खानादानाका)। सेषले = शेषले [भाराले (पहिले आफूलाई गरिदिएको उपकारसम्बन्धी ऋणले) झुकाइ-दिने = नुहाइ दिने । पंथ = बली पन्थ । जेठि तरवार = जेठी तरवार (सेनापतिले लिने तरबार)। रानाको = जयन्त रानाका छोरा शङ्खमणि रानाको । थापलामा = थाप्लामा ( टाउकामा ) हाल्यो = हान्यो । साधे = साध्य (सिद्ध) । गरेउ = गऱ्यौं ]

"सं. १८०१ शाके १६६६ असौजमा नवाकोट अंवल भयो"

(मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहको संपुटबाट)

[नवाकोट = नुवाकोट । अंबल भयो = जित भयो ।]

"साके १६६६ (वि. सं. १८०१) मा नुवाकोट सर भयो । पृथ्वीनारायण साहको तीन्धारेको बाटो गरी प्रवेश भयो ।"

(गोरखालीहरूको सैनिक इतिहासको २ पृष्ठबाट)

---

१ गोरखा काठमाडौंबाट २१ कोश जति पश्चिमतिर पर्छ ।

[नर भयो = जित भयो । तीनधारे = काठमाडौंबाट ७½ कोश जति पश्चिम उत्तरतिर पर्ने नुवाकोटसंगै रहेको ठाउँ ।]

"तहाँउप्रान्त कुलानन्द जैसीलाई डाकी नुवाकोट हान्नाको साईत हेराउनुभयो। ...शाके १६६६ (वि. सं. १८०१, असोज महीनाका दिन १५ जाँदा शनैश्चरवारका रात्रिमा साइत हेऱ्या। यस साइतका खूबीले हजुरका लश्कर तर्दा डुंगामा माछा पर्ला भनी बिन्ति गऱ्या। बहुत खुश भई लश्कर तार्नु भयो। डुंगामा माछा पनि पऱ्यो। कुलानन्द जैसीदेखि बहुतै खुशी हुनुभयो।

लश्कर तऱ्यापछि केही भारादार केही लश्कर आफूसित राखी अरू भारादार लश्कर दुइ मुहुडा गरी हान्या। मुहुडा मुहुडामा हान्न जान्या मानिसको तपसील---चौतरिया दलमर्दन शाह, काजी कालु पाँडे, सर्दार लक्ष्मीनारायण पाँडे, सर्दार विष्णु पन्थ, जेठाबूढा, नजिकी, द्वाऱ्या, थरघर, उमराउसमेत लिई गेर्खुबाट चढ्या। चौतरिया कीर्तिमहोद्दाम शाह, चौतरिया विष्णु शाह काजी शूरप्रताप शाह, काजी तुलाराम पाँडे, सर्दार चन्द्रप्रकाश शाह, जेठाबूढा, नजिकी, द्वाऱ्या, थरघर, उमराउसमेत लश्कर लिई धर्मपानीको बाटो चढ्या। महामण्डलमा ठूलो लडाइँ भयो। चौतरिया दलमर्दन शाहले १२ वर्षका उमेरमा जेठी तरवार हान्या। महामण्डल फत्ते भयो, जयन्त राना भाग्यो।

तीनधाराको मूल बाटो गरी अरू आफ्ना साथमा रह्याका चौतरिया, काजी, सर्दार, कुलानन्द जैसी, जेठाबूढा, नजिकी, द्वाऱ्या, थरघर, उमराउ गैह्र बाँकी रह्याका लश्कर लिई महाराजको नुवाकोट प्रवेश भयो। भैरवीस्थानमा बढाइँ भयो। जैसीलाई खिल्लत भयो, खिल्लत शिर चढाया। बोर्लाङको मेरो इरादा छँदैछ भनी जैसीले बिन्ति गऱ्या। तीन तखतमा बस्यापछि क्या होला भनी हुकूम भयो। लश्कर तार्न्या जलुवा माझीलाई पनि खिच्यातटारमा गण्डकीको नगीचमा तावापत्र गरी बिर्ता बक्सनुभयो।

(भाषावंशावलीबाट)

[कुलानन्द जैसी = ज्योतिषी कुलानन्द ढकाल। गेर्खु = काठमाडौंबाट ८ कोश जति पश्चिम-उत्तरतिर तथा नुवाकोटबाट २ कोश जति पूर्वउत्तरतिर पर्ने ठाउँ। धर्मपानी = काठमाडौंबाट ७½ कोश जति पश्चिमउत्तरतिर नुवाकोटसंगै रहको ठाउं। भैरवीस्थानमा = नुवाकोटकी देवीको मन्दिरमा। खिल्लत = इनाम,बकस बोर्लाङको = काठमाडौंबाट १७½ कोश जति पश्चिमतिर पर्ने ठाउँको। इरादा = पाउने इच्छा। तीन तखतमा = कान्तिपुर, ललितपुर, भक्तपुर यी तीन राज्यमा। क्या होला = के होला। ]

नुवाकोट विजय भएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ*।

वि. सं. १८०१ (शक सं. १६६६) आश्विनकृष्ण (पूर्णान्तिमानले )

---

* यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ७२०–७२३ पृष्ठमा गरिएको छ। सो ग्रन्थ प्रकाशित हुँदैछ।

गते वार तिथि घडी पला
आश्विन १५ शनैश्चर पञ्चमी ५२ । ४७

वि. सं १८०२ माघ ६ गते शनैश्चरबारका दिन पृथ्वीनारायण शाहले नुवाकोट-बाट कास्कीका राजपण्डित राजीवलोचनलाई "म अहिले साँखु चाँगु लिने उद्योगमा छु, कास्कीलाई सहायता गर्न असमर्थ छु, केहीपछि कास्कीलाई सहायता गर्नेछु" भन्ने भावको पत्र लेखे।

"स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम् लि. स्वस्ति श्रीसर्वोपमायोग्य निखिलगुणगरिष्ठराजभारासामर्थ्य श्रीराजीवलोचन पण्डितके प्रणामपूर्वक-पत्रमिदं ञाहां कुशल ताहां कुशल क्षेम चाहिय येहिते चित्त सानन्द होइ. पत्र आयो. पत्रार्थ विदित भयो. अगे ञाहाको समाचार भलो छ.

उप्रान्त आउंदा जीवपक्षमा काज हवस् भनि आग्या गरि पठाउनुभएछ, भलो आज्ञा गरि पठाउनुभएछ. परन्तु हामा ञाहा चांगु साँखुको काज लाग्दा तहाका काज बलियो गरि हुन्याछैन. तहाबाट काज गर्‍या एताबाट हामिले हेरिरहोइनो. जो होइ आउला काज गरौंला. दोहोरो काज गर्दा एताबाट बलियो काज हवोइन.

उप्रान्त गोर्खा चिह्नि कास्किले अर्को ठाउँ कहाँ जानु छ भनि ञाहा हामा धर्निछेउ बिन्ति गर्‍यां भनि लेखनुभएछ. तहाँ भाइका पाउमा भलो बिन्ति गर्नुभएछ· योग्य हो. कास्किलाई छोडि गोर्खालि काहा जानु छ. गोर्खालाई छोडि कास्किले पनि कहा जानु छ. आज कास्किबाट काज भएन तापनि काह्ल कास्किबाट काज भै गोर्खाको बनला, आज गोर्खाबाट काज भएन तापनि काह्ल गोर्खाबाट काज भइ कास्किको बनला. परन्तु गोर्खाको र कास्किको रेषजोष गर्नु ढुंगो हो. आज काज भएन तपनि काह्ल होला. कामले लामु छोटो पर्‍या पनि लंजुँ घटाइ भाइको काज बनाउन्यै आकांछा छ।

उप्रान्त काजिका कबिला थाभन्या भनि आग्या गरि पठाउनुभएछ. हामोले काजिका कबिला थाम्दा त काजिका कबिला काजिदेखि अप्सरिया हुन लाग्यो र काजिका कबिला थाम्न सकेनौ. एकत काजि हामिसित अनुचित गर्‍या र जानामहा पस्या. दोस्रो काजिको र काजिका कबिलाको फाटो पर्‍या क्यन गरौं भनेर काजिका कबिला जान दिञ्यौं, तहाँ भाइको पाउमा हुनुहुन्छ. तपाइं पनि हुनुहुन्छ. ञाहाबाट भला मानिस पठाउँछौं. तहाँ काजि-कन बुझाइ संम्झाइ ञाहा पठाइदिनुहवस्. किमधिकं विज्ञेषु. माघवदि ९ रोज ७ मुकाम नुवाकोट माडी शुभम् ∸

---

∸पृथ्वीनारायण शाहको यस पत्रमा संवत् छैन । उनका र उनका सामानकालिक धेरैजसो पत्रहरूमा महीना, तिथि, वार मात्र दिइएका हुन्छन्, संवत् दिइएका हुँदैनन् । त्यस कारण पत्रमा उल्लेख गरिएका घटनाबाट र पञ्चाङ्गगणनाबाट संवत्‌का निश्चय गर्नुपर्छ । यहाँ पनि त्यसै गरिएको छ।

(ऐ. शि. बाबुराम आचार्यबाट प्राप्त भएको यो पत्र व्याख्यासहित ऐतिहासिक पत्र-संग्रह पहिलो भागको १९–२३ पृष्ठमा छापिएको छ।)

[लि. = लिखित = लेखेको। येहिते चित्त सानन्द होइ = यसो भयो भने चितमा आनन्द होला । जीवपक्ष –

"तमोभुक्तताराः स्मृता विश्वसंख्याःशुभो जीवपक्षो मृतश्चापि भोग्याः।

तदाक्रान्तभं कर्त्तरीसंज्ञमुक्तं ततोऽक्षेन्दुसंख्यं भवेद् ग्रस्तनाम॥

मार्त्तण्डे मृतपक्षगे हिमकरश्चेज्जीवपक्षे शुभा, यात्रा स्याद्विपरीतगे क्षयकरी द्वौ जीवपक्षे शुभा।
ग्रस्तर्क्षं मृतपक्षतः शुभकरं ग्रस्तात्तथा कर्त्तरी, यायीन्दुः स्थितिमान् रविर्जयकरौ तौ द्वौ तयोर्जीवगौ"

(मुहूर्त्तचिन्तामणि यात्राप्रकरण १४–१५ श्लोक)

(राहुले भोग गरिएका तेह्र नक्षत्र जीवपक्ष कहलाउँछन्। राहुले भोग गरिन तेह्र नक्षत्रचाहिं मृतपक्ष कहलाउँछन्। राहु नै बसेको नक्षत्र कर्त्तरी कहिन्छ । त्यसको पन्ध्रौंचाहिं ग्रस्त कहिन्छ।

सूर्य मृतपक्षमा र चन्द्र जीवपक्षमा छन् भने यात्रा शुभ हुन्छ । सूर्य जीवपक्षमा र चन्द्र मृतपक्षमा छन् भने यात्रामा क्षय हुन्छ। चन्द्र सूर्य दुवै जीवपक्षमा छन् भने यात्रा शुभ हुन्छ। चन्द्र जीवपक्षमा भए यायीको जीत हुन्छ। सूर्य जीवपक्षमा भए स्थायीको जीत हुन्छ।)

राहुको गति उल्टो हुनाले पछि आउने नक्षत्र राहुले भोग गरिसकेका हुन्छन्। बितेका नक्षत्र भोग्य हुन्छन्। जस्तै–राहु अश्विनी नक्षत्रमा रहेछ भने भरणीदेखि चित्रासम्मका तेह्र नक्षत्र जीवपक्ष कहलाउँछन्। विशाखादेखि रेवतीसम्मका तेह्र नक्षत्र मृतपक्ष कहलाउँछन्। राहु बसेको अश्विनी कर्त्तरी हुन्छ। त्यसको पन्ध्रौं स्वातीचाहिं ग्रस्त हुन्छ।

आग्या = आज्ञा। चाँगु = काठमाडौंबाट ३½ कोश जति पूर्वतिर पर्ने ठाउँ। साँखु = काठमाडौंबाट ४¾ कोश जति पूर्व उत्तरतिर पर्ने ठाउँ। काज लाग्दा = कामकाज आइपर्दा । हेरिरहोइनौ = हेरिरहोइनो।

होइ = भएर । कास्की = काठमाडौंबाट ४२½ कोश जति पश्चिमतिर पर्ने ठाउँ (शाहको राजधानी)। धनिछेउ = मालिकसंग। भाइका पाउमा = कास्कीका राजा सिद्धिनारायण शाहसंग । काह्ल = कल = भरे, भोलि। बनला = सप्रला। रेखजोख = देखरेख । ढुंगो = राज्य। लंजु = लमजुङ = काठमाडौंबाट ३१ कोश जति पश्चिमतिर पर्ने ठाउँ (शाहको राजधानी)। घटाइ = घटाई = केही प्रदेश जिती । आकांछा = आकाङ्क्षा = इच्छा। कबिला = जहान छोराछोरी । अप्सरिया = विद्रोही (विरोधी) । जानामहा पस्या = गए । क्यन = किन। भलामानिस = दूत। मुकाम = वासस्थान । शुभम् = कल्याण होस्।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८०२ माघकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | ६ | शनैश्चर | नवमी | ५४ | ४२ |

वि. सं. १८०३ भाद्र १६ गते बुधवारका दिन पृथ्वीनारायण शाहले भादगाउँका राजा रणजित् मल्लसंग मिली कान्तिपुरको राज्य क्षेत्रमा पर्ने नालदुम महादेउ-पोखरी पहिलो पटक दखल गरे।

"ताहांपछि भादगाउँको लमजुङको घा हुनाले भादगाउँसित आफ्नो घा बलियो नगरी पूर्वतिर बढ्न पाइन्या भएन; नालदुम मारी भादगाउँलाई सौंप्या त भादगाउँको र जयप्रकाश मल्लको चित्त पनि फाट्ला; लमजुङ पनि शुद्ध रहला; पूर्वतिरको हाम्रो काज पनि सिद्धिएला भनी मन्त्रणा गर्‍या । भादगाउँको र गोर्खाको दुवै लश्कर जाई ठूलो लडाइँ भयो । जित गोर्खाको भई शाके संवत् १६६८ (वि. सं. १८०३) भदौका दिन १९ जाँदा बुधवारका दिन नालदुम, महादेउपोखरी मारी किल्ला आफ्ना हातमा राखी अरू मुलुक भादगाउँलाई सौंपी चौतरिया जहाँगीर शाह खँचेला मनु शाहीसमेत अलिकता लश्कर नालदुममा कुरुवा राख्या। नजिकी देवऋषि उपाध्याय अधिकारी, उमराउ आशाजित भँडारीसमेत चाहिंदो लश्कर महादेउपोखरीमा राखी लश्कर फिरी नुवाकोट आया।"

(भाषावंशावलीबाट)

[घा = सन्धि (मिलापत्र)। नालदुम = काठमाडौंबाट ६½ कोश जति पूर्वतिर पर्ने ठाउँ। मारी = जिती (विजय गरी)। सौंप्या = सुम्पें भने। शुद्ध रहला = शान्त भई रहला। सिद्धिएला = सफल होला। मन्त्रणा गर्‍या = सल्लाह गरे। जाई = गई। महादेउपोखरी = काठमाडौंबाट ६ कोश जति पूर्वतिर पर्ने ठाउँ। खँचेली = खाँचीका।]

"संवत् १८०३ साल भाद्रवदि १ रो ४ महादेवपोखरी नालदुम् अंबल"

(त्रिरत्नसौन्दर्यगाथा २६१ पृष्ठबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८०३ आश्विनकृष्ण (अमान्तमानले भाद्रकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | १९ | बुध | प्रतिपदा | ५९ | ५८ |

वि. सं. १८०४ भाद्र ६ गते सोमवारका दिन पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजित् मल्लका सेनापति परशुराम थापालाई "तिमी हामीकहाँ आऊ, तिम्रो जीउ धनको सुरक्षा म गरिदिन्छु, तिम्रो बिर्ता पनि थामिदिन्छु" आदि कुराको

आश्वासन दिई पत्र लेखे ।+

"स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नृपपृथ्वीनारायणशाहदेवानां सदा समरविजयिनाम्.

स्वस्ति श्रीराजभारासामर्थ श्रीपश्राम् थापाके आसिक्पूर्वकपत्रमिदम्. आगे याहाँ कुशल छ. ताहा कुसल चाहीये जेहि ते परमानन्द होइ. आगे याहाको समाचार निको छ.

उप्रान्त ज्यामि छालिनु हिजै विद्यापति उझाथैं दि पठायाको छु. तुमिकन मैले धर्म लेषिदिन्छु. तुमरो धन जीयको रक्षा मैले गर्नु. तुमिकन षान पनी दिउला. तुमि मेरा हजुर आव. तुम्रा बिर्त्ता पनी छाडीदिया. यति कुरामाहा अधरान गरुं त श्रीगोरखनाथको कुदृष्टि

---

+पृथ्वीनारायण शाहले नुवाकोट विजय गरेपछि कान्तिपुरका राजा जयप्रकाश मल्लले नुवाकोटबाट गोरखाली फौजलाई हटाउनाका निमित्त थिनै परशुराम थापाका दाज्यू काशीराम थापालाई सेनापति बनाई सजधजसंग आठ हजार फौजका साथ नुवाकोट पठाएका थिए। परन्तु पृथ्वीनारायण शाहको साहसिलो प्रेरणाले उत्साह बढेको गोरखाली १२०० फौजले काशीराम थापाका फौजलाई मार खुवाई भगाइदियो । आखिरमा काशीराम थापा पनि अड्न नसकी सुइकुच्चा ठोक्तै आफ्नो घर पलाञ्चोकमा पुगे । काशीराम थापाको यस कामदेखि जयप्रकाश मल्ल ज्यादै क्रुद्ध भएका थिए। पछि काशीराम थापा देउपाटनमा आई धर्मकर्म गर्न लागेको वेलामा जयप्रकाश मल्लले फेला पारी उनलाई र उनका साथी समेत सात आठ जनालाई मारिदिए । यसरी दाजु मारिएको खबर सुन्दा परशुराम थापा जयप्रकाश मल्लसंग बदला लिने दाउमा थिए। यसैले परशुराम थापाले गोरखा गई गोरखालीहरूलाई बोलाई जयप्रकाश मल्लको उछित्तो गर्ने प्रयत्न गरे । यसै प्रसङ्गमा वि. स. १८०३ मा गोरखा र भक्तपुर मिली कान्तिपुरको इलाका भएको साँख चाँगु तथा नालदुम महादेउपोखरी दखल गरे । यसरी पृथ्वीनारायण शाहलाई बोलाई जयप्रकाश मल्लसंग बदला लिने काम गरे तापनि परशुराम थापा भित्रैदेखि पृथ्वीनारायण शाहसंग मिलेका थिएनन् । उनले बाईसी चौबीसीहरूलाई उठाई गोरखामा आक्रमण गराउने र पृथ्वीनारायण शाहलाई हटाउने दाउ गरेका थिए । यो कुरा पृथ्वीनारायण शाहले बुझे- पछि बाईसी चौबीसीहरूलाई उठाउन गएका परशुराम थापाका भाइलाई पृथ्वीनारायण शाहले बीच बाटैमा झागल गुरुङद्वारा मराए। यो कुरा स्वयं पृथ्वीनारायण शाहले यसरी बोलेका छन्—

"मलाई प्रसुराम थापाले नेपाल हाम्र आउ भनि हात दिई राष्याथ्यो. आफ्ना भाईलाई लाषत्रिषि पुरयाउनु. बाईसि चौबिसि उठाई पछाडि हान्नु भनि पठायछ र मैले थाहा पाञ्या र काहा पुक्याको छ भनि सुध्याञ्या र पोषराको हटियामा डेरा गरि बस्याको छ भनि सुन्या. र तेसलाई बैठाई आउन को सकौला भनि सल्लाहा गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्या झागल गुरुं सक्ला भनि डाकी अह्राई मेरा कंमरको

साच राखुं त सुद्दष्छि. धर्म बी बोलाउदा नभाया आफु जानौला. बिज्ञेषु कि. भाद्रबदि २ रोज २ मुकाम नुवाकोट ।

(श्रीबखतमानसिंह बस्नेतबाट प्राप्त भएको यो पत्र व्याख्यासहित ऐतिहासिक–पत्र–संग्रह दोस्रो भागको ५७–६० पृष्ठमा छापिएको छ)

[श्रीपश्राम्=श्रीपरशुराम (काशीराम थापाका भाइ परशुराम थापा) । चाहीये=चाहिये =हुनुपर्छ। जेहि ते परमानन्द होइ=यसो भयो भने ठूलो आनन्द हुनेछ। याहाको=यहाँको। निको=भलो (राम्रो)। ज्यामि=ग्यामी=जयन्त राना ("ग्यामी" मगर जातिको थर विशेष)। छालिनु=छाला टाँगिनु। उझायँ=ओझालाई ('ओझा' ब्राह्मण जातिको थर विशेष)।तुमिकन=तिमीलाई। धर्म=विश्वास। तुमरो=तिम्रो। जीयको=जीउको।षान= खान। आव=आऊ। अधरान=वचन पूरा नगर्ने काम। साच=साँचो (सत्य)। मुकाम= वासस्थान।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

बि. सं. १८०४ भाद्रकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | ९ | सोम | प्रतिपदा ÷ | १८ | २८ |

वि. सं. १८११ श्रावण २१ गते बृहस्पतिवारका दिन पृथ्वीनारायण शाहले नालदुम महादेवपोखरी तेस्रो पटक विजय गरे❁ ।

---

कोताषान् दियाँ र गयो र पुगि गाईनेको भेष गरि हातमा बल्छीको टागो लि काषिमा सारंगी च्यापी २।४ धार्निको सहर लँगी अरु उसका लस्करहरु भात षान्या वषत्मा अवसर हेरि बैठाई आयो."

(पृथ्वीनारायण शाहको उपदेशबाट)

यसरी पछि पृथ्वीनारायण शाहको परशुराम थापासंग मेल नभई वैमनस्य नै थियो। पछि साँखु चाँगुको दोस्रो आक्रमणमा भक्तपुरका राजा रणजित् मल्लले पृथ्वीनारायण शाहको सहायताका लागि यिनै परशुराम थापाको सेनापतित्वमा फौज पठाएका थिए। त्यस वेलामा परशुराम थापाले पृथ्वीनारायण शाहलाई धोका दिए।

÷यो पत्र प्रतिपदा उप्रान्त द्वितीया लागेपछि बेलुकीपख लेखिएको बुझिन्छ।

* बि. सं. १८०३ भदौमा पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजित् मल्ललाई हात लिई कान्तिपुरका राजा जयप्रकाश मल्लको अधीनमा रहेको नालदुम, महादेउपोखरी किल्ला पहिलो पटक विजय गरेका हुन्। तर यस विजयलाई चौबीसीहरूले दीगो हुन दिएनन्। पृथ्वी-नारायण शाह जसै पूर्वतिर बढ्न खोज्थे, त्यसै मौकामा पश्चिमतिरबाट चौबीसीहरू गोरखाराज्य नै उडाउने दाउ गर्थे। त्यस कारण आफ्नो अधीनको किल्ला (नालदुम, महादेउपोखरी) जाँदा

"त्यहाँपछि गोर्खामहाराजले कान्तिपुरको राज्य नालदुम दखल गरी खाँदा काजी चिकुटी मास्केलाई फौज दिई विदा गरी पठाउँदा लडाइँ गरी नालदुम आफ्नो गरी फर्की आया। +

त्यहाँपछि शाके १६७६ (वि. सं. १८११) श्रावणका २१ दिन जाँदा बृहस्पतिवार घर्डा ३५ को साइत पक्का गरी वीरभद्र थापाले × अघि सरी जयप्रकाश मल्लका फौजसँग लडाइँ गरी नालदुम दखल गरी लिया।

(भाषावंशावलीबाट)

"१८११ श्राव. रो. ५ महादेवपुखुरी अं"

(त्रिरत्नसौन्दर्यगाथाको २६२ पृष्ठबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८११ (शक सं. १६७६) श्रावणशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | २१ | बृहस्पति | त्रयोदशी | २ | १६ |

पृथ्वीनारायण शाहले नालदुम महादेउपोखरी विजय गर्नासाथ दोलखाका प्रधानहरूलाई आफ्नो पक्षमा मिलाउन "तिमीहरू मेरा प्रजा हौ, नालदुमपूर्व मेरो अम्बल भयो, तिमीहरू हामीसँग मिल्न आओ, तिमीहरूको धन जीउको सुरक्षा गरिदिऔंला भन्ने भाव पारी वि. सं. १८११ श्रावण २७ गते बुधबारका दिन पत्र लेखे।

छटपटाइरहेका जयप्रकाश मल्ललाई चौबीसीहरूको ईशारा आएकोले भक्तपुर तथा ललितपुरलाई उठाई आफ्नो हात लिई जयप्रकाश मल्लले तीनै शहरका फौज जम्मा गरे। ती फौजले नालदुम महादेउपोखरी किल्लामा गई कुर्न बसेका केही गोरखालीहरूउपर हमला गरे। यस युद्धमा जयप्रकाश मल्लहरूको फौजले विजय गऱ्यो। पृथ्वीनारायण शाहले पनि यसको बदला कान्तिपुरको शिर जस्तो भएको बहचोकको किल्ला विजय गरिदिए। त्यसपछि फेरि नालदुम महादेउपोखरी पनि विजय गरे। यसपछि जयप्रकाश मल्लले फिर्ता लिने साहस गर्न सकेका थिएनन्। वि. सं. १८११ मा जयप्रकाश मल्लले फेरि चिकुटी मास्केलाई सेनापति गराई नालदुम महादेउपोखरी हान्न फौज पठाएका थिए। यस पटक केही दिनका लागि जयप्रकाश मल्लको विजय भयो तापनि यसै सालको श्रावण २१ गते बृहस्पतिवारदेखि सधैंका लागि नालदुम महादेउपोखरीमा पृथ्वीनारायण शाहको विजय कायम भयो।

+ संवत् ८७४ (वि. सं १८११ आ.) कान्तिपुरका काजी चिकुटी मास्के नालदुममा चढाइ गरी मुलुक जिती फर्कि आया।

(भाषावंशावलीको कान्तिपुरप्रकरणबाट)

× यी वीरभद्र थापा भीमसेन थापाका बाजे हुन् कि भन्ने देखिन्छ। यस कुराको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ७८६–८७ पृष्ठमा गरिएको छ।

" स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्री-श्रीश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नृपपृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्

स्वस्ति श्रीसर्वोपमायोग्यराजभारासामर्थ इत श्रीदोलष्या देसवारप्रधानकेषु आशीकपूर्वकपत्रमिदं. इहां कुशल तांहां कुशल चाहिय. जेहि ते परमानन्द होइ. आगे इहाको समचार निको छ.

उप्रान्त तिमि प्रजापात हौ. नालदुमपूर्व मेरो अम्बल भयो. तुमि मेरा हजुर आव. तिमो धन जीयको म रछ्या गरुला. पिछ्या दि आर्को त्रह गरु त श्रीगोरखनाथको कुदृष्टि. धर्म दिकन तुमि नआयादेखि तिमो जहोजात गरुला ।

उप्रान्त पाल्हुग तिष्टुग चितलांग हामिथ्यौं सोझा भै मील्या र उनको रछ्या हामिले गर्यैको छ. किमधिकं विज्ञेषु भाद्रवदि ४ रोज ४ मुकाम नुवाकोट शुभम् +

( यो पत्र योगी नरहरिनाथ र ऐ. शि. बाबुराम आचार्यद्वारा इतिहासप्रकाश १ अङ्कको ९१ पृष्ठमा प्रकाशित भएको छ । )

[दोलष्या = दोलखाका (दोलखा = काठमाडौंबाट २१½ कोश जति पूर्वतिर पर्ने ठाउँ) । देसवार = देशवासी । चाहिय = हुनुपर्छ । जेहि ते परमानन्द होइ = यसो भयो भने ठूलो आनन्द हुनेछ । निको छ = भलो छ (राम्रो छ)। नालदुम = काठमाडौंबाट ६½ कोश जति पूर्वतिर पर्ने ठाउँ । अम्बल = विजय (अधीन)। तुमि = तिमी । मेरा हजुर = मकहाँ (मसंग) । आव = आऊ । जीयको = जीउको । रछ्या = रक्षा । पिछ्या दि = पिछामा डाकी । त्रह = तरह । धर्म दिकन =

---

+ यो पत्र लेखिएको केही समयपछि दोलखाका प्रधान र प्रजाहरूका नाउँमा पृथ्वीनारायण शाहले फेरि अर्को पत्र लेखेका छन् । त्यस पत्रमा पनि "मैले तिमीहरूको पीछा लिएँ (हेरविचार गर्ने भएँ), हामा भारादारहरूसँग मिल्न आओ । मिल्न आयौ भने तिमीहरूको धन जीउको सुरक्षा गरिदिउँला, केही हुनेछैन" भन्ने भाव परेको छ । सो पत्रमा मिति दिइएको छैन तापनि एउटै प्रसङ्गमा लेखिएको पत्र हुनाले टिप्पणीका रूपमा यहाँ दिइन्छ—

" स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्--

आगे दोलषाका देसवान् (र) प्रधान प्रजाप्रति. तिमिकन मईले पिछा लियां, मेरो पाउ भन्या भरा. घर,घर, वरीरहु. मेरा भाराहरु ताहीं आया तनसंग मिलल (ल्न) आया तिमा धन जिय केहि हवैन. तुलाराम पाँडेक्षेउ विस्तार गरि पठायाको छ. चाडो मिल्ल आव. शुभमस्तु.

श्रीतुलाराम पाँडेको यथायोग्य.

(योगी नरहरिनाथ र ऐ. शि. बाबुराम आचार्यद्वारा यो पत्र इतिहासप्रकाश १अङ्कको ९१ पृष्ठमा प्रकाशित भएको छ)

बिश्वास दिलाएर पनि । जहोजात = तामबात । पाल्हुग = पालुङ (काठमाडौंबाट ५ कोश जति दक्षिणपश्चिमतिर पर्ने ठाउँ, । तिष्टुग = तिष्टुंङ (काठमाडौंबाट ५½ कोश जति दक्षिण पश्चिमतिर पर्ने ठाउँ) चित्लाग = चितलांङ (काठमाडौंबाट ४½ कोश जति दक्षिण पश्चिमतिर पर्ने ठाउँ ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८११ भाद्रकृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | २७ | बुध | चौथी | २० । | ५२ |

\+ \+ \+

नालदुम महादेउपोखरी विजय गरेपछि सो विजय बीगो पार्न आवश्यक ठाउँमा किल्ला बनाउने आदि रक्षाको प्रबन्ध पृथ्वीनारायण शाहले गर्न लागे। यस काममा मीतबाबु भक्तपुरका राजा रणजित् मल्लले सहायता दिनेछु भनेका हुनाले पृथ्वीनारायण शाह उनको बाटो हेर्दै थिए । यिनै ताका उता कुतीतिर आफ्नो टक चलाउन उनो त्यतातिरका भोटे अधिकारीहरूसंग लेखापढी गर्न लागेका थिए। यता आफूले विजय गरेका प्रदेश भवरकोट-तिरका मानिसलाई सान्त्वना दिई हात लिने प्रयत्न पनि उनी गर्दै थिए । पृथ्वीनारायण शाहले वि॰ सं. १८१२ वैशाख २८ गते बुधवारका दिन श्रीनीलकण्ठ जोशीलाई लेखेको पत्रबाट यी कुरा बुझिन्छन् ।

"स्वस्ति श्रीसर्वोपमायोग्यसकलगुणगरिष्ठश्रीनीलकंठज्योतिर्विदसु स्वस्ति श्रीगिरिराजेत्यादिश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयीनां प्रणामपूर्वकपत्रमिदं.

ज्याहाँ कुशल ताहा कुशल चाहिं. ज्याहि ते परमानंद होई. ज्याहाको समाचार निको छ. पत्र आयो. अर्थ पाञ्यौ.

उप्रान्त धायको कुरो बिंति गरि पठाउनुभयेछ. कासकिलाई फोर्न नारायण पंडित गयाका छन्. जाँदा त गया तर कास्कि नफुटन्या. हिजै पनि महादेवपोखरी आईकन गाठि बाधि बुधवार द्वादशीका दिन कस्रुथाल बिदा भई गया.

उ. भाजुका धान् उमराले षायेछ. षायो तपनि निउरिबाट निकासिदिउला. भवर्कोट उमरालाई रिशानि गरि मोहर लेषिपठाउछौं. मोहिकन अस्ति पनि मोहर बक्स्याथ्यौं. बल नलगाउनुहवस्. फिक्रि छईन. सुरचाईकन बसाल्नुहवस्· काशमीरिकन अस्ति पनि मोहर आयेथ्यो. आज पनि बकसि पठाउछौ. मोहर आउन फिक्रि छईन. कुत्यालसंग पनि बन्दोबस्त भयो.

उ. ज्याहा बश आठ ठाना हाल्याथ्यौं. फिरि छेकनाकन आइतवार गौटा २ ठाना हाल्न सराजाम गर्‍यौं, तसैबिच कटक आयो र ठाना हाल्न भयेन. वाहादेखि दिन पाईयनन्, लाग्यो

मेला छेकौं भन्या हुन्यैथियो. तर मृतपक्ष पनि लाग्यो, मल्मास पनि लाग्यो. एकाद् महिना मित्बाबाको बाटो पनि हेर्नै पर्‍यो, तस् अर्थले आज फौद उकास्छौं, किमधिकं विज्ञेषु.

ज्येष्ठवदी १२ रो ४ मु महादेवपोखरी.

( श्रीमहेशचन्द्र रेग्मीबाट प्राप्त भएको यो पत्र व्याख्यासहित ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ६८–७२ पृष्ठमा छापिएको छ ।)

[ चाहिं=चाहियेे=हुनुपर्छ । ज्याही ते परमानन्द होई=यसो भयो भने ठूलो आनन्द हुनेछ । निको=भलो ( राम्रो ) । घायको=सन्धिपत्रको विषयको । कासकि=कास्को=काठमाडौंबाट ४२½ कोश जति पश्चिमतिर पर्ने ठाउँ ( शाहको राजधानी ) । महादेवपोखरी=महादेउपोखरी=काठमाडौंबाट ६ कोश जति पूर्वतिर पर्ने ठाउँ । गाठि बाधि=गाँठ बाँधी ( सरसल्लाह गरी ) । कस्क्यालि=कस्केली=कास्कीका मानिस । उ=उप्रान्त । उमराले=मुख्य सैनिकले । भवर्कोट=काठमाडौंबाट ८ कोश जति पूर्वतिर पर्ने ठाउँ । रिशानि गरि=हप्काई । मोहर=लालमोहर । सुज्याइकन=संझाई बुझाई शुरो पारी कन। बसाल्नु=समाल्नू । काशमीरि=काश्मीरी (यसताका काश्मीरी मुसलमानहरू व्यापारका लागि यहाँ आवत जावत गर्थे । यहाँ उल्लिखित काश्मीरी यस्तै व्यापारी मुसलमान हुन् कि भन्ने देखिन्छ) । कुत्याल=कुतीतिरका भोटे अधिकारीहरू (कुती=काठमाडौंबाट २३ कोश जति उत्तरपूर्वतिर पर्ने ठाउँ) । फिरि=फेरि=अर्को पटक । छेकनाकन=रोक्नलाई । गोटा २=दुइवटा (दुइटा) । कटक आयो=लड्न आयो ( हमला गर्न आयो ) । मृतपक्ष=माथि उल्लेख गरिएको मुहूर्त्तचिन्तामणिको श्लोकअनुसार यसको अर्थ राहुले भोग गरिने राहुका सन्मुखका तेह्र नक्षत्र भएको पक्ष भन्ने हुन्छ । सो कुरा तल दिइएको पञ्चाङ्ग तथा राहुबाट बुझ्न सकिन्छ । जस्तै––गणना गर्दा यस वर्षको (वि. सं. १८१२ को) आरम्भमा राहु ५।६। ४६। ६ भएको र वैशाख ३ गतेदेखि उत्तरफाल्गुनीको चौथो पाउबाट तेस्रो पाउमा गई ६३ दीन जति रहने भएको हुनाले यस वेला राहु बसेको नक्षत्र उत्तरफाल्गुनी भयो । त्यस कारण यसको नाम कर्त्तरी भयो। यसपछिका–हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, अभिजित्, श्रवण, धनिष्ठा, शतभिषा यी तेह्र नक्षत्र राहुले भोग गरिसकेका हुनाले जीवपक्षका नक्षत्र भए । यसपछिको "पूर्वाभाद्र" चाहिं राहु बसेको नक्षत्र उत्तरफाल्गुनीदेखि पन्ध्रौं भएको हुनाले यसको नाउँ ग्रस्त भयो । यसपछिका–उत्तरभाद्र, रेवती, अश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, तिष्य, अश्लेषा, मघा, पूर्वाफाल्गुनी यी तेह्र नक्षत्र राहुले भोग गरिने हुनाले मृतपक्षका भए । यस कारण यस पत्रमा उल्लिखित "मृतपक्ष"को आरम्भ उत्तरभाद्रदेखि हुने भएकोले र यो पत्र लेखेकै दिन उत्तरभाद्र नक्षत्र पर्न आएकोले त्यसै दिनदेखि मृतपक्ष लागेको सिद्ध हुन आउँछ । मलमास––

"असंक्रान्तिमासो ऽधिमासः स्फुटं स्यात्"

( सिद्धान्तशिरोमणि गणिताध्याय अधिमासादिनिर्णय ६ श्लोक )

[जुन चान्द्र महीनामा संक्रान्ति (सूर्यको संक्रान्ति) हुँदैन, त्यसलाई अधिकमास भन्छन्

भन्ने कुरा प्रसिद्ध छ ]

यस वचनअनुसार यस वर्षमा ( वि. सं. १८१२ मा ) गणना गरिहेर्दा आएका (अधिकमास पर्ने महीनाका) संक्रान्ति र औंसीका वारादि यस प्रकारका छन्—

ज्येष्ठसंक्रान्ति आइतवार ४ घडी १७ पला ।

ज्येष्ठकृष्ण औंसी आइतवार १९ घडी ६ पला ।

आषाढकृष्ण औंसी सोमवार ५६ घडी ४१ पला ।

आषाढ संक्रान्ति बुधवार ३० घडी ४१ पला ।

यहाँ एक चान्द्रमहीनामा ( ज्येष्ठशुक्ल प्रतिपदादेखि आषाढकृष्ण औंसीसम्म ) संक्रान्ति (सूर्यको संक्रान्ति) पर्न आएन । त्यस कारण यही ज्येष्ठ महीना नै अधिकमास (मलमास) सिद्ध हुन आयो । यसैले यस पत्रमा उल्लिखित मलमास यही ज्येष्ठ महीनामा पर्ने अधिकमासलाई भनेको हो । एकाद्=एकाध (एक डेढ) मित्बाबाको=पृथ्वीनारायण शाहका मीतबाबु भक्तपुरका राजा रणजित् मल्लको । मु.= मुकाम=वासस्थान । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग तथा राहु यस प्रकारको छ –

वि. सं. १८१२ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी पला |
|---|---|---|---|---|---|---|
| वैशाख २८ | बुध | एकादशी | ० । | १० | उत्तरभाद्र | ४२।० |

| | राशि | अंश | कला | विकला |
|---|---|---|---|---|
| राहु | ५ । | ५ । | २० । | १५ |

—०—

# पं० वाणीविलास पाँडेको दुर्गास्तोत्र

—नयनाथ पौडेल

गत वर्षका 'पूर्णिमा' का चारै अङ्कमा पं. वाणीविलास पाँडे र उनका सातवटा कृति वाणीविलास–सिद्धान्त, दुर्गाकृत्यकौमुदी, पुरश्चरण-प्रयोगरत्नदीपिका, वेदान्तसारसंग्रह, प्रशस्तिरत्नावलि, नवरत्नयुगलस्तोत्र, गंगास्तोत्रका बारेमा मैले लेखेको थिएँ ।

वाणीविलासको यथार्थ रूप पाठकहरूको सामुमा राखिदिनु मेरो उद्देश्य भएकोले उनको विषयमा म खोजी गर्न लागेको छु । यही प्रसङ्गमा अहिले वाणीविलासका दुइटा कृति दुर्गास्तोत्र र भुजङ्गप्रयातस्तोत्रलाई वीरपुस्तकालयमा मैले देखें ।

वीरपुस्तकालयको हस्तलिखित ग्रन्थसंख्या १६११ पहिलोमा दुर्गास्तोत्र छ । यो स्तोत्र

एकातिर हरिताल लाएको नेपाली पाको कागतमा देवनागरी लिपिले लेखिएको छ। यसमा जम्मा ५ पत्र छन् तथा १५ वटा भजन छन्। यी पत्रको लम्बाइ १० अङ्गुल, चौडाइ ५ अङ्गुल छ। यहाँ एक पृष्ठमा ६ पंक्ति लेखिएका छन्। ठाउँ ठाउँमा अशुद्ध सारिएको हुँदा यो प्रति जान्ने मानिसले सारे जस्तो देखिदैन।

बाजा बजाई लय मिलाई गानासाथ देवीको भजन गर्न यो स्तोत्र बनाइएको देखिन्छ। यसमा विशेष भाव छैन तापनि सुन्दा आनन्द दिने सार्थक शब्दसमूहले यो स्तोत्र बनेको हुँदा बाणीविलास संस्कृतभाषाका शब्दलाई कसरी खेलाउँथे भन्ने कुरा जिज्ञासुहरूलाई देखाउन र देवीका भक्तहरूलाई भजन गर्न सजिलो पार्न पनि यो स्तोत्रलाई 'पूर्णिमा' का पाठकको अगाडि राख्ने साहस मैले गरेको छु।

श्रीगणेशाय नमः ॥

अयि भुवनत्रयकारिणि दुर्गतितारिणि
चन्द्रसुधारिणि विन्ध्यविहारिणि दुर्गे।
निजजनसेविनि संसृतिमोचिनि सज्जनरोचिनि
दानवशोचिनि भूधरकन्ये ॥
मणिमयकुण्डलभासितगण्डलवे ऽ
सुरमण्डलखण्डितमुण्डलसन्निजकण्ठे।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥१॥
अयि शिवसुन्दरि देवि कृशोदरि
लोकमिमं दरिधर्त्ति हरिः कृपया परया ते।
विविधवपुर्द्धरिके रुचिराधरिके
सुपयोधरिके शुभकन्धरिके सुनिनादे ॥
निजकररुग्लवनिर्जितपल्लव ईश्वरवल्लभ
उद्रिपुमल्लवधोद्यतभल्ले ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥२॥

अयि दलितासुरवाहिनि केसरिवाहिनि
दैवतवाहिनि व्याधिविदाहिनि धीरे।
श्रितनवनीपवनीशवनीभवनीरजनी
कमनीयकरामरपूजितपादे ॥
तव चरणं सपदाभरणं विपदाहरणं
जगतां शरणं भवताच्छरणं मे ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥३॥
अयि निजदोर्दृयदण्डसुमण्डितकाण्डविखण्डित-
चण्डपराक्रमचण्डकमुण्डे ।
कटकतटोत्कटघोटकदन्तिघटान्वित-
दैत्यभटाटविपाटनलम्पटशूले ॥
डमरुमृदङ्गनवध्वनिडिण्डिमदुन्दुभिमर्द्दल-
झर्झरझाङ्कृतिहर्षितचित्ते ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥४॥
विविधविहङ्गनिषेविततुङ्गमनोहरशृङ्ग-
महीधरपुङ्गवमध्यनिवासे ।
जननि चराचरचारिणि चञ्चललोचन-
कञ्जलचर्च्चितकज्जलवर्द्धितशोभे॥
अयि नवनीरदनीलतनो नवनीतविजित्वर-
कोमलते सेवककल्पलते ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥५॥

अयि विलसद्रविणा लसिते द्रविणातिमनो
द्रविणाकरदे द्रविणाधिपवन्द्ये ।
अमरकदम्बसदम्बदिगम्बरलम्बजटा–
निकुरुम्बसमुत्सृतितत्परहस्ते ॥
जनकतया तत्र भूपतया कुभृतां ततया सहितो
लतयापि हिमालय ईष्टे ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥६॥

न हि परपूजा न हि तव पूजा जननि
कृता जात्वघचयभाजा ।
सुरवनकुञ्जालयमुनिपुञ्जाश्रितजितकञ्जामलचरणाञ्जन
इह जगज्जाललवनदक्षे भिदुरसदक्षे ॥
अयि करुणावति मां जडमुद्धर दुर्द्धर–
संसृतिजन्मलयोद्भवभीतिपयोधेः ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥७॥

अयि सुखदायिनि विश्वविधायिनि
घर्मशोणितपायिनि सुन्दरकेशे ।
शुचिकलना दिविषल्ललना न हि ते
तुलनामयते ज्वलनारिगणोद्बलनाशे ॥
सनकसनन्दनरक्षिणि नन्दनरेश्वरनन्दनकोऽपि
नमस्करणं कुरुते ते ॥
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥८॥

अयि निजसव्यलसत्सुरभव्यविधायिनि
लाव्यमिदं परिभाव्य जगत्तव पाव्यम् ।
चरणमिता मुनयो नमितात्मशिरोध्यमिता
विविधः शमितामरसङ्घविपत्तो ॥
सरसिजमध्वनिलप्रमदेऽध्वनि योगभृतां
ध्वनितोन्मुरजे शिव एतु मनो मे ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥६॥

अयि मृगराजकटीश्वरि शैलकुटीरमणीयतटी–
लसदिन्द्रनटीपरिपाटि ।
जनसुखसुपटीरसुगन्धिनि
टीकिकयोल्लसिते भ्रुकुटीशमितासुरकोटे ॥
अयि कमलासनगन्धवहासनवर्य्यकुलासन–
रम्यतरासनभासितपार्श्वे ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥१०॥

भगवति मल्लीकुसुममतल्लीमति
शुभझिल्लीरवयुतवल्लीविरचितपल्ली-
बहुविधभिल्लीगणयुततालीवनमिलिताली-
कृतकरतालीरवजातसुखे ।
तव करमाला धृतरुचिमाला जननि कराला
मम भवजालं शमयतु कालम् ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मङ्गलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥११॥

रविरुचिमालासमरुचिमाला धृतवनमाला
ज्वलदतिकालानलसमभाला-
नलविकराला दितरिपुजाला भुवनविशाला
सुकलितहालाहलशिवबाला ॥
सुखयतु दुर्गानिशमपवर्गाग्रहमिह
भर्गाश्रयमरिवर्गादमलगुणाना माम् ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मञ्जलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ।।१२।।

जगदनवद्यं कविजनहृद्यं प्रसरतु गद्यं
भगवति पद्यं रसिकनिवेद्यम् ।
मम भुवि मार्ग्गं तव तु न जाने
विधिमिह जाने किमवनिजाने: कथमपि जाने ।।
मम मतिरास्ते जननि समस्ते किमु नमतस्ते
विषयिपरास्ते महसि परेऽन्ते ।
जय जय हे सुररञ्जिनि कैटभभञ्जिनि
मञ्जलपुञ्जिनि पन्नगमुञ्जनिजाङ्गे ॥१३॥

सुललितवाणी प्रणमितवाणी वरभववाणी-
चययुतवाणीविलासकविना ।
स्तुतिरियमुक्ता प्रमुदितभक्ता गुणचययुक्ता
कविगलमुक्ताभरणसुसक्ता ।।
मृदुपदयुक्ताऽधमपदरिक्ता भवसिन्धुविरक्ता–
द्यभिलषिता सज्जनपठिता ।
जनयतु भक्तिं वितरतु मुक्तिं जगति च भुक्तिं
तव चरणे भो जनितरणे ।।१४॥

उद्यन्मञ्जीरमञ्जुध्वनिनिकरकृतातीवकामारिकामा
व्यालोलव्यालमालोल्लसिततनुरलं लोललीला लसन्ती ॥
स्वर्लोकोल्लासिनीभिर्भ्रमरभरभरैर्भासमानैः प्रसूनै–
रुद्यन्तीभिर्निषेव्या स्तववरकृतिभिः प्रीयतां देवदेवी ॥१५॥

इति वाणीविलासकृता स्तुतिः समाप्ता ।

अहिलेलाई यस स्तोत्रको मूल मात्रै यहां दिइएको छ । यसको अनुवाद पछि दिइनेछ ।

—०—

# नेपाल–अंग्रेजयुद्ध

## नेपाल–अंग्रेजयुद्धको घोषणा नहुँदै अंग्रेजले गरेको युद्धको तयारी

*कुमाउँका शासक चौ. बम शाहले अलमोडाबाट वि. सं. १८७१ कार्तिक ७ गते महाष्टमीको दिन श्री ५ महाराजाधिराजको हजूरमा पठाएको पत्र र त्यस पत्रको ऐतिहासिक व्याख्या*

**महेशराज पन्त**

अर्जि[१] -- — -- -- — — — — — — — —

उप्रान्त मधेसमां षबर बुझ्न पठायाको मानिस् पनि आईपुग्यो.

सर्वत्र पहाडका भगौटा[२] राजाहरुलाई पनि गोर्षासित चढाई गर[३] भनि फौज षजाना[४] हुकुम् सबैलाई दियो. गढको सुदर्सन साहि[५] र कुमाउका लालसिंलाइ[६] डाकि अनाज गैरह[७] किन्नलाई र स्युबंदि सिपाहिं राष्नलाई लाष रुपैया सुदर्सन साहिलाइ लाष रुपञां लालसिंलाई दियो. पल्टन गैरह सांथ लाइदिउला भनि कबोल गर्‍यो. कलकत्ताको लाट[८] बरेलि[९] आइपुग्यापछि बिदा भै जाउला भनी ठाउठाउंमा बस्याका छन्. लालसिंको

---

१. अर्जि = बिन्तीपत्र । श्री ५ महाराजाधिराजलाई लेखिएको चिठी अर्जी भनिन्थ्यो । २. भगौटा = भगुवा । ३. गोर्षासित चढाई गर = गोरखामा (नेपालमा) हमला गर । ४. षजाना = लडाइका सरसमान । ५. गढको सुदर्सन साहि = गढवालका सुदर्शन शाह । यी सुदर्शन शाह, गढवालका अन्तिम राजा प्रद्युम्न शाहका छोरा हुन् । ६. यी लालसिंह, कुमाउका अन्तिम राजा महेन्द्र चन्दका काका हुन् । ७. अनाज गैरह = अन्न आदि । ८. कलकत्ताको लाट = ईस्ट इन्डिया कम्पनीका गभर्नर जनरल लर्ड हेस्टिङ्स । ९. अलमोडाबाट बरेली ३८ कोस जति दक्षिणमा छ । वि. सं. १८५८ मङ्सीर १ गतेदेखि बरेली अंग्रेजको अधीनमा भएको हो । यसभन्दा अघि यो अवधको राज्यमा पर्थ्यो ( पूर्णिमा २ अङ्कको ७५ पृष्ठ हेर्नुहोस् ) ।

छोरा गुमानसिं रुद्रपुरमां (१) फौजबंदि गर्न (२) लागीरहेछ.

मतो बाधियाको (३) भन्या लुध्यानामा (४) लुनि अषतियरलाई (५) चढाई गर भनी प्रमाना (६) गयो. सुदर्सन साहिले दूणमा (७) येक् मूत्र लंगूरमा (८) येक् मूत्र गरि चढाइ गर्नु. लालसींले कोटा (९) र छषाता (१०) कालिकुमाउ (११) ई ३ घाटामा (१२) चढाई गर्नु. पहाडिया जिमिदार बाटो देखाउन्या को छ भनि लालसिंछेउ भन्दा साल ६२ देषि (१३) मधेस्मां बस्याको पुना फर्त्याल र अर्कों कुमैंञांलाई (१४) फेरंगीछेउ (१५) लैगी (१६) ईनिहरु हुन् भन्दा कालिकुमाउका कुमैंञांले कबोल गऱ्या. सात सौ (१७) पहाडि भरिया जनहि चार पांच रुपैया महेनापीछे दर्माह (१८) दिनु गरिराष्नु. ३ सौ (१९) जातो पिन्न्यालाई दर्माह दि राष्नु. लालसिका रुद्रपुर कासिपुरका (२०) ठेकामध्ये मुजरा पर्ला (२१) भनी मातबर (२२) मानिसले षबर ल्यायो.

चढाईको षबर भन्या अहां जगाजगाबाट (२३) आउदा फैज्ञ भैरहेछ. (२४) चढाई भन्या निश्चय हुन्या देषिंछ. बल (२५) षजाना (२६) षर्च गैरहको बिंति पैले पनि गरि पठायाको हो. ३।४ कंपनि जमाउनु भनि हुकुम् आयाको छ. जगाजगाबाट निस्तूक् (२७) षबर आउन लाग्यो. बषत येहि हो भनि ४ जना बसि सल्लाह गर्दा हतियार र षानाको (२८) ठेगाना भयापछि कंपनि षडा गर्न केहि बेर छैन भनि भन्दा

---

१. अलमोडाबाट २० कोस जति दक्षिणमा रुद्रपुर छ। वि. सं. १८३५ तिर कुमाउको घरझगडामा एकजना भारादारले रुद्रपुर आदि कुमाउका तराई अवधका नवाबलाई चढाएर आफू त्यहाँका सामन्त बनी कुमाउबाट ती भाग छुट्ट्याइदिएका थिए। ("कुमाऊँका इतिहास" को ३५५-३५६ पृष्ठ हेर्नुहोस्।) नेपालीहरूले कुमाउ जितेपछि पनि ती तराई लिन सकेनन्। वि. सं. १८५८ मङ्सीर १ गते ती तराई अंग्रेजले लिए। ("अमरसिंह थापा" को ५३ पृष्ठ र "पूर्णिमा" २ अङ्कको ७५ पृष्ठ हेर्नुहोस्।) २. फौजबंदि गर्न = सिपाही भर्ती गर्न। ३. मतो बाधियाको = सल्लाह भएको।

४. अलमोडाबाट १०७ कोस जति पश्चिमउत्तरमा लुधियाना छ। ५. लुनि अषतियरलाई = अक्टरलोनीलाई। बूढाकाजी अमरसिंह थापाको मातहतमा भएको सतलज र यमुनाको बीचको प्रदेश कब्जा गर्न आउने अक्टरलोनी यिनै हुन्। ६. प्रमाना = आज्ञापत्र।

७. दूणमां = देहरादूनमा। अलमोडाबाट ४८ कोस जति पश्चिमउत्तरमा देहरादून छ। ८. अलमोडाबाट ३२ कोस जति पश्चिमदक्षिणमा लंगुर छ। ९. अलमोडाबाट १४ कोस जति दक्षिणमा कोटा छ। १०. अलमोडाबाट ९ कोस जति दक्षिणमा छषाता छ। ११. अलमोडाबाट १२ कोस जति पूर्वमा कालीकुमाउ छ। १२. घाटामा = मुख्य मुख्य बाटमा। १३. साल ६२ देषि = वि. सं. १८६२ देखि। १४. कुमैंञांलाई = कुमाउको बासिन्दालाई। १५. फेरंगीछेउ = अंग्रेजकहाँ। १६. लैगी = लगी। १७. सात सौ = सात सय। १८. दर्माह = तलब। १९. ३ सौ = तीन सय। २०. अलमोडाबाट २२ कोस जति दक्षिणपश्चिममा काशीपुर छ। २१. मुजरा पर्ला = माफी होला। २२. मातबर = विश्वासी। २३. जगाजगाबाट = ठाउँठाउँबाट। २४. फैजभैरहेछ = फैलिरहेछ। २५. बल = फौज। २६. षजाना = हातहतियार। २७. निस्तूक् = वास्तव। २८. षानाको = खानेकुराको।

अघि सर्कारबाट हुकुम् पनि आयाको छ. हाल मत्ता पेटिया (१) र समयपर(२.) जागीरको बलिबो बातर्जम्मा ह तेयार षजाना अर्जि बिंति गरि पठाउछौं. आफ्नु गर्न्या ताकिति गर्नु. तिम्रा हम्रा सांथ रह्याका सुवेदारहरुलाइ मानिस् बटुल्याउनु(३.)भनि उर्दि पनि दिन्या हो भनि सल्लाह टहराई उर्दि पनि दिञौं. ६७।६८ सालमां(४.)ञहांका(५.)मेषजीन्मां(६.)बन्याका बंदूक् म्लेछकालानलकंपनिमा(७.)भर्ना भै मोहडाबाट(८.)कंपनि कंपनिको भर्नाको तनषाह(९.)आउदा तीन्सौ नाल(१०.)६८।६९ सालमा(११) गयोथ्यो. ञहांका भबानिबक्समां ४ पट्टिलाई नाल हेर्दा चार पट्टिलाई भन्या पुग्यो.ञहां फलाम् असल नहुनाले जो भयाका नाल माफिकै(१२.)छन्. भबानिबक्सका पुराना नाल पनि देरै बर्षदेषिका हुनाले आधादेषि पनि अघ्यौला(१३)बदल्नुभयाको(१४)छ. ५।६ सौ(१५)नाल र षजानाको चांडो ३ ताकिति भै बषतपर(१६) ञहां आईपुग्या काम छोपियेला. डोटिमां(१७) भारादार कोहि छैनन्. १।२ भारादार र २।४ कंपनि षटौन्भै चांडो आया पूर्बबाट (१८) भाराकंपनि (१९) आया भनि थाष पनि हुन जाला.

अर्जि लेर्दैका बिचमां कोटाका घाटामां रह्याका सुबेदार हिराप्रतापसिंको र कोटाको फौजदार गंगाराम चौकुडाईतले मलाइ लेष्याको चिठि बिजनिस् (२०) चह्राइ (२१) पठायाको छ. जाहेर होला.

कासिपुरका बेणिराम साहुलाई मैले लेष्याको चिठि चिल्दियाको (२२) मंडीमां (२३) डांक्धरका (२४) मानिस्ले च्याति लियाको विस्तार अघिल्ला अर्जिमां बिंति गरि पठायाको हो. चिठि षोस्याको कुरामां साह्रै चमक(२५) मान्यान् भनि चमक् मेटन्यानिमित्ये हिंदवि अक्षर(२६) लेषि डांक्तरले मलाइ लेष्याको चिठि लि चप्रासी आईपुग्यो. डांक्तरले मलाई लेष्याको चिठि बिजनिस् चह्राई पठायाको छ. दाषिल होला.

त्यो आउन्या चप्रासि कासिपुरको (२७.) बस्न्या अघिदेषि ञहां अल्मोडामां आवत्-जावत् गर्न्या ञहांका मानिस्सित पनि सबैसित जानपहिच्यान (२८.) भयाको रहेछ. डां-

१. पेटिया = खानेकुरा । २. समयपर = वेलामा । । ३. बटुल्याउनु = जम्मा गर्नू । ४. ६७।६८ सालमां = वि. सं. १८६७।१८६८ मा । ५. ञहांका = अलमोडाका । ६. मेषजीन्मां = हातहतियार बनाउने कारखानामा । ७. यस पत्रबाट वि. सं. १८६८।१८६९ तिर म्लेच्छकालानलकम्पनी खडा भएको बुझिन्छ । अंग्रेजसंग युद्ध हुँदाखेरि नालापानी किल्लाको आसपासको अर्को किल्लामा म्लेच्छकालानलकम्पनी बसेको थियो । वि. सं १८७१ मङ्सीर १९ गते राति यो कम्पनी किल्ला छोडी गयो । यस कम्पनीले किल्ला छोडी गएकोले नालापानी किल्लाका सैनिकहरू निकै हतोत्साह भए । ( पूर्णिमा ३ अङ्कका ६४ र ६८ पृष्ठ, पूर्णिमा ४ अङ्कका ७७ र ८२ पृष्ठ हेर्नुहोस् ।) ८. मोहडाबाट = बूढाकाजी अमरसिंह थापा बसेको ठाउँबाट । ९. भर्नाको तनषाह = जागीरको सनद । १०. तीन्सौ नाल = तीन सय बन्दूक । ११. ६८।६९ सालमां = वि. सं. १८६८।१८६९ मा । १२. माफिकै = ठीकैका । १३. आधादेषि पनि अघ्यौला = आधाभन्दा पनि बढी । १४. बदल्नुभयाको = फेर्नु पर्ने भएको । १५. ५।६ सौ = पाँच छ सय । १६. बषतपर = बेलामा । १७. अलमोडाबाट २७ कोस जति दक्षिणपूर्वमा डोटी छ । १८. पूर्बबाट = राजधानी काठमाडौंबाट । १९. भाराकंपनि = भारादार र कम्पनी । २०. चिठि बिजनिस् = डाँकद्वारा पठाएको चिठी । २१. चह्राइ = चढाई । २२. अलमोडाबाट १९ कोस जति दक्षिणपश्चिममा चिल्किया छ । २३. मंडीमां = बजारमा । २४. डांक्धरका = अंग्रेज डाक्टर रदरफोर्डका । २५. चमक = नराम्रो । २६. हिंदवि अक्षर = देवनागरी अक्षर । २७. कासिपुरको = काशीपुरमा । २८. जानपहिच्यान = चिनजान ।

क्सरको चप्रासी भयापछि भागको सन ख्यालाको तेल गैरहको ताकीत षरीद गर्न आउदा ञाहा मछेउ पनि षर्षुसामत् गरि केही केहि मागि लं जाने गर्थ्यो.

सोहि चप्रासिले अघिअघि केहि इनामपात पाउदा गोर्षाको निमक्[1] मैले षायाको छ. बहुतै तरहसित यो कुरा अन्त जाहेर नहोस् यो कुरा तल[2] सुनियापछि म माराजाउला[3]. सुन्याको कुरा म जाहेर गर्छौं[4] भंदा यो कुरा तल सुनियापछि त माराजान्याछस्[5] भनि हामिलाई पनि थाहै छ. काहि जाहेर हवेन भनि षात्रजम्मा[6] दिदा अबस्यं अंगरेजले पहाडमां चढाई गर्‍ने—लगायेत् डोटितक्को अनाज षरीदनलाई पंचास् हजार रुपैया मेरै रोबरु[7] बांटियो[8]. डांक्तरलाई दर्माह बढ्यो. फौजलाई सिधा बांटन्या काम पायो. मोरकिरापट् साहेब[9] पनि गौरनरका[10] सांथैमा छ. भेष अझ बदल्याको छैन[11]. ठुलो मरातप षतम भयाको छ[12]. पहाडलाई सतरुद्रालगायेत् सर्बत्र पचांस् हजार फौज बटोन्भयो. लुध्यानामां लुनि अषतियरलाई प्रमाना गयो. डोटिलाइ हासिले चढनु[13]. डुन्मां पनि मेहरेटवाला साहेबलाई षतम भयो[14]. येक् मूष छषाता येक् मूष कोटा येक् मूष कालिकुमाउ तिन मूष गरि

---

१. निमक् = नून = । २. तल = रदरफोर्ड बसेको ठाउमा ।

३. माराजाउला = मारियुँला । ४. म जाहेर गर्छौं = म जाहेर गर्छु । ५. माराजान्याछस् = मारिनेस् । ६. षात्रजम्मा = विश्वास । ७. मेरै रोबरु = मेरै अगाडि । ८. बांटियो = बांडियो । ९. मोरकिरापट् साहेब = मुरक्रोप्ट । वि. सं. १८६९ को शुरूमा जोगीको भेष लिई यिनी गढकुमाउमा नेपाली चौकीदारको आँखा छली पसेका थिए । पछि चौकीदारले यिनलाई पक्रे। त्यहाँका शासक चौ. बमशाहले राजधानीमा सोधनी गरी यिनलाई छाडिदिए । ("ऐतिहासिक पत्रसंग्रह पहिलो भाग" का १०४–११० पृष्ठ हेर्नुहोस् । ) १०. गौरनरका = एडवर्ड गार्डनरका । बम शाहलाई लोभ्याई आफ्नो पक्षमा मिलाउन तथा कुमाउका प्रजामा नेपालसरकारप्रति घृणा फैलाउन यिनी खटिएका थिए । अंग्रेजले कुमाउ जितेपछि यिनी कुमाउका पहिला शासक भएका थिए । ("पूर्णिमा" १ अङ्कको ५३ पृष्ठबाट ) । ११. "भेष अझ बदल्याको छैन" भनेकोले यस बेलासम्म पनि मुरक्रोप्टले गेरुवा लुगा लाएरै बसिरहेको बुझिन्छ । १२. ठुलो मरातप षतम भयाको छ = ठूलाठूला अधिकारी खटाइएका छन् । १३. डोटिलाइ हासिले चढनु = डोटीमा हियर्सीले हमला गर्नु । मुरक्रोप्टसंग जोगीको भेष लिई आउनेमा हियर्सी पनि थिए। ("ऐतिहासिक पत्रसंग्रह पहिलो भाग" का १०४-११० पृष्ठ हेर्नुहोस् । ) वि. सं. १८७१ चैत्र २२ गते कालीकुमाउको लडाईंमा यिनै हियर्सी घाइते भई नेपालका कैदी भएका थिए । ("पूर्णिमा" १ अङ्कको ५० पृष्ठबाट ) । १४. मेहरेटवाला साहेबलाई षतम भयो = मेरठमा बसेका जिलेस्पीलाई खटन भयो । यिनी मेरठबाट गढवाल हाम आएका थिए । कप्तान बलभद्र कुँवर र यिनको नालापानीमा मुकाबिला हुँदा वि. सं. १८७१ कार्तिक १७ गते यिनको मृत्यु भएको थियो । अलमोडाबाट ५५ कोस

चह्राई गर्नु. मोरफिरापह् र अरु साहिब आउंछन्. कासिपुर रुद्रपुर चिल्किआंमा पहाडियाको[1] बोजि[2] बोकाउनलाइ चार रुपैया महिनाको बिनु गरि सात सौ तयार भयाको र आटा[3] चिनाइ कंडिमा[4] भर्न लाग्याको आफ्ना आंषले देषि आञ्याथ्यां. कलकत्ताबाट[5] बडा साहेब[6] पनि कानपूरमा[7] दाषिल भयाको षबर आउदा डांक्टर साहेबप्रभृति यस् जिल्ला( मा )[8] भयाका साहेब सबै पांच दिन्मां मुरादाबादबाट[9] कानपूरमा पुग्न्या गरि गया. चार पांच दिन वाहां बसि पांच दिन्मां मुरादाबादैमा आउनु भनि ठेगाना गरि गया भनि कह्यो.

मुषजाबत्[10] अह्रायाको छ भनि चिठिमा लेष्याको छ. तलाइ क्या अह्रायाको छ भनि सोध्याउदां[11] बीणा[12] चवर चोषोर दाडिम गैरह् पहाडको चीज येस् वषतमा पठाइदियापछि गोरनरलाइ चह्राउदा हौं. रुपैञ्यां म पठाइदिउला भनि भन्याथ्या भन्यो. रुपयां ल्यायाको छ कि भनि सोध्याउदा माल चिल्किया पुग्यापछि रुपञ्यां दि पठाउला भन्या भोटबाट मगाउन्या चीज छन्. भोटबाट आउनिबित्तिकै पठाइदिउला भनि बिदा गरि पठाञ्यां.

मधेस्मां सर्बत्र जगाजगामां षबर बुझन चिह्नाचर्चा गर्न मानिस् फिज्याका पनि थिया. अरु पनि थपि पठाञ्यां. चन्द्रशेखर पाध्या भयाका ठाउसम्म[13] जानु भनि २ चप्रासि पठाञ्यां.

जो (ष)बर आउला बिंति गरि पठाउला.

मोहडाकाजिबाट[14] भाबरको[15] चौकिदारो[16] त्रि पठायाको साहेबथांलाई पक्कि फेरंगीछिउ लं गयो. उन्की मुन्सिले[17] लेष्याको फार्सि चीठि पनि आईपुग्यो. चिठि बिजनिस् चह्राइ-पठायाको छ. जाहेर होला.

छुषाताका भाबरबाट ज्मादार बलबीर मल्लले मलाई लेष्याको चिठि पनि बिजनिस् चह्राइ पठायाका छ. जाहेर होला.

---

उत्ति दक्षिणपश्चिममा मेरठ छ । १. महाडियाको = पहाडियालाई । २. बोजि = भारी । ३. आटा = पीठो । ४. कंडिमा = डोकोमा । ५. अलमोडाबाट ३२० कोस पूर्वदक्षिणमा कलकत्ता छ । ६. बडा साहिब = गर्भनर जनरल सर्ड हेस्टिङ्स । ७. अलमोडाबाट ९५ कोस दक्षिणपूर्वमा कानपुर छ । ८. पत्रमा छुटेको अक्षर ( ) भित्र थपिएको छ । ९. अलमोडाबाट ३३ कोस दक्षिण-पश्चिममा मुरादाबाद छ । १०. मुषजाबत् = मुखैले । ११. सोध्याउदां = सोध्दा । १२. बीणा = कस्तुरी मृगको नाभिको कस्तूरीको डल्लो । १३. चन्द्रशेखर उपाध्याय, भीमसेन थापाका पालाका प्रसिद्ध राजदूत हुन् । यिनका धेरै पत्रहरू पाइएका छन् । तिनलाई हामी पछि प्रकाश गर्ने छौं । "चन्द्रशेखर उपाध्याय तिनताका आजभोलिको बीरगञ्जको थलाउति थिए ।" ( "अमरसिंह थापा" को ७७ पृष्ठ हेर्नुहोस् । ) १४. मोहडाकाजिबाट = बूढाकाजी अमरसिंह थापाबाट । १५. 'हिमालय प्रदेशलाई सबभन्दा होचा चुरे वा सिवालक नामक पहाडका सिलसिलाले तराई र भाबर नामक दुइ भागमा बाँडेको छ । तराईका उत्तरपट्टिको भाग "भाँवर" र त्यसदेखि पनि उत्तरपट्टिका मझ्योला उचाइका पहाड रहेको खण्ड 'पहाड' कहिन्छ ।" ( "नेपाल–सांस्कृतिक परिषद्–पत्रिका" को २ वर्ष २ अङ्कका १–९ पृष्ठमा छापिएको ऐ. शि. बाबुराम आचार्यको "अशोक र नेपाल" नाउँको निबन्धबाट) । १६. चौकिदारो = चौकीदारी । १७. मुन्सिले = कारिन्दाले ।

इति सम्बत् १८७१ साल मिति आश्विनसुदि ८ रोज ६[1] मुकाम अलमोडा[2] शुभम्……

ईत[3] बम्साहको सलाम सलाम सलाम शुभं … … …

## व्याख्या

कुमाउको मुकाम अलमोडाबाट वि. सं. १८७१ कार्तिक ७ गते महाष्टमीको दिन बौ. बम शाहले श्री ५ महाराजाधिराजको हजूरमा लेखेको यो पत्र वीरपुस्तकालयमा छ।

नेपाल–अंग्रेजयुद्ध हुने लागेको बेलाको दुवै पक्षको अवस्थाको केही झलक यस पत्रबाट पाइन्छ।

श्री ५ पृथ्वीनारायण शाहले शुरु गरेको नेपालको एकीकरणलाई उनका उत्तराधिकारीहरूले अगाडि बढाएका थिए। यसै प्रसङ्गमा वि. सं. १८४३ मङ्सीर ७ गते नेपाल राज्यको भेरी साँध लाग्यो[4]। भेरीभन्दा पश्चिमपट्टि जुम्ला, डोटी, कुमाउ आदि राज्य थिए। हुनत नेपाल कुमाउ पनि विजय गर्न चाहन्थ्यो तापनि कुमाउभन्दा पूर्वका डोटी, जुम्ला नै पहिले विजय गर्नु नेपालको अभीष्ट थियो।

कुमाउको शासनमा कमजोरी आएको समयमा त्यहाँका एकजना भाराबार मोहनसिंह "मोहन चन्द" भन्ने नाउँ लिई त्यहाँका राजा बने। तर वि. सं. १८३६ मा कुमाउका प्रभावशाली मन्त्री जोशीहरूद्वारा मोहन चन्द पदच्युत गरिए। यसपछि वि. सं. १८४३ मा मोहन चन्द फेरि कुमाउका राजा बने[5]। मोहन चन्दलाई त्यस बेला आफ्नो स्थिति कायम राख्न एउटा बलियो राज्यसँग राम्रो सम्बन्ध हुनु आवश्यक थियो। उता नेपाललाई पनि कुमाउलाई मित्र बनाई जुम्ला, डोटीतिर बढे मात्र आफ्नो काममा विघ्न नआउने आशा थियो।

यसै प्रसङ्गमा वि. सं. १८४४ फागुन ३ गते नेपाल र कुमाउको एकानिशत्रु एकामिमित्र गरी सन्धि भयो[6]।

वि. सं. १८४५ मा जोशीहरूले मोहन चन्दलाई हराई कुमाउमा फेरि आफ्नो प्रभुत्व कायम गरे। तर वर्ष दिन पनि नपुग्दै मोहन चन्दका भाइ लालसिंहले जोशीहरूलाई हराई आफ्ना भतिजा महेन्द्र चन्दलाई कुमाउको गद्दीमा राखे। यसपछि कुमाउका हर्ताकर्ता लालसिंह भए[7]।

---

१. आश्विनसुदि ८ रोज ६ = कार्तिक ७ गते शुक्रबार। २. काठमाडौंबाट १५९ कोस अति पश्चिमउत्तरमा अलमोडा छ। ३. ईत = यहाँबाट।

४. "पूर्णिमा" २ अङ्कका ६१–६८ पृष्ठ हेर्नुहोस्।

५. "कुमाऊं का इतिहास" का ३३४–३६३ पृष्ठ हेर्नुहोस्।

६. "ऐतिहासिक पत्रसंग्रह दोस्रो भाग" का ७–९ पृष्ठ हेर्नुहोस्।

७. "कुमाऊं का इतिहास" को ३६३–३६८ पृष्ठ हेर्नुहोस्।

आफ्नो अधिकार खोसिएकोले कुमाउका शासकहरूसँग असन्तुष्ट भएका जोशीहरूलाई हात लिई नेपालले कुमाउमा आक्रमण गरी वि.सं. १८४७ चैत्र ११ गते अलमोडा विजय गर्‍यो[१]।

कुमाउ विजय गरेपछि नेपालीहरूले गढवाल पनि विजय गर्ने विचार गरे । वि.सं. १८४८ आषाढ १२ गते नेपाली सैन्यले गढवालको राजधानी श्रीनगर दखल गर्‍यो[२] । यसपछि गढवाली राजा प्रद्युम्न शाह त्यहाँबाट भागी अलकनन्दा पारि गई बसे । हिउँद लागेपछि नेपाली सेना र गढवाली सेनाको कौडे भन्ने ठाउँमा लडाइँ पर्‍यो । प्रद्युम्न शाह नेपाली सेनासँग हार खाई भागे । आखिर केही नलागी गढवाली राजा प्रद्युम्न शाहले वर्षको २५००० रुपियाँ नेपाललाई तिर्ने गरी[३] वि. सं. १८४९ आश्विनमा नेपालसँग आश्रित सन्धि गरे ।

केही वर्षपछि गढवालले नेपाललाई बुझाउनुपर्ने रुपियाँ बुझाउन छोड्यो। यसैले वि.स. १८६१ वैशाख ६ गते नेपालीहरूले गढवाल दखल गर्न गई वि.सं. १८६१ आषाढ २१ गते गढवालको राजधानी श्रीनगर दखल गरे[४] । यसपछि वि. सं. १८६१ कार्तिक १२ गते नेपाली सैन्यले देहरादून विजय गर्‍यो[५] । यिनै प्रद्युम्न शाहका छोरा सुदर्शन शाह हुन्[६] ।

आफ्नो राज्य खोसिएकोले कुमाउका र गढवालका राजकुलका मानिस नेपालसँग अप्रसन्न थिए । मौका पाए यी राज्य फेरि हात लाउने उनीहरूको विचार थियो।

कुमाउका अन्तिम राजा महेन्द्र चन्दका काका लालसिंहलाई र गढवालका अन्तिम राजा प्रद्युम्न शाहका छोरा सुदर्शन शाहलाई हात लिई कम्पनीसरकारले नेपालसँग लड्न दुवैलाई लाख लाख रुपियाँ दियो। ती दुवैलाई सैनिक सहायता पनि दिने कबोल कम्पनी सरकारले गरेको छ । अहिले यिनीहरू सिपाही भर्ती गर्न लागिरहेछन् । गभर्नर जनरल लर्ड हेस्टिङ्स बरेली आइपुगेपछि यिनीहरू उनीसंग बिदा भई ठाउँठाउँमा जाने भएका छन् भन्ने कुरा यस पत्रमा लेखिएको छ ।

कुमाउको अधिकारप्राप्त राजवंश चन्दवंश थियो । चन्दवंशका चोखा सन्तान मोहन चन्द लालसिंहहरू होइनन् भन्ने हल्ला कुमाउमा चलेको थियो । यस कारण लालसिंहलाई

---

१. विभिन्न वंशावलीका आधारमा ऐ. शि. बाबुराम आचार्यले संग्रह गर्नु भएको तिथिमितिको टिपोटमा वि. सं. १८४७ चैत्र ११ गते अलमोडा विजय भयो भनी लेखिएको छ। "कुमाऊँ का इतिहास"को ३८५ पृष्ठमा वि. सं. १८४७ चैत्रकृष्ण प्रतिपदाको दिन नेपालले अलमोडा जित्यो भनी लेखिएको छ । वि. सं. १८४७ चैत्रकृष्ण प्रतिपदा चैत्र ११ गते पर्छ । यी दुइ प्रमाणका आधारमा वि. सं १८४७ चैत्र ११ गते नेपालले अलमोडा दखल गर्‍यो भनी यहाँ लेखिएको हो ।

२. ऐ. शि. बाबुराम आचार्यको टिपोटबाट। ३. राहुल सांकृत्यायनको "गढवाल" को १८० पृष्ठ हेर्नुहोस् ।

४. ऐ. शि. बाबुराम आचार्यको टिपोटबाट। ५. "इतिहास-प्रकाश १ अङ्क" को ८३ पृष्ठ हेर्नुहोस् । ६. राहुल सांकृत्यायनको "गढवाल" को १८१ पृष्ठ हेर्नुहोस् ।

कुमाउमा ल्याउँदा दुनियाँ भड्कलान् भन्ने डर अंग्रेजहरूलाई थियो । यस कारण कुमाउ-तिरको लडाइँमा लालसिंहलाई अघि सार्ने कामचाहिं अंग्रेजहरूले गरेनन्[१] ।

नेपाल–अंग्रेजयुद्धपछि कम्पनीसरकारले लालसिंहहरूलाई भत्ता खुवाई "राजा" पदवी दिई राख्यो ×। सुदर्शन शाहचाहिँ गढवालको एक भाग टेहरीका राजा बनाइए ❀ ।

हतियार र खानेकुराको बन्दोबस्त हुन सके हामी नयाँ नयाँ पल्टन खडा गर्ने थियौं भन्ने कुरा बम शाहले यस पत्रमा लेखेका छन् ।

वि. सं. १८६७ र १८६८ मा कुमाउको हातहतियार बनाउने कारखानामा केही बन्दूक बनेका थिए । बूढाकाजी अमरसिंह थापाले म्लेच्छकालानलकम्पनीमा भर्ना भएका जवानहरूलाई उनीहरूको जागीरको सनद दिएपछि वि. सं. १८६७ र १८६८ मा बनेका बन्दूकमध्ये तीन सय बन्दूक वि. सं. १८६८ र १८६९ मा म्लेच्छकालानलकम्पनीमा गए। कुमाउमै बसेको भवानीबक्सकम्पनीका केही जवानलाई यहाँका बन्दूक पुगे । यहाँ बनेका बन्दूक उस्ता असल पनि छैनन् । भवानीबक्सकम्पनीका बन्दूकमध्ये आधाभन्दा बढी बन्दूक थोत्रिएकाले फेर्नुपर्ने भएको छ । यस कारण ५।६ सय बन्दूक तथा गोली बारुद समयमै यता पठाइदिए बेस होला भनी यस पत्रमा लेखिएको छ ।

डोटीतिर कुनै भारादार पनि छैनन्, त्यता केही भारादारको साथमा केही सिपाही पठाउने अनुरोध बम शाहले यस पत्रमा गरेका छन् ।

काठमाडौंबाट काजी बखतबार सिंह बस्न्यात डोटीको रक्षाको लागि खटिए जस्ता थिए[२] । तर डोटीमै नियत भई बस्ने भारादार र सिपाही भए बढिया हुन्थ्यो भन्ने बम शाहको भाव देखिन्छ ।

"कासिपुरका बेणिराम साहुलाई मैले लेष्याको चिठि चिल्कियाको मंडीमां डांकृधरका मानिस्ले च्याति लियाको बिस्तार अघिल्ला अर्जिमां बिंति गरि पठायाको हो" भनी यस पत्रमा लेखिएको छ।

कम्पनीसरकारका जागीरे डा. रदरफोर्ड नाउँका एकजना अंग्रेज मुरादाबादतिर डाक्टरी काम गर्थे । त्यस कामको साथसाथै उनी व्यापारसम्बन्धी काम, लडाइँका सर-साम न बन्दोबस्त गर्ने काम चिठीपत्र ओहरोदोहोरो गर्ने काम, र जासूसी काम पनि गर्थे[३] ।

---

१. "कुमाऊँ का इतिहास" का ४०७–४०९ पृष्ठ हेर्नुहोस् ।

×' कुमाऊँ का इतिहास" को ४४० पृष्ठ हेर्नुहोस् ।

❀"गढवाल" को २३६ पृष्ठ हेर्नुहोस् ।

२. "पूर्णिमा" २ अङ्कको ६९ पृष्ठ हेर्नुहोस् ।

३. "कुमाऊँका इतिहास" को ४०९ पृष्ठ हेर्नुहोस् ।

नेपाल–अंग्रेजयुद्धमा थिनले कुमाउ गढवालका बासिन्दालाई पैसा खुवाई खुवाई नेपालको जासूसी गरेका थिए[१]।

यस पत्रमा उल्लिखित 'डाक्टर' थिनै डाक्टर रदरफोर्ड हुन् भन्ने देखिन्छ। अंग्रेजहरूले कुमाउको तराई काशीपुरमा भाँगको कारखाना खोलेका थिए[२]। त्यस कारखाना–का हाकिम पनि डाक्टर रदरफोर्ड नै थिए[३]। यस कारखानाको निमित्त भाँग लिनाको लागि रदरफोर्डको चप्रासी अलमोडामा आइरहन्थ्यो। त्यस चप्रासीलाई बम शाहले हात लिएका थिए। त्यस चप्रासीले अंग्रेजतर्फको युद्धको तयारीको विषयमा बम शाहलाई सुचना दिएको कुरा यस पत्रमा परेको छ।

अंग्रेजतर्फको कुरा बुझ्न बम शाहले कोशिश गरेका थिए। उनले अंग्रेजको खेवा–खर्चा गर्न पहिलेबाटै केही मान्छे छोडिराखेको र अहिले अरू मानिस पनि थपी पठाएको कुराको यस पत्रमा उल्लेख छ।

यो पत्र लेखिएको ११ दिनपछि नेपाल र अंग्रेजको युद्ध विधिवत् शुरू भए तापनि यो पत्र लेखिएको अघिल्लो दिन अंग्रेजी सैन्य नेपाली इलाकामा घुसिसकेका थियो। यो पत्र लेखिएको ३ दिनपछि नालापानीमा नेपाली सैन्य र अंग्रेजी सैन्यको भिडन्त भएको थियो[४]। यो पत्र लेखिएको १० दिनपछि नालापानीको लडाइँमा अंग्रेजतर्फका सेनापति जिलेस्पीको देहान्त भएको थियो[५]।

कुमाउमा भने यो पत्र लेखिएको ४ महीनापछि वि. सं. १८७१ फागुन ६ गते अंग्रेजी सैन्य घुसेको हो[६]।

यस पत्रबाट युद्धको लागि अंग्रेजहरूले गरेको बन्दोबस्त र बम शाहले अंग्रेजहरूको कुरा बुझ्न गरेको प्रयत्न पनि बुझिन्छ।

—०—

---

१. 'भारत में अङ्गरेजी राज्य' को ९५१ पृष्ठ हेर्नुहोस्। २. 'कुमाऊँ का इतिहास' को ४०७ पृष्ठ हेर्नुहोस्। ३. एच आर. नेभिलको "नैनीताल गजेटियर" को २१८ पृष्ठ हेर्नुहोस्।

४. 'पूर्णिमा' १ अङ्कको ४८ पृष्ठ हेर्नुहोस्।

५. 'पूर्णिमा' ३ अङ्कको ५९ पृष्ठ हेर्नुहोस्।

६. 'कुमाऊँ का इतिहास' को ४१३ पृष्ठ हेर्नुहोस्।

# लाहोरमा नेपाली वीरहरू

—दिनेशराज पन्त

श्री ५ पृथ्वीनारायण शाहको उदय हुनुभन्दा पहिले नेपालीहरूले लडाका जातिको रूपमा संसारमा प्रसिद्धि पाएका थिएनन् । पृथ्वीनारायण शाहको उदयले नेपालको एकीकरणको जग बस्नाका साथसाथै यस कुराले पनि जग हालेको थियो ।

विजिगीषु पृथ्वीनारायण शाहलाई लडाकाहरूको आवश्यकता पर्‍यो र योग्य सैनिक तयार पार्ने कुरामा उनले विशेष विचार गरे । यसका लागि सैनिक योग्यताको कदर गरी कामअनुसारको मामको बन्दोबस्त मिलाइदिई सैनिकहरूलाई अगाडि बढ्न मौका दिने नीति पृथ्वीनारायण शाहले लिए । यस कुराको झलक आफ्नो अन्तिम अवस्थामा आफ्ना भाइ-भारादारलाई सुनाइगएको उनको उपदेशमा हामी पाउँछौं । सो उपदेशमा सैन्यसंघट्टनको विषयमा पृथ्वीनारायण शाहले यस्तो बोलेका छन्—

"उप्रान्त ॥ जह[1] कुरो राजालाई चाहीन्या सिपाहिहरुको घर षेत् मिलाईदिनु र मळ् जळ् गर्छन् र डुबी[2] बोटि[3] भित्र हाल्न पाउछन् र कबिलाको[4] निर्फिक्रि हुन्छ. ढोकामा[5] भया पनि गौडामा[6] भया पनि सिपाहिहरुको छाति बलियो रहन्छ.

लडाञीमा मन्यो भन्या उस्का छोरा षुडा हान्या नहून्ज्याळ् मरवट[7] दिनु. षुडा हान्या भयापछि जागिरमा उकालिदिनु.

पजनि गर्दामा पनि सये नालका[8] कंम्पनी[9] जमाउनु र सये नालका सुबेदार चार पाच लडाञीमा जस पाई आयाका यस्ता आफुले जाचि सुबेदार हाल्नु. सुबेदारले पनि सात पगरि दुई चार बाढ षायाका[10] यस्ता सात पगरि हाल्नु. सात पगरिले स्वह्र हुदा हाल्दा आफुसित मर्ने मार्न्ये जाची १६ हुदा हाल्नु. १६ हुदाले पनि आफुसित मर्ने मार्न्ये जाची सिपाही हालि आफ्ना आफ्नापट्टि भर्ना गर्नु.

सिपाहि भन्याको तिषारिराषनु[11]. तिषारिराष्याका सिपाहि कसैका मलाजामा पस्तैनन् र आफ्नु काज फत्य हुन्छ.

राजाको चतुराई भया सिपाही रैति हात गरिराष्नु. कसैको मलाजापछि गुणपछी लाग्नु नदिनु. गुनपछि लाउनु .

राजाले बिबेक राषीदिया देसदेसका सिपाहि पनि आसा राषी आउन्छन् र यस्ता भया तरवारीया सिपाहि हात लाग्छन् ."

---

१. जह = मुख्य । २. डुबी = दुवै । ३. बोटि = मोही र तलिसङले पाउनुपर्ने आफ्नो आफ्नो भागको बाली । ४. कबिला = जहान छोराछोरी । ५. ढोका = राजधानी । ६. गौडा = गढी ।

७. मरवट् = लडाइँमा मरेका सैनिकका जहान छोराछोरीलाई दिइने वृत्ति । ८. नाल = बन्दूक । ९. कम्पनी = फौजी जवानहरूको जमात । १०. बाढ षायाका = लडाईको मैदानमा लडी बाँची आएका । ११. तिषारिराषनु = कर्तव्यको शिक्षा दिंदै हौसला बढाइराख्नु ।

योग्य सैनिक तयार पार्ने काममा पृथ्वीनारायण शाहले लिएको उपर्युक्त नीतिले ठूलो असर पारेको थियो।

केहरसिंह बस्न्यात, अभिमानसिंह बस्न्यात, दामोदर पाँडे, बूढा अमरसिंह थापा आदि प्रसिद्ध भारदारहरू यही नीतिले हुर्केर प्रसिद्ध योद्धाका रूपमा देखापरेका हुन्।

पृथ्वीनारायणपछि उनको नीतिको राम्ररी अनुसरण गरिएन तापनि उनका कान्छा छोरा बहादुर शाहको पालामा पनि योग्य सैनिक तयार पार्ने काम हुँदै गयो। यसरी नेपालीहरू योद्धा जातिको रूपमा परिणत हुँदै गए।

वि. सं. १८७१–७२ को नेपाल–अंग्रेजयुद्धमा सीमित साधन भईकन पनि साधन-सम्पन्न अंग्रेजहरूसंग मुकाबिला गरी नेपाली वीरहरूले जुन वीरता देखाए, त्यसले खुद अंग्रेजहरू र अरूहरूलाई पनि नेपालीहरूको लडाकापनको परिचय दियो।

यस नेपाल–अंग्रेजयुद्धपछि नेपालीहरूको विजययात्रा रोकियो र नेपाली लडाकाहरूको खपत नेपालमा मात्र हुन छोड्यो। यसपछि लडाका नेपालीहरू विदेशतिर जान लागे।

पञ्जाबकेशरी रणजित्सिंह पहिले पञ्जाबको सानो राज्यका राजा थिए। पछि उनले विस्तार विस्तार आफ्नो राज्य बढाउँदै गएका थिए। उनी आफ्नो सेनालाई मजबूत बनाई नयाँ ढाँचामा ढाल्न चाहन्थे। नेपालीहरूले नेपाल–अंग्रेजयुद्धमा जुन वीरता देखाएका थिए, त्यो देखी रणजित्सिंह प्रभावित भएका थिए। यसै कारण उनले नेपालीहरूलाई ठूलो स्थान दिई संमानपूर्वक आफ्नो सेनामा राख्न थालेका थिए[१]।

लाहोरमा नेपाली वीरहरूको कुन स्थिति थियो भन्ने कुरा देखाउने केही पत्रहरू पाइएका छन्।ती पत्रहरूबाट यी कुराहरू थाहा पाइएका छन् -

नालापानीका प्रसिद्ध लडाका बलभद्र कुँवर नेपाल–अंग्रेजयुद्धपछि रणजित्सिंहको सेनामा भर्ना भएका थिए। यिनको दैनिक तलब पहिले १० रुपियाँ थियो। पछि १५ रुपियाँ पुगेको थियो। बलभद्र कुँवर रणजित्सिंहका विश्वासप्राप्त सेनापतिमा एक जना थिए।

बूढाकाजी अमरसिंह थापाका छोरा अर्जुनसिंह थापा पनि रणजित्सिंहको सेनामा थिए। यिनको दैनिक तलब पहिले ७ रुपियाँ थियो। पछि यिनी कप्तान भएका थिए र दैनिक तलब १० रुपियाँ पुगेको थियो। यिनका भाइ भूपालसिंह थापा पनि रणजित्सिंहको सेनामा कप्तान थिए। यिनको दैनिक तलब पहिले १८ रुपैयाँ थियो। पछि घटी ११ रुपियाँ भएको थियो। भूपालसिंह थापामार्फत नेपालीहरू रणजित्सिंहको सेनामा भर्ना हुन्थे। अर्जुनसिंह थापाका छोरा पनि रणजित्सिंहको सेनामा थिए र यिनी दैनिक तलब ७ रुपियाँ पाउँथे।

रणजित्सिंहको सेनामा भएका नेपाली सुबेदारहरू दैनिक तलब २ रुपियाँ पाउँथे। जमादारहरूको मासिक तलब २५ रुपियाँ थियो तथा सिपाहीहरू मासिक तलब ८ रुपियाँ पाउँथे।

१ जयचन्द्र विद्यालङ्कारको 'भारतीय इतिहास का उन्मीलन' को ६९१–९२ पृष्ठ हेर्नुहोस्।

वि. सं. १८७९ भन्दा केही अघि रणजित्सिंहले अफगानिस्तानको पेशावर प्रदेश आफ्नो राज्यमा मिलाए(१)। वि. सं १८७९ मा मुहम्मद अजीमले पेशावरमा आक्रमण गरे। पेशावरको नौशेरा भन्ने ठाउँमा सिख र अफगानको युद्ध भयो। सो युद्धमा रणजित्सिंहको तर्फबाट नेपालीहरूले पनि लडेका थिए। अफगानहरूले सिख सेनामा खूपसंग आक्रमण गरे। तर नेपालीहरूले वीरतापूर्वक डटेर त्यस आक्रमणको प्रतिरोध गरे। त्यही लडाइंमा वि. सं. १८७९ चैत्र ३ गते केही नेपालीसहित बलभद्र कुंवरले वीरगति पाए।

यसै गरी सिख सैन्यसित मिली नेपालीहरूले अरू अरू युद्धमा पनि वीरतापूर्वक लडेका थिए। (२)

पाठकहरूलाई प्रमाणको आधारमा विचार गर्न सजिलो होस् भनी लाहोरमा रहेका नेपालीविषयका केही पत्रहरू यहाँ उद्धृत गरिन्छन्–

१ संख्या

भुपाळ् थापालाई अघी १८ रुपैञा रोज् थियो. जुवाको लीन् गरी उपर काम्

१. भारतीय इतिहासका उन्मीलनको ६९३ पृष्ठ हेर्नुहोस्।

२. पंजाबका राजा रणजित्सिंहलाई आफूतिर मिलाउने कोशिश बूढा अमरसिंह थापाले वि. सं १८७० देखि नै गरिरहेका थिए। नेपाल सरकारबाट पनि रणजित्सिंहलाई अंग्रेजसंगको मित्रताको धोकामा नपर्नुहोस्। हाम्रो पनि उनीहरूसित मित्रता थियो भनी पत्र लेखियो। रणजित्सिंहलाई यो अनुरोधको केही असर परेन। बरु उनले नेपालीहरूको हरेक प्रस्तावको सूचना अंग्रेजलाई दिदै रहे। (भारतीय इतिहासका उन्मीलनको ६८३–८४ पृष्ठ)

हामी मिलेर आफ्नो देशको स्वतन्त्रताको रक्षा गरौं भनी रणजित्सिंहसंग नेपालीहरूले वि. सं १८७१ मा अनुरोध गरेका थिए। पछि पनि भीमसेन थापाले बराबर त्यो अनुरोध गरिरहेका थिए। तर त्यस बेला रणजित्सिंहले त्यसको वास्ता राखेनन्। पछि जब अंग्रेजहरूले रणजित्सिंहलाई सिन्धतिर बढ्न रोके तथा आफ्ना पिठ्यू शाहशुजाद्वारा पश्चिमतिरबाट पनि घेर्ने कोशिश गरे। तब रणजित्सिंहको विचार बदलियो। अनि उनी अंग्रेजसंग मुकाबिला गर्नको लागि अरू राज्यहरूको सहायता लिने कोशिशमा लागे। वि. सं. १८९० मा रणजित्सिंहको एउटा ज्यादै गुप्तपत्र नेपाल दरबारमा पुग्यो। त्यसमा भीमसेन थापाको वि. सं. १८८२ को प्रस्तावको स्वीकृति थियो भन्ने बुझिन्छ। वि. सं. १८९१ मा नेपाली दूत अमृतसर आए। (ऐ. ७१८ पृष्ठ)

सिख राज्यले काश्मीरको पूर्वपट्टिका लद्दाखदेखि मानसरोवरसम्मका भोटका प्रदेश जिती नेपाल राज्यसंग आफ्नो सीमाना जोड्नुपर्छ, अनि सिखसंग मिली नेपालले पूर्व र उत्तरबाट आक्रमण गरी महाकालीदेखि सतलजसम्मका हिमाञ्चल प्रदेशलाई आफ्नो बशमा पार्नेछ। यी प्रदेशलाई वि. सं. १८७१–७२ को युद्धमा अंग्रेजले नेपालसंग खोसिलिएका

कुरामा गाफीळ् (१) रहंदा दर्मा (२) घटयाको हो. आजभोली रोज्को ११ रुपैञा पाउछं. एस् पाला भुपाळ् थापाप्रभृती जुवा षेळन्या सुबेदार ज्मादारहरूलाई अर्जुन थापाले जुवा सधैं किन षेल्छौ भनी सबैलाई आफ्ना हातले २।२।४।४ थप्पर मारी कुट्ता रंजितसीं षुस् भै अर्जुन थापालाई कप्तानी भयो. अघी ७ रुपैञा रोज थीयो. अब १० रुपैञा रोज् भयो. अर्जुन थापाको छोरालाई पनी ७ रुपैञा रोज्को बंदोबस्त भयो. नोकरी गर्न जान्या पाहाडीहरुले भुपाळ् थापाको बाटो गरी रंजीत्सींसित हाजीरी हुंछ. भुपाळ् थापाले जस्-माफिकको अर्धीको हो भनी बिंति पार्छ. सोहीमाफिकको दर्जा दर्मा मिल्छ. एस् कुराका मार्फत् भूपाळ् थापालाई तुल्यायाको छ.

२ संख्या

जमादार तुलाराम घर्तिले जमानि कह्याको (३) षबर—मोरकिराफट् (४) साहेब परारदेषि पाहाड चढयाको उभो (५) भोट् (६) छिर्न नपाई हटि पोर अंतरपाहाडको (७) बाटो गरि कस्मेर (८) जान लाग्दा राजा संसारचं (९) र चंबाको (१०) राजाले पाहाडको बाटो पुडो (११) जान नदिदा लाहुरमा (१२) रणजीत्सिंछेउ गै मैं बेपारि हो. केहि चीज षरिद गर्न कस्मेर जांछु भंदा गुरुको (१३) प्रताप् छंज्याळ् केहि हुन्याछैन. जगा हेर्न जांछस् ता जा. क्या होला भनि रस्ता (१४) दियो. भदवमा उभो गयोथ्यो. पस्मिनागैरह (१५) केहि चिज भन्या वाहाबाट पठायाको फागुन्मा अमरसरमा (१६) आयो. आफु कस्मेरैमा छ.

हुन् । भारतका अरू राज्यलाई पनि टाउको उठाउन हामीले उचाल्नुपर्छ भन्ने प्रस्ताव भीमसेन थापाको थियो भन्ने बुझिन्छ । ( ऐ. ७१८–१९ पृष्ठ )

यही प्रस्तावअनुसार सिखले आफ्ना नेपाली सैनिकहरूसमेत भई वि. सं. १८९२ मा लद्दाखमा आक्रमण गरी जिते। भोटको रक्षामा आएको चिनियाँ सेनासंगको युद्धमा सिख सेनापति जोरावरसिंह मारिए । ( ऐ. ७१८, ७२९ पृष्ठ )

१. गाफीळ्=अबजस । २. दर्मा=तलब ।

३. जमानि कह्याको=मुखैले भनेको ।४. मोरकिराफट्=डा. मूरक्रौफ्ट । यी मूरक्रौफ्ट वि. सं. १८६९ को शुरूमा नेपालराज्यको बाटो भेष फेरी भोट पस्न खोज्दा कुमाउँमा समातिएका थिए । पछि नेपाल सरकारले उनलाई छोडिदिएको थियो । ( ऐतिहासिक-पत्रसङ्ग्रह पहिलो भागको १०४–१० पृष्ठ हेर्नुहोस् । )५. उभो=अगाडि ।६. भोट्= काठमाडौंबाट भोटको राजधानी ल्हासा १६५ कोश जति पूर्वउत्तरमा छ+ ।७. अंतर-पाहाड=भित्री पहाड ।८. कस्मेर=काठमाडौंबाट काश्मीरको राजधानी श्रीनगर ३४१ कोश जति पश्चिमउत्तरमा छ ।९. राजा संसारचं=काङ्डाका राजा ।१०. चंबा=काठमाडौंबाट चंबा २८२ कोश जति पश्चिमउत्तरमा छ ।११. पुडो=अगाडि ।१२. लाहुर=काठमाडौंबाट लाहोर ३१७ कोश जति पश्चिमउत्तरमा छ ।१३. गुरु=नानकले चलाएको सिख सम्प्र-दायका मुख्य आचार्य । १४. रस्ता=बाटो । १५. गैरह=आदि । १६. अमरसर=काठमाडौं-बाट अमृतसर ३०४ कोश जति पश्चिम उत्तरमा छ ।

+यहाँ परेका ठाउँका कोशहरू शङ्करमान राजवंशीले हालिदिनुभएको हो ।

बलभद्र कबरलाई रणजित्सिंले पुरानु गोर्षालि पल्टं पनि तैनाथ गरिदियो. आजकाळ् नञा मानिस् पनि ३।४ सय जमा भया भंन्या षवर सुबेदार दलजित् कार्किले ल्यायाथ्या. सोहराको (१) षवरमा भन्या डाक्मा ₂ जळ् मगाई श्नान् गरौंछ. अब ता ₁ सम्म अम्मळ् (२) चाडै गर्नुपर्छ्यो भनि कचहरिमा (३) बलभद्र कबरका आगमा धाप् मारि रणजीत्सिंले भन्या भनि सुनियो.

मेरट्मा (४) बस्न्या ठुलो जर्नेळ् रहेछ. उ जर्नेळ् मेरट्बाट सारंपुर (५) आई काला पल्टंको (६) पनि हाजिरि लियो. गुरुद्वाराबाट गोर्षालि पल्टन् मगाई बाढ भरायो. बढिया रह्याछन् भनि षुसि भै षातर (७) तसल्य (८) बढिया गरि दि घर जाउ भनि ७।७ सैन्हाको बिदा दियो. मुसिकोटचा (९) सुबेदारगैरह ह्रै मानिस् येता आयाका छन्. (१०) जर्नेळ् वाहादेषि डिल्लि (११) गै लुनि अषतर (१२) गैरह साहेबहेरुसग मसलद (१३) गरि लुध्याना (१४) गयो. वाहाको बन्दोबस्त गरि चैतमा फिरि आयो. त्यो जर्नेळ् गयादेषि ओढो (१५) लुध्यानामा गोदाम् असबाप् (१६) जान लागिरहेछ भनि महाजं नारांदास् नजीमाबादको (१७) षत्रि गुरुदास्ले भन्थ्या.

कोट्लहरका राजा नारायनपाळ् ₂ मा आयाका रह्याछन्. मलाई डाकि पठाया. उनैका डेरामा गया. ₂ मा (१८) चह्राई पठाउन ३ घोडा ५ लस्करि बंदुक् ल्यायाको छ. डोटिसम्म (१९) तैंले ळैगिदिनु. वाहादेषि चौतरियाबाट पठाईदिनुहोला भनि घोडा बंदुक सौप्या. राजाछेउ पश्चिम्तिरको षैषवर क्या छ भनि मैले सोद्धा लाहुरमा बस्याको फेरंगिको (२०) अषवारनबिस्लाई (२१) अघि भन्या रणजीत्सिंले देसदेसावर जताबाट जो षवर

---

१. सोहरा = हल्ला । २. अम्मळ् = विजय । ३. कचहरि = सभा । ४. मेरट् = काठमाडौंबाट मेरठ २०७ कोश जति पश्चिममा छ । ५. सारंपुर = काठमाडौंबाट सहारनपुर २२० कोश जति पश्चिममा छ । ६. काला पल्टं = अंग्रेजका हिन्दुस्तानी सिपाही । ७. षातर = सम्मान । ८. तसल्य = आश्वासन । ९. मुसिकोट = काठमाडौंबाट मुसिकोट ५६३ कोश जति पश्चिममा छ ।

१०. यताबाट अंग्रेजहरूले नेपालीहरूको पल्टन खडा गराएका थिए भन्ने बुझिन्छ । अमरसिंह थापा र अक्टरलोनीको बीचमा भएको वि. सं. १८७२ जेठ ४ गतेको सन्धिको पाँचौं प्रकममा नेपाली सिपाहीहरू अंग्रेजको पल्टनमा भर्ना हुन पाउँछन् भन्ने कुरा छ । (सूर्यविक्रम ज्ञवालीको 'अमरसिंह थापा' को १०८ पृष्ठ हेर्नुहोस् ।)

११. डिल्ली = काठमाडौंबाट दिल्ली २२० कोश जति पश्चिममा छ । १२. लुनि अष्तर = अक्टरलोनी । १३. मसलद = सल्लाह । १४. लुध्याना = काठमाडौंबाट लुधियाना २६६ कोश जति उत्तरपश्चिममा छ । १५. ओढो = यता । १६. असवाप् = मालसामान । १७. नजिमाबाद = काठमाडौंबाट नजीबाबाद १९३ कोश जति उत्तरपश्चिममा छ । १८. ₂ मा = श्री ५ महाराजाधिराजमा । १९. डोटि = काठमाडौंबाट डोटी १३६ कोश जति पश्चिममा छ । २०. फेरंगि = अंग्रेज । २१. अषबारनविस् = संवाददाता ।

आउथ्यो. उहि चिठि देषाउथ्या. अब भन्या चिठि देषाउन छोड्या. पेट्मा हुस्याहुस्य पऱ्या जस्तो छ.(१) लुध्यानामा येस्का पनि अघिभन्दा जंगि सरंजाम् ज्यादा हुन लागिरहेछ. हाम्रो मित्छोरा बलभद्र कबर पोर, मा आयेछ. रोजकारको ईक्षा(२) रहेछ र मलाई लेषि पठायो. मैले रणजीत्सिलाई लेषदा सिषले बढिया हो. झिकाउ भनि लेषदा कोट्लहरमा झिकाया. बलभद्र पुग्यापछि फिरि सिष्लाई लेषदा पठाईदेउ भनि लेषि पठाया र डेरा तंबु(३) घोडा दि आफ्ना मानिस् साथ लाई लाहुर पठाईदियाथ्या. पहिले भन्या १० रुपैञा रोज गरिदिया. कचहरिमा जानाको षुल्लस् भयाको थि येन. अब भन्या षर्चमा पनि ५ रुपैञा थपि १५ रुपैञा रोजको भयो. रणजीत्सिको कचहरिमा चौथा दिन्मा आउनु. बलभद्र कबर आउदा कौनै डेउढिमा(४) कस्मैले नरोकनु भंन्या उर्दि भयो. बढियै तरहसित रह्याको छ. बढन्या छ भन्या कुरा गऱ्या. गोर्षा सर्कारको लाहुरमा उस्तो मानिस् कोहि रह्याको छैन . यौटा निको मानिस् लाहुरमा रह्या बढिया हुदो हो भंथ्या भनी कह्यो. शुभम्

३ संख्या

श्रीमहाराजा रणजितसिबाट भूपालसि थापाका नाउमा आयाको पर्वाना(५)

जवांमर्दिको(६) आड दिन्या कप्तान् भूपालसि षुस् रहोस्. उप्रान्त तेरो अर्जि नजर मुबारक्मा(७) गु··विस्तार लेष्याको बुझनामा आयो. बर्सातपछि महाराजाबाट रुष-सत(८) हासिल गरि हाम्रा ह(जूर)मा आउन्या कुरा र तेरा भाई(९) जवामर्दिको आड दिन्या अर्जुनसिको सिपारस्संग बिंति गऱ्याको थियो. हस्थं बर्सात रुष्यापछि उम्दा उम्दा(१०) सिपाहिहरु दस्तूरबमोजिम् जस्मा केहि संदेह छैन. साथ ली तं हाम्रा हजूरमा हाजिर हो औ जवामर्दिको आड दिन्या अर्जुनसिमाथि पालन पोस(ण)को नजर बढेछ. महाराजा नेपालका कुशल आनन्दको बिस्तार र तहाको बेवस्ता दस्तूरब(मो)-जिम् लेष्दै रहनु. सावणको महिनाको पहिलामा हजूरको पर्मानगि. लाहौरबाट फ(कीर अ)जीजुदिनको(११) आशिर्वाद. मुन्सी संतरामको(१२) नेआजमंदि(१३) शुभम् ।

= ४ संख्या

स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादिसकलगुणगरिष्ठ राजभारोद्धारणसामर्थ श्रीश्रीश्रीजर्णैलसाहेब भेमसेन थापाका चरणतल ईत सुबेदार बनमालि पन्त सुबेदार उमेदसि ठाकुर सुबेदार भ्वानासि पतृ सुबेदार दलसि भंडारि अरु जमादा(र)हरुसमेत्को आसिर्वाद सलाम् सेवा इत निक ताहाँ पाव कुसल भया हाम्रो पतिपाल उद्धार होला.

---

१. पेट्मा हुस्याहुस्य पऱ्या जस्तो छ = मन वैमनस्य भए जस्तो छ । २. ईक्षा = इच्छा । ३. तंबु = पाल । ४. डेउढि = ढोका ।

५. पर्वाना = आज्ञापत्र । ६. जवांमर्दि = बहादुरी । ७ मुबारक = कृपा । ८. रुषसत = बिदा। ९. अर्जुनसिंह थापा भूपालसिंह थापाका दाजु हुन् । (विशेष कुरा ऐतिहासिक–पत्रसंग्रह दोस्रो भागको १०४ पृष्ठमा हेर्नुहोस् ।)
१०. उम्दा उम्दा = असल असल।११. फकिर अजीजुदिन = रणजित्सिंहका मन्त्री ।१२. मुन्शी संतराम = रणजित्सिंहका विश्वासप्राप्त अधिकारी ।१३. नेआजमंदि = शुभेच्छा।

उप्रान्त गिरधारिलाई जिउँदा छन् की मन्या भनि देषन पठाउनुभयेछ. आइपुग्या. जिउँदा मन्याका हिसावमा भन्या चैतका ३ दिन जांदा (१) अजिमषां(सँग) पेसौरमा (२) नौशेरा भन्याको ठिवा नौ वाछाहाले लडयाको जगा रहेछ.(त)हिं ठाउँमा हाम्रा पनि लडाञि भयो. कप्तान बलभद्र कुमर सुबेदार बर्नासि षड्का ज्मादार अँमान अवास् ज्मादा (र) रुप्सीं षड्का ज्मादार जिउर्नासि टुरा सिपाहि ५० हाम्रा जगामा पऱ्या. फुलासि अकालि (३) गर्भासि सर्दार पऱ्या. उमेदासिलाइ घाहा लाग्यो. वैरिका पनी १२ हजार १ कै ठाउँमा पऱ्या. पछि अजिमषां कबिलको मालिक (४) भागिगयो. १५।१६ दिन पेसौ (र) सहरमा बसिउँ. अजिम षांका ३ भाई अ(ा)इ (र)णजितसिसँग २ जिम्न्या···मिल्या. येस्ले पनि पेसौर उनैलाइ दि आयो. उति गरि हामि लाहुर आई अम्बरहमा हाम्रो रणजितसिको दंगा भयो. फेरि हामीलाई येश्ले २ भाइ फरासेस फिरंगिका (५) हथाला पल्टन् गरिदियो. फरासेसले पनि सुबेदारका २ रुपैया रोज ज्मादारका मैन्हा(का) २५ सिपाहिका मैन्हाका ८ रुपैया गरिदियां. गोर्षालि भन्नामा पियारो गर्छ. आजसम्म हामिले पनि हामि भागि नसि गया षामिदको (६) नाउ बदनामि होला. १क दफे (७) हामिपर (८) मेह (९) कसो होवैन भनी बस्याका छौं. षामिदका नुन पानिले यो सरिर जम्याको छ. २ दिन चर्न्ह कहीं गया पनि मुलुक घर हाम्रो ताहि छ. परन्तु आउनु ताहिं छ. जाहांसुधै गया पनि नुनको सोझो ताहिकै गर्नु छ. जउना घरि हुकुम निमिहेरुले यो काम गर्नुपर्छ भनि हुकुमु आउला. सो काममा हामि हामि हाजिरै छौं. बहुत क्या लेषौं. गिरधारि विस्तार किन्ति भंनाम्. मिति माघशुदि १३ रोज ६(१०) मुकाम(११) लाहुर शुभ

५ संख्या

स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादिसकलगुणगरिष्ठ राजभारोद्धारणसामर्थ श्रीश्रीश्रीजनरलसाहेब भिमसेन थापाका चरणतल इत श्रीरणदल पाडे श्रीदरियावसिंह वस्न्यात्को पाउलागु सेवा इस निक ताहा चरण सदा कुशल मंगल भया हाम्रो प्रतिपाल होला. आगे ञांहाको समाचार भलो छ.

उप्रांत लाहुरसम्म षबर बुझन पठायाका मानिस्हेरु आईपुग्या. उनिहरूले पाया सुन्याको समाचारको बिजनिस्(१२) र लमजुंङ्को(१३) धमिन्या गाऊ बस्न्य(ा) बनमालि

---

१. चैतका ३ दिन जांदा=वि. सं. १८७९ चैत्र ३ गते।२. पेसौर=काठमाडौंबाट पेशावर ४३६ कोश जति उत्तर पश्चिममा छ। ३. अकालि=सिखहरूको एक थर। ४.अजिमषां कबिलको मालिक=काबुलका राजा मुहम्मद अजीम। काठमाडौंबाट काबुल ४७८ कोश जति पश्चिमउत्तरमा छ।

५. २ भाइ फरासेस फिरंगि=रणजित्सिहका फ्रांसीसी सेनापति वेंतुरा र अलार। (भारतीय इतिहासका उन्मीलनको ६९२-९३ पृष्ठ हेर्नुहोस।)६. षामिद=मालिक (भीमसेन थापा)।७. १क दफे=एकदफ्ट।८. हामीपर=हामीमा।९. मेह=दया।१०. मिति माघशुदि १३ रोज ६=वि. सं. १८८० फागुन ३ गते।११. मुकाम=वासस्थान।

१२. बिजनिस्=डांकपत्र। १३. लमजुंङ्=काठमाडौंबाट लम्जुङ ३१ कोश जति पश्चिम-

पंथ रंजित्सिंको गीर्वाली पल्टन्मा सुवेदार भयाका रह्याछन्. वनमाली पंथसित भेट् भयेछ र तिमीहरु काहाबाट आयौ भनि सोध्यायाछन्. फलाना जगाबाट आयाका हुँ भनि ज्याँहाबाट आत्याहरूले भन्याछन् । वनमाली पंथले मलाई चिठि लेख्याको रहेछ. उ चिठिसमेत् चह्राइ पठायाको छ. चरणमा पुग्ला. समाचारको बिजनिस्मा बडा बडा मानिस्हेरूले भन्याको सम... शुवेदार ज्मादार षाल्सा(१) महाजन् जीमिदारहरुले कह्याको समाचार हो. कोहि कुरा साचो झुठो होला. यो तज्बिज् चरणबाट हुन्याछ. इति संम्वत् १८८३ साल मिति पौष-बदि ११ रोज ३★ मुकाम् डडेलधुरा(३) शुम्म्(४)

यी पत्रहरूले नेपाल–अंग्रेजयुद्धपछि नेपाली वीरहरू लाहोरमा पुगी कसरी रहन लागे भन्ने कुरालाई प्रामाणिक रूपमा बताउछन् । यसै गरी बिस्तारै बिस्तारै नेपालीहरू आयुध-जीवीको पेशा लिई अरू अरू ठाउँमा पनि जान लागे, अहिलेसम्म पनि जाँदैछन् । शुरू शुरूमा लाहोरमा गई सेनामा भर्ना भई लाहुरे कहलाएका हुनाले पछि पछि जहाँ गई सैनिकवृत्ति लिए पनि ती सबैलाई लाहुरे भन्ने चलन चल्यो ।

—०—

---

मा छ । १. षाल्सा = गुरु नानकले चलाएको धर्म मान्ने ।

★ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८८३ पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| माघ १२ | मङ्गल | एकादशी | ४२ | १२ |

(पात्रोबाट)

३. डडेलधुरा = काठमाडौंबाट डडेलधुरा १३२ कोश जति पश्चिममा छ । ४. यहाँ दिइएका पत्रमध्ये १, २, ५ संख्याका पत्र वीरपुस्तकालयमा रहेका अप्रकाशित पत्र हुन् । ३, ४ संख्याका पत्रचाहिं ऐतिहासिक–पत्रसंग्रह दोस्रो भागको क्रमशः १०३, १०५–६ पृष्ठमा छापिएका छन् ।

# लिच्छविकालका अप्रकाशित तीन अभिलेख

## बलम्बु खाद्याँको अभिलेख

बलम्बुमा महालक्ष्मीको मन्दिरसंगै त्यसको दक्षिणपश्चिममा 'खाद्याँ' नामक ठाउँ छ । त्यहाँ काफ्रोको रूखमनि पर्खालमा यो शिलालेख ÷ घोप्टचाएर उल्टो पारी राखिएको छ । यो शिलालेख खण्डित छ । ढुङ्गाको आकार–प्रकार हेर्दा कुनै देवताको जलहरीको टुक्रा जस्तो यो देखिन्छ । यसमा अहिले देखिने अभिलेख कुँदिएको भाग १४ अङ्गुल लम्बा, २ अङ्गुल चौडा छ ।

१...भट्टारकमहाराजश्रीवसन्तदेवः प्रजानां श्रेय(से)...
२...श्रीवर्म्म थुल्लगुप्त शुभगुप्त श्रीदेव यश पूर्ण्णा...

## बलम्बु भेल्बुको अभिलेख

बलम्बुको पश्चिमपट्टि च्यार्चा खोल्सोको पारि 'भेल्बु' भन्ने खेतको फाँट छ । त्यहाँ खेतमा पानी लाउन खाँद खन्दा जमीनभित्र यो शिलालेख पाइएको हो भन्ने त्यहाँका मानिसको भनाइ छ । अहिले यो शिलालेख बलम्बु महालक्ष्मीको मन्दिरअगाडि ल्याई राखिएको छ +। यो शिलालेख चारैतिरबाट खण्डित भइसकेको हुंदा बीचको भागमा मात्र अक्षर बाँकी छन् । जति भाग बचेको छ, त्यतिचाहिं स्पष्ट छ । अहिले पाइएकोमा अभिलेख कुंदिएको भाग २६ अङ्गुल लम्बा १० अङ्गुल चौडा छ ।

यो शिलालेख पाइएको ठाउँमा अहिले कुनै बस्ती छैन, चारैतिर खेतका फांट मात्र छन् । परन्तु पहिले कुनै वेला त्यहाँ बस्ती थियो भन्ने कुराको संकेत त्यहाँको संस्थानले दिन्छ । यो शिलालेख भेट्टिएको ठाउँदेखि चार पाँच सय गजसम्मको गिर्जामा कान्ला, कुलेसा, गोरेटा बाटा, ढिस्कामा जताततै राम्री पोलिएका ईँटका झिगटीका टुक्राहरू देखापर्छन् । खेत खन्दा ईंट छापिराखेको ठाउं बराबर भेटिन्थ्यो भन्ने पनि त्यहाँका बूढा-पाकाको भनाइ छ ।

बलम्बु र त्यसका आसपासका क्षेत्र मालटार, चौकिटार, सतुङ्गल, किसिपिडी, थानकोटमा लिच्छविकालका निकै अभिलेखहरू पाइएका छन् । यसबाट लिच्छविकालमा त्यतातिर प्रशस्त बस्ती थिए भन्ने स्पष्ट छ । यसो हुँदा नेपालको प्राचीन इतिहासमा चाख राख्ने

÷श्रीपूर्णहर्ष वज्राचार्यले यो अभिलेखको पत्ता लाउनुभएको हो ।

+वैद्य श्रीदिव्यवज्र वज्राचार्यले यो अभिलेखको सूचना हामीलाई दिनुभएको हो ।

व्यक्तिका लागि यतातिरका क्षेत्र राम्ररी अध्ययन गर्नुपर्ने खालका छन् ।

खण्डित भएको हुंदा यस अभिलेखमा राजाको नाउँ, संवत् आदि अहिले भेट्टिदैनन् । परन्तु यहाँको लिपिले यसको आसन्न समय बताउँछ तथा यस अभिलेखमा सामन्त चन्द्र-वर्मा गोमीको उल्लेख परेको हुंदा यसको समय पत्ता लाउन सजिलो भएको छ । पाटन छिन्नमस्ताको संवत् ४८ को ध्रुवदेव–जिष्णुगुप्तको अभिलेखमा–

'···भट्टारकमहाराजाधिराजश्रीअंशुवर्मपादैर्युष्मदीयग्रामाणामुपकाराय योसौ तिलमक आनीतोभूत्प्रतिसंस्काराभावाद्विनष्टमुद्वीक्ष्य सामन्तचन्द्रवर्मविज्ञापितैरस्माभिस्तस्यैव प्रसादीकृतः···'।

[भट्टारक (गद्दीनशीन) महाराजाधिराज श्रीअंशुवर्माले तिमीहरूको गाउँको उपकारको लागि जुन कुलो ल्याउनुभएको थियो, मरम्मत नगरिएको हुनाले सो कुलो बिग्रदै गएको देखेर सामन्त चन्द्रवर्माले यो कुरा हामीमा जाहेर गरेका हुनाले हामीले यस काममा उनैलाई खटाएका छौं ।]

यस्तो उल्लेख परेको छ । यस कारण भेल्कुको यो अभिलेख पनि यसै ताकाको हो भन्ने सिद्ध हुन्छ ।

१.–स व···
२.–स्मदनुमोदन···
३.–(सा)मन्तचन्द्रवर्मगो(मि)···
४.–चिरतरकालस्थितये क्षे···
५.–ङ्ग्रामनिवासिभ्यः खडब्रंशै···
६,–शासनन्त्वनेककालप्रवृत्त···
७.–भिर्भवद्भिर्यथोपनीयमान···
८.–नामुपनेयास्तैश्चानुपाल्यमानै··
९.–म्प्रतिवस्तव्यं सीमा चास्य पूर्वेण···
१०.–(द)क्षिणेन बद्राली दक्षिणपश्चिमेन···
११.–(उत्त)रपश्चिमेन थंसम्प्रिन्देवक्षेत्राल···
१२.–स एव राजपथः हस्विमविल्ल ग्रामस्य···
१३.–त्र सीमान इत्येतत्सीमानः···न ग्र···
१४.–                    पीडा कार्या···
१५.–                    (न म)र्षयिष्यामो···
१६.–                    मन्यथा का(र्या)···

# ललितपुर त्यागलटोलको अभिलेख

ललितपुर त्यागलटोलको गाहिटीधाराबाट अलिकता उत्तरतिर लागेपछि एउटा चोक जस्तो ठाउं आउंछ । त्यहाँ एउटा सानो चैत्य छ । त्यस चैत्यको बीच भागमा चारैतिर दुइ दुइ पाटामा दुइ दुइ पङ्क्ति गरी यो अभिलेख+ कुँदिएको छ । यहाँ जम्मा चार श्लोक छन् । पश्चिमपट्टिको एक पाटामा पाप्रो उप्केकोले दुइ पाउमा धेरै अक्षर खण्डित भएका छन् । पूर्वपट्टिको एउटा पाटामा पनि अलिकति पाप्रो उप्केकोले केही अक्षर पढ्न सकिंदैनन् । अरू भाग पढ्न सकिने छन् । यहाँ अभिलेख कुँदिएको भागको लमाइ बढीमा ८ अङ्गुल छ, चौडाइ डेढ अङ्गुल छ ।

यस अभिलेखमा संवत्, राजाको नाउं आदि परेका छैनन् । यस कारण यस अभिलेखको समयनिर्धारण गर्ने आधार यसको लिपि मात्र भएको छ । यहाँको लिपि अंशुवर्माको ताकाको छ ।

यस अभिलेखले नेपालमा बौद्ध धर्मविषयमा अध्ययन गर्ने चाहनेहरूलाई अलिकता मद्दत दिन्छ ।

[उत्तर पाटामा]

१. ॐ अक्षोभ्यमक्षोभ्यशिताग्रमूर्ति न्तथागतं स्तौम्यभितोभिरम्यम्

२. समन्तभद्रम्भुवि भद्रकारिण न्तथैव सन्निर्मलकीर्तिमालिनम्

[पश्चिम पाटामा]

३. याव··· ··· ··· ··· ··· म्भक्त्याद्य तन्नमत शाक्यमुनिम्मु(नीशम्)

मैत्र्यार्द्ध ··· ··· ··· ··· ···ङ् गुह्याधिपं विमलवज्रधरं सहाब्जम्

[दक्षिण पाटामा]

५. सद्धर्मरत्नकुसुमस्तवकाचिताङ्ग म्बुद्धं समन्तकुसुमन्नमताब्जवत्याम्

६. मञ्जुश्रियम्परमधर्मविदङ् कुमार न्नित्यञ्च सुस्थितमतिङ्करुणैकतानम्

[पूर्व पाटामा]

७. महाप्रज्ञाळोकक्षतभवमहामोहतिमिरं सुखावत्यां वन्दे सततममिता-
भञ्जिनरविम्

८. सलोकेशं लोकोद्भवभयहरम्पङ्कजधर म्महास्थामप्र...पा स्निग्धमन(सम्)

---

+श्रीहेमराज शाक्यले यो अभिलेखको सूचना हामीलाई दिनुभएको हो ।

पू० फ० १०.

# चित्रपरिचय

मोहननाथ पाँडेको पुर्ख्यौली सङ्ग्रहमा श्री ५ महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको चिना छ । यो चिना कपडामा रङ्ग लाई लेखिएको छ । यसको लमाइ ७८ हात १२ अङ्गुल, चौडाइ १७ अङ्गुल छ । यो चिना सम्पूर्ण नभएकोले खेस्राउपको देखिन्छ । दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे वा उनका छोरा राजज्योतिषी लीलानाथ पाँडेले यो चिना तयार गराएको अनुमान हुन्छ । साफी चिना तयार गराई दरबारमा चढाएको र खेस्रारूपको यो हुनुपर्छ । यस चिनामा एक ठाउँमा--

"भूपालमुकुटमणिनीराजितचरणकमलानां भूमण्डलाखण्डलानां श्रीमन्महाराजाधिराजानां श्रीमद्गीर्वाणयुद्धविक्रमशाहबहादूरसम्सेरजङ्देवमहाप्रभूणां प्रत्यब्दप्रवेशकालिकविचारोत्र लिख्यते"

--भनी लेखिएको छ ।

सोही चिनाको एक भागमा देवताहरूका निकै चित्र लेखिएका छन् । ती चित्रहरूको मनितिर यो चित्र लेखिएको छ । यस चित्रबाट त्यस बेलाको राजकीय वेषभूषाको परिचय पाइन्छ ।

# कृतज्ञता-ज्ञापन

पूर्णिमाको यस अङ्कको मुखपृष्ठमा परेको चित्रफलकको प्रतिलिपि श्रीमनवज्र वज्राचार्यले बनाइदिनुभएको हो । गतवर्षको पूर्णिमाको र अभिलेख-संग्रहका मुखपृष्ठका चित्रफलकका प्रतिलिपि पनि उहाँले नै बनाइदिनुभएको हो ।

--०--

[ क्रमागत ]

# त्रिकोणमिति ( ज्योत्पत्ति )

## पहिलो अध्याय

—नयराज पन्त

### २५ प्रकम— व्यास र परिधिको सम्बन्ध

दुइवटा वृत्तभित्र रहेका समबहुभुजक्षेत्रका सबै भुजको योगको निष्पत्ति र ती दुइ वृत्तका व्यासको निष्पत्ति बराबर हुन्छ भन्ने कुरो २२ प्रक्रममा सिद्ध गरिएको छ ।

२२५ कलाभन्दा कम चाप भएमा पूर्णज्या र चापको अन्तर देखन सकिदैन भन्ने कुरो २४ प्रक्रममा देखाइएको छ ।

यी दुइ सिद्धान्तलाई आधार मानी अब हामी व्यास र परिधिको सम्बन्धमा विचार गर्छौं ।

वृत्तान्तर्गत समबहुभुजक्षेत्रका भुज सो वृत्तका पूर्णज्या हुन्छन् भन्ने कुरो १८ चित्रबाट स्पष्ट छ । चाप सानो भएमा पूर्णज्या र चाप एकैनास हुने हुनाले अत्यन्त धेरै भुज भएको वृत्तान्तर्गत समबहुभुजक्षेत्रका सबै भुजको योग अर्थात् सबै पूर्णज्याको योग सबै चापको योगको बराबर हुन आउने देखिन्छ । सबै चापको योग भनेको परिधि हो । यस कारण अत्यन्त धेरै भुज भएको वृत्तान्तर्गत समबहुभुजक्षेत्रका सबै भुजको योगको बराबर सो वृत्तको परिधि हुन आउने देखिन्छ ।

यस कारण अत्यन्त धेरै भुज भएको वृत्तान्तर्गत समबहुभुजक्षेत्रको एउटा भुजको मान ल्याई त्यसलाई भुजको संख्याले गुनिदियो भने सो वृत्तको परिधि हुन आउने देखिन्छ ।

वृत्तको परिधिमा २१६०० कला हुन्छन् भन्ने कुरो २ प्रक्रममा देखाइएको छ । २१६००÷२२५=९६ हुन्छ । यस कारण वृत्तमा २२५ कलाका चाप ९६ वटा हुन्छन् । वृत्तान्तर्गत समषण्णवतिभुजक्षेत्र (बराबरका ९६ वटा भुज भएको क्षेत्र) बनाए पनि सो बहु-भुजक्षेत्रको भुज र सो भुज पूर्णज्या भएको चापको अन्तर थाहा नपाइने हुन जान्छ । तैपनि सूक्ष्मताको लागि वृत्तान्तर्गत समषट्त्रिंशदधिकपञ्चदशशतभुज (बराबरका १५३६ वटा भुज भएको क्षेत्र) बनाई त्यसको एउटा भुजको मानलाई १५३६ ले गुनी सो वृत्तको परिधि ल्याउने काम गरिन्छ ।

वृत्तान्तर्गत बराबरका १५३६ वटा भुज भएको क्षेत्रको एउटा भुजको मान $\frac{२१६००}{१५३६} = \frac{२२५}{१६}$ कलाको पूर्णज्या हुन्छ । $\frac{२२५}{१६}$ कलाको पूर्णज्या $\frac{२२५}{३२}$ कलाको ज्याको २ गुना हुन्छ। यस कारण $\frac{२२५}{३२}$ कलाको ज्या ल्याई त्यसलाई २ ले गुन्दा वृत्तान्तर्गत बराबरका १५३६ वटा भुज भएको क्षेत्रको एउटा भुजको मान आउने भयो ।

$\frac{२२५}{३२}$ कला $= \frac{१५}{१२८}$ अंश $= \frac{३०}{२५६}$ अंश हो। यस कारण $\frac{३०}{२५६}$ अंशको ज्या ल्याउनुपर्‍यो । $२५६ = २^८$ हो । यस कारण ३० अंशको ज्या ल्याई त्यसको आधाको, फेरि आधाको पनि आधाको यही क्रमले आधा आधा चापको ज्या ल्याउने काम ८ बाजि गर्‍यो भने $\frac{३०}{२५६}$ अंशको ज्या आउँछ ।

जति ठूलो त्रिज्या मान्यो उति गणित सूक्ष्म हुने हुनाले $१०^{१०} = १००००००००००$ (दश पद्म) त्रिज्या मानी गणित गरिन्छ ।

३० अंशको ज्या त्रिज्याको आधा हुन्छ [१० प्रक्रमबाट] ।

∴ $३०^\circ$ को ज्या $= ५००००००००$

$\frac{३०^\circ}{२}$ को ज्या$^२$ $= \frac{३०^\circ \text{ को उत्क्रमज्या} \times \text{त्रि}}{२}$ [ १८ प्रक्रमबाट ]

$= ३०^\circ$ को उत्क्रमज्या $\times ५००००००००$

$३०^\circ$ को उत्क्रमज्या = त्रि $-$ $३०^\circ$ को कोज्या

$= \text{त्रि} - \sqrt{\text{त्रि}^२ - ३०^\circ \text{ ज्या}^२}$

$= १०००००००००० - \sqrt{(१००००००००००)^२ - (५०००००००००)^२}$

यो नियमअनुसार अब काम गरिन्छ ।

| | | |
|---|---|---|
| त्रिज्याको वर्ग | = | १०००००००००००००००००००० |
| ३० अंको ज्याको वर्ग | = | २५००००००००००००००००००० |
| ३० अंको कोज्याको वर्ग | = | ७५००००००००००००००००००० |

```
८      )७५००००००००००००००००००(८६६०२५४०३७·८४
८       ६४
१६६     ११००
  ६     ९९६
१७२६    १०४००
   ६    १०३५६
१७३२०२      ४४००००
     २      ३४६४०४
१७३२०४५     ९३५९६००
      ५     ८६६०२२५
१७३२०५०४     ६९९३७५००
       ४     ६९२८२०१६
१७३२०५०८०३     ६५५४८४००००
         ३     ५१९६१५२४०९
१७३२०५०८०६७     १३५८६८७५९१००
          ७     १२१२४३५५६४६९
१७३२०५०८०७४८     १४६२५२०२६३१००
           ८     १३८५६४०६४५९८४
१७३२०५०८०७५६४     ७६८७९६१७११६००
            ४     ६९२८२०३२३०२५६
```

∴ ३० अंको कोज्या = ८६६०२५४०३७·८४

त्रिज्या = १००००००००००

८६६०२५४०३७·८४

३० अंको उत्क्रमज्या = १३३९७४५९६२·१६

∴ ३०/२ अंको ज्यावर्ग = (१००००००००००× १३३९७४५९६२·१६)/२

= ६६९८७२९८१०८००००००००

त्रिज्यावर्ग = १००००००००००००००००००००

६६९८७२९८१०८००००००००

३०/२ अंको कोज्यावर्ग = ९३३०१२७०१८९२००००००००

| | |
|---|---|
| ९ | )९३३०१२७०१८९२००००००००००(९६५९२५८२६२·८८ |
| ९ | ८१ |
| १८६ | १२३० |
| ६ | १११६ |
| १९२५ | ११४१२ |
| ५ | ९६२५ |
| १९३०९ | १७८७७० |
| ९ | १७३७८१ |
| १९३१८२ | ४९८९१८ |
| २ | ३८६३६४ |
| १९३१८४५ | ११२५५४९२ |
| ५ | ९६५९२२५ |
| १९३१८५०८ | १५९६२६७०० |
| ८ | १५४५४८०६४ |
| १९३१८५१६२ | ५०७८६३६०० |
| २ | ३८६३७०३२४ |
| १९३१८५१६४६ | १२१४९३२७६०० |
| ६ | ११५९११०९८७६ |
| १९३१८५१६५२२ | ५५८२१७७२४०० |
| २ | ३८६३७०३३०४४ |
| १९३१८५१६५२४८ | १७१८४७३९३५६०० |
| ८ | १५४५४८१३२१९८४ |
| १९३१८५१६५२५६८ | १७२९९२६१३६१६०० |
| ८ | १५४५४८१३२२०५४४ |
| | १८४४४४८१४१०५६ |

$\therefore$ $\frac{३०}{२}$ अंको कोज्या = ९६५९२५८२६२·८९

त्रिज्या = १००००००००००

९६५९२५८२६२·८९

$\frac{३०}{२}$ अंको उत्क्रमज्या = ३४०७४१७३७·११

$\therefore \frac{३०}{४}$ अंको ज्यावर्ग = $\frac{१०००००००००००\times३४०७४१७३७·११}{२}$

= १७०३७०८६८५५५००००००००

त्रिज्या वर्ग = १०००००००००००००००००००००

१७०३७०८६८५५५००००००००

$\frac{३०}{४}$ अंको कोज्यावर्ग = ९८२९६२९१३१४४५००००००००

| | |
|---|---|
| ९ | )९८२९६२९१३१४४५००००००००(९९१४४४८६१३७३ |
| ९ | ८१ |
| १८९ | १७२९ |
| ९ | १७०१ |
| १९८१ | २८६२ |
| १ | १९८१ |
| १९८२४ | ८८१९१ |
| ४ | ७९२९६ |
| १९८२८४ | ८८९५३१ |
| ४ | ७९३१३६ |
| १९८२८८४ | ९६३९५४४ |
| ४ | ७९३१५३६ |
| १९८२८८८८ | १७०८००८५० |
| ८ | १५८६३११०४ |
| १९८२८८९६६ | १२१६९७४६०० |
| ६ | ११८९७३३७९६ |
| १९८२८८९७२१ | २७२४०८०४०० |
| १ | १९८२८८९७२१ |
| १९८२८८९७२२३ | ७४११९०६७९०० |
| ३ | ५९४८६६९१६६९ |
| १९८२८८९७२२६७ | १४६३२३७६२३१०० |
| ७ | १३८८०२२८०५८६९ |
| १९८२८८९७२२७४३ | ७५२१४८१७२३१०० |
| ३ | ५९४८६६९१६८२२९ |
| १९८२८८९७२२७४६ | १५७२८१२५५४८७१ |

∴ ३०/४ अंको कोज्या = ९९१४४४८६१३·७४

त्रिज्या = १००००००००००

९९१४४४८६१३·७४

३०/४ अंको उत्क्रमज्या = ८५५५१३८६·२६

∴ ३०/८ अंको ज्यावर्ग = (१०००००००००० × ८५५५१३८६·२६)/२

= ४२७७५६९३१३००००००००

त्रिज्यावर्ग = १००००००००००००००००००००

४२७७५६९३१३००००००००

३०/८ अंको कोज्यावर्ग = ९९५७२२४३०६८७००००००००.

| | |
|---|---|
| १ | )९९५७२२४३०६८७००००००००(९९७८५८९२३२·३८ |
| १ | ८१ |
| १८९ | १८५७ |
| ९ | १७०१ |
| १९८७ | १५६२२ |
| ७ | १३९०९ |
| १९९४८ | १७१३४३ |
| ८ | १५९५८४ |
| १९९५६५ | ११७५९०६ |
| ५ | ९९७८२५ |
| १९९५७०८ | १७८०८१८७ |
| ८ | १५९६५६६४ |
| १९९५७१६९ | १८४२५२३०० |
| ९ | १७९६१४५२१ |
| १९९५७१७८२ | ४६३७७९०० |
| २ | ३९९१४३५६४ |
| १९९५७१७८४३ | ६४६३४३३६०० |
| ३ | ५९८७१५३५२९ |
| १९९५७१७८४६२ | ४७६२८००७१०० |
| २ | ३९९१४३५६९२४ |

| | |
|---|---|
| १९९५७१७८४६४३ | ७७१३६५०१७६०० |
| ३ | ५९८७१५३५३९२९ |
| १९९५७१७८४६४६८ | १७२६४९६६३६७१०० |
| ८ | १५९६५७४२७७१७४४ |
| १९९५७१७८४६४७६ | १२९९२२३५९५३५६ |

∴ $\frac{३०}{८}$ अंको कोज्या = ९९७८५८९२३२·३९

त्रिज्या = १००००००००००

९९७८५८९२३२·३९

$\frac{३०}{८}$ अंको उत्क्रमज्या = २१४१०७६७·६१

$\frac{३०}{१६}$ अंको ज्यावर्ग = $\frac{१०००००००००० \times २१४१०७६७·६१}{२}$

= १०७०५३८३८०५०००००००

त्रिज्यावर्ग = १००००००००००००००००००००

१०७०५३८३८०५०००००००

$\frac{३०}{१६}$ अंको कोज्यावर्ग = ९९८९२९४६१६१९५०००००००

| | |
|---|---|
| ९ | )९९८९२९४६१६१९५०००००००(९९९४६४५८७४·७६ |
| ९ | ८१ |
| १८९ | १८८९ |
| ९ | १७०१ |
| १९८९ | १८८२९ |
| ९ | १७९०१ |
| १९९८४ | ९२८४६ |
| ४ | ७९९३६ |
| १९९८८६ | १२९१०१६ |
| ६ | ११९९३१६ |
| १९९८९२४ | ९१७००१९ |
| ४ | ७९९५६९६ |
| १९९८९२८५ | ११७४३२३५० |
| ५ | ९९९४६४२५ |

| | |
|---|---|
| १९९८९२९०८ | १७४८५९२५०० |
| ८ | १५९९१४३२६४ |
| १९९८९२९१६७ | १४९४४९२३६०० |
| ७ | १३९९२५०४१६९ |
| १९९८९२९१७४४ | ९५२४१९४३१०० |
| ४ | ७९९५७१६६९७६ |
| १९९८९२९१७४८७ | १५२८४७७६१३४०० |
| ७ | १३९९२५०४२२४०९ |
| १९९८९२९१७४९४६ | १२९२२७१८९९९१०० |
| ६ | ११९९३५७५०४९६७६ |
| | ९२९१४३९४९४२४ |

$\therefore \frac{३०}{१६}$ अंको कोज्या = ९९९४६४५८७४·७६

त्रिज्या = १००००००००००

९९९४६४५८७४·७६

$\frac{३०}{१६}$ अंको उत्क्रमज्या = ५३५४१२५·२४

$\therefore \frac{३०}{३२}$ अंको ज्यावर्ग $= \frac{१०००००००००० \times ५३५४१२५·२४}{२}$

= २६७७०६२६२००००००००

त्रिज्यावर्ग = १००००००००००००००००००००

२६७७०६२६२००००००००

$\frac{३०}{३२}$ अंको कोज्यावर्ग = ९९९७३२२९३७३८००००००००

| | |
|---|---|
| ९ | )९९९७३२२९३७३८००००००००(९९९८६६१३७९·०९ |
| ९ | ८१ |
| १८९ | १८९७ |
| ९ | १७०१ |
| १९८९ | १९६३२ |
| ९ | १७९०१ |
| १९९८८ | १७३१२९ |
| ८ | १५९९०४ |

| | |
|---|---|
| १९९९६६ | =१३२२५३७ |
| ६ | ११९९७९६ |
| १९९९७२६ | १२२७४१३८ |
| ६ | ११९९८३५६ |
| १९९९७३२१ | २७५७८२०० |
| १ | १९९९७३२१ |
| १९९९७३२२३ | ७५८०८७९०० |
| ३ | ५९९९१९६६९ |
| १९९९७३२२६७ | १५८१६८२३१०० |
| ७ | १३९९८१२५८६९ |
| १९९९७३२२७४९ | १८१८६९७२३१०० |
| ९ | १७९९७५९०४७४१ |
| १९९९७३२२७५८०९ | १८९३८१८३५९०००० |
| ९ | १७९९७५९०४८२२८१ |
| | ९४०५९३१०७७१९ |

$\therefore$ $\frac{३०}{३२}$ अको कोज्या = ९९९८६६१३७९·०९

त्रिज्या = १००००००००००

९९९८६६१३७९·०९

$\frac{३०}{३२}$ अंको उत्क्रमज्या = १३३८६२०·९१

$\therefore$ $\frac{३०}{६४}$ अंको ज्यावर्ग = $\frac{१०००००००००० \times १३३८६२०·९१}{२}$

= ६६९३१०४५५००००००

त्रिज्यावर्ग = १००००००००००००००००००००

६६९३१०४५५००००००

$\frac{३०}{६४}$ अंको कोज्यावर्ग = ९९९९३३०६८९५४५००००००

| | |
|---|---|
| ९ | )९९९९३३०६८९५४५००००००० (९९९९६६५३३९·१७ |
| ९ | ८१ |
| १८९ | १८९९ |
| ९ | १७०१ |
| १९८९ | १९८३३ |
| ९ | १७९०१ |
| १९९८९ | १९३२०६ |
| ९ | १७९९०१ |
| १९९९८६ | १३३०५८९ |
| ६ | ११९९९१६ |
| १९९९९२६ | १३०६७३५४ |
| ६ | ११९९९५५६ |
| १९९९९३२५ | १०६७७९८५० |
| ५ | ९९९९६६२५ |
| १९९९९३३०३ | ६७८३२२५०० |
| ३ | ५९९९७९९०९ |
| १९९९९३३०६३ | ७८३४२५९१०० |
| ३ | ५९९९७९९१८९ |
| १९९९९३३०६६९ | १८३४४५९९१०० |
| ९ | १७९९९३९७६०२१ |
| १९९९९३३०६७८१ | ३४५२०१५०७९०० |
| १ | १९९९९३३०६७८१ |
| १९९९९३३०६७८२७ | १४५२०८२०१११९०० |
| ७ | १३९९९५३१४७४७८९ |
| | ५२१२८८६३७१११ |

$\frac{३०}{६४}$ अंको कोज्या = ९९९९६६५३३९·१७

त्रिज्या = १००००००००००

९९९९६६५३३९·१७

$\frac{३०}{६४}$ अंको उत्क्रमज्या = ३३४६६०·८३

$\therefore \frac{३०}{१२८}$ अंको ज्यावर्ग $= \frac{१००००००००००० \times ३३४६६०.८३}{२}$

$= १६७३३०४१५००००००००$

त्रिज्यावर्ग $= १००००००००००००००००००००$

$१६७३३०४१५००००००००$

$\frac{३०}{१२८}$ अंको कोज्यावर्ग $= ९९९९८३२६६९५८५००००००००$

| | |
|---|---|
| ९ | )९९९९८३२६६९५८५००००००००(९९९९९१६३३४.४४ |
| ९ | ८१ |
| १८९ | १८९९ |
| ९ | १७०१ |
| १९८९ | १९८८३ |
| ९ | १७९०१ |
| १९९८९ | १९८२२६ |
| ९ | १७९९०१ |
| १९९९८९ | १८३२५६९ |
| ९ | १७९९९०१ |
| १९९९९८१ | ३२६६८५८ |
| १ | १९९९९८१ |
| १९९९९८२६ | १२६६८७७५० |
| ६ | ११९९९८९५६ |
| १९९९९८३२३ | ६६८८७९४०० |
| ३ | ५९९९९४९६९ |
| १९९९९८३२६३ | ६८८८४४३१०० |
| ३ | ५९९९९४९७८९ |
| १९९९९८३२६६४ | ८८८४९३३११०० |
| ४ | ७९९९९३३०६५६ |
| १९९९९८३२६६८४ | ८८५००००४४४०० |
| ४ | ७९९९९३३०६७३६ |
| १९९९९८३२६६८८४ | ८५००६७३७६६४०० |
| ४ | ७९९९९३३०६७५३६ |
| | ५००७४०६९८८६४ |

$\therefore \frac{३०}{१२८}$ अंको कोज्या = ९९९९९१६३३४·४४

त्रिज्या = १००००००००००

९९९९९१६३३४·४४

$\frac{३०}{१२८}$ अंको उत्क्रमज्या = ८३६६५·५६

$\therefore \frac{३०}{२५६}$ अंको ज्यावर्ग $= \frac{१०००००००००० \times ८३६६५·५६}{२}$

= ४१८३२७८००००००००

| | |
|---|---|
| २ | )४१८३२७८००००००००(२०४५३०६३·३४ |
| २ | ४ |
| ४०४ | १८३२ |
| ४ | १६१६ |
| ४०८५ | २१६७८ |
| ५ | २०४२५ |
| ४०९०३ | १२५३०० |
| ३ | १२२७०९ |
| ४०९०६०६ | २५९१०००० |
| ६ | २४५४३६३६ |
| ४०९०६१२३ | १३६६३६४०० |
| ३ | १२२७१८३६९ |
| ४०९०६१२६३ | १३९१८०३१०० |
| ३ | १२२७१८३७८९ |
| ४०९०६१२६६४ | १६४६१९३११०० |
| ४ | १६३६२४५०६५६ |
| | ९९४८०४४४ |

$\therefore \frac{३०}{२५६}$ अंको ज्या = २०४५३०६३·३४

$\frac{३०}{२५६}$ अंश अर्थात् $\frac{२२५}{३२}$ कलाको ज्या २०४५३०६३·३४ हुन्छ । यसलाई २ ले गुन्दा ४०९०६१२६·६८ आउँछ । यो संख्या $\frac{२२५}{१६}$ कलाको पूर्णज्या भयो । यो पूर्णज्या वृत्तान्तर्गत बराबरका १५३६ वटा भुज भएको क्षेत्रको एउटा भुज हो । यस कारण यो भुजको मान ४०९०६१२६·६८ लाई १५३६ ले गुन्दा–

४०९०६१२६६८
१५३६
२४५४३६७६००८
१२२७१८३८००४
२०४५३०६३३४०
४०९०६१२६६८
६२८३१८१०५८०·४८ हुन्छ ।

यो संख्या सो बहुभुज क्षेत्रका सबै भुजको योग हो, अर्थात् सो वृत्तको परिधि हो । यस कारण १०००००००००० त्रिज्या अर्थात् २०००००००००० ( बीस पद्म ) व्यास भएमा ६२८३१८१०५८०·४८ परिधि हुन आउने देखियो *। यो मान आसन्न अर्थात् नजीकको हो, वास्तव होइन। किनभने हामीले मूल गर्दा आसन्न मान लिएका छौं। हामीले $\frac{३०}{२५६}$ अंशसम्मको ज्या ल्याई यो काम गरेका छौं । यसभन्दा पनि सानासाना चापका ज्या ल्याउँदै काम गर्दै गए गणित झन्झन् सूक्ष्म हुन्छ । परन्तु जतिसुकै सूक्ष्म बनाउँदै गए पनि वास्तव मान भेट्टाउन सकिदैन । आसन्न मान लिई चित्त बुझाउनुपर्छ । अहिलेलाई ५ स्थान सम्मका पूर्णाङ्क लिई अर्थात् १०००० त्रिज्या मानी व्यास र परिधिको सम्बन्ध यहाँ ल्याइन्छ ।

१०००० (दस हजार) त्रिज्या माने ६२८३१·८ परिधि आउंछ । पूर्णाङ्क व्यासको आसन्न पूर्णाङ्कनै परिधि लिने हो भने २०००० व्यासको ६२८३२ परिधि हुन्छ ।

यस विषयमा भास्करले बोलेको कुरो यहाँ लेखिन्छ–

"महद्युतादि व्यासार्धं प्रकल्प्य वृत्तशतांशादपि सूक्ष्मविभागस्य ज्योत्पत्तिविधिना ज्या साध्या । यत्संख्याकस्य विभागस्य ज्या तत्संख्यया सा गुणिता सती परिधिर्भवति। यतः शतांशादपि सूक्ष्मोंऽशो वृत्ते समः स्यात् । अतोऽयुतद्वयव्यासे २०००० द्विकाग्न्यष्टयमतुमितः ६२८३२ परिधिरार्यभटाद्यै रङ्गीकृतः । "

( सिद्धान्तशिरोमणि भुवनकोश ५२ श्लोकको वासनाभाष्य )

[ १०००० वा त्यसभन्दा ठूलो त्रिज्या मानी परिधिको सय खण्डभन्दा पनि सानो भागको पूर्णज्या ज्योत्पत्तिमा बताएको रीतिअनुसार ल्याउनू । जतियौं भागको पूर्णज्या ल्याइएको छ, त्यो संख्याले त्यो पूर्णज्यालाई गुनिदियो भने परिधि आउंछ । किनभने परिधिको सय खण्डभन्दा पनि सानो चाप सोझो हुन्छ । यसरी २०००० (बीस हजार) व्यास भएमा ६२८३२ (बासाट्ठी हजार आठ सय बत्तीस) परिधि हुन्छ भनी आर्यभट आदि आचार्यहरूले बोलेका छन् । ]

२६ प्रक्रम—

वि. सं. ५५६ का प्रथम आर्यभटले तलको श्लोक बोलेका छन्:—

*व्यास र परिधिको सम्बन्ध ल्याउने अरू अरू रीति पनि छन् । यी विषयमा हामी पछि बोल्नेछौं ।

चतुरधिकं शतमष्टगुणं द्वाषष्टिस्तथा सहस्राणाम् ।
अयुतद्वयविष्कम्भस्यासन्नो वृत्तपरिणाहः ॥२७॥

( आर्यभटीय गणितपाद १० श्लोक )

[ २०००० व्यास भएमा ६२८३२ परिधि हुन्छ । यो आसन्न मान हो । ]

यताबाट $\frac{\text{परिधि}}{\text{व्यास}} = \frac{६२८३२}{२००००} = \frac{३१४१६}{१००००} = ३.१४१६$

फेरि $\frac{६२८३२}{२००००} = \frac{३९२७}{१२५०} = ३ + \frac{१७७}{१२५०} = ३ + \frac{१}{\frac{१२५०}{१७७}}$

$$= ३ + \frac{१}{७ + \frac{११}{१७७}} = ३ + \frac{१}{७ + \frac{१}{\frac{१७७}{११}}} = ३ + \frac{१}{७ + \frac{१}{१६ + \frac{१}{११}}}$$

यताबाट $३ + \frac{१}{७} = \frac{२२}{७}$

$$३ + \frac{१}{७ + \frac{१}{१६}} = ३ + \frac{१}{\frac{११३}{१६}} = ३ + \frac{१६}{११३} = \frac{३५५}{१३३}$$

यस कारण ७ व्यास भएमा २२ परिधि, ११३ व्यास भएमा ३५५ परिधि, १२५० व्यास भएमा ३९२७ परिधि, १०००० व्यास भएमा ३१४१६ परिधि आउंछन् । १ व्यास भएमा चाहिं ३.१४१६ परिधि आउँछ ।

अहिलेलाई ७ व्यास भएमा २२ परिधि र ११३ व्यास भएमा ३५५ परिधि मानी हामी काम चलाउँछौं ।

व्यासे शरेषुत्रिहते विभक्ते त्रिरूपचन्द्रैः परिधिः प्रसिद्ध्येत् ।
द्वाविंशतिघ्ने विहृते महीध्रैः स्थूलो भवेत् स व्यवहारयोग्यः ॥२८॥

[ वृतको व्यासलाई ३५५ ले गुनेर ११३ ले भाग लियो भने परिधि आउंछ, २२ ले गुनेर ७ ले भाग लियो भने कामचलाउ मोटामोटी ( स्थूल ) परिधि आउँछ । ]

$\frac{\text{व्यास} \times ३५५}{११३} = \text{परिधि}$ हुने हुनाले

$\frac{\text{परिधि} \times ११३}{३५५} = \text{व्यास}$ हुन्छ ।

यसै गरी $\frac{\text{परिधि} \times ७}{२२}$ = मोटामोटी व्यास हुन्छ।

यसबाट व्यास थाहा पाई परिधि ल्याउँदाका गुणक र भाजकलाई उल्टाउँदा अर्थात् गुणकलाई भाजक, भाजकलाई गुणक बनाउंदा परिधि थाहा पाई व्यास ल्याउने काममा उपयोग गर्न सकिन्छ भन्ने कुरा सिद्ध हुन्छ।

१ उदाहरण—

विष्कम्भमानं किल सप्त ७ यत्र
तत्र प्रमाणं परिधेः प्रचक्ष्व।
(लीलावती क्षेत्रव्यवहार ९६ सूत्रको उदाहरण)

[ ७ व्यास भएमा परिधि कति होला ? ]

$$\text{परिधि} = \frac{७ \times ३५५}{११३} = २१.९९१$$

$$\text{मोटामोटी परिधि} = \frac{७ \times २२}{७} = २२$$

यस कारण ७ व्यास भएमा २१.९९१ परिधि तथा २२ मोटामोटी परिधि हुन्छ।

२ उदाहरण—

द्वाविंशति २२ र्यत्परिधिप्रमाणं
तद्व्याससंख्यां च सखे विचिन्त्य ॥
(लीलावती क्षेत्रव्यवहार ९६ सूत्रको उदाहरण)

[ २२ परिधि भएमा व्यास कति होला ? ]

$$\text{व्यास} = \frac{२२ \times ११३}{३५५} = ७.००३$$

$$\text{मोटामोटी व्यास} = \frac{२२ \times ७}{२२} = ७$$

यस कारण २२ परिधि भएमा ७.००३ व्यास तथा ७ मोटामोटी व्यास हुन्छ।

## १६—प्रश्नमाला

परिधि र मोटामोटी परिधि ल्याऊ

| | | | | | |
|---|---|---|---|---|---|
| (१) २४० | व्यास | भएमा | (२) ३५० | व्यास | भएमा |
| (३) ४५० | " | " | (४) ८५० | " | " |
| (५) ८७० | " | " | (६) ८७०० | " | " |
| (७) ९५५० | " | " | (८) ९७००० | " | " |

व्यास र मोटामोटी व्यास ल्याऊ

(९) ३६० परिधि भएमा　　(१०) २५०० परिधि भएमा
(११) ३२०० " "　　(१२) ३३०० " "
(१३) ४९६७ " "　　(१४) ५००० " "
(१५) २१६०० " "　　(१६) ३०००२ " "

## उत्तर

(१) ७५३·९८२,७५४·२८६। (२) १०९९·५५८,११००
(३) १४१३·७१७,१४१४·२८६ । (४) २६७०·३५४,२६७१·४२९
(५) २७३३·१८६,२७३४·२८६ । (६) २७३३१·८५८,२७३४२·८५७
(७) ३०००२·२१२,३००१४·२८६ । (८) ३०४७३४·५१३,३०४८५७·१४३
(९) ११४·५९२,११४·५४५ । (१०) ७९५·७७५,७९५·४५५
(११) १०१८·५९२,१०१८·१८२ । (१२) १०५०·४२३,१०५०
(१३) १५८१·०४५,१५८०·४०९ । (१४) १५९१·५४९,१५९०·९०९
(१५) ६८७५·४९३,६८७२·७२७। (१६) ९५४९·९३२,९५४६·०९१

[ मेरो साथ रही मेरो विचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन्। ]

/o/

# हाम्रो वक्तव्य

वि. सं. २०२२ को आरम्भको संगसंगै 'पूर्णिमा' को पनि दोस्रो वर्षको प्रारम्भ भएको छ। यस अवसरमा पूर्णिमाका पाठकहरूप्रति हामी शुभेच्छा प्रकट गर्दछौं। साथै पहिलो वर्षमा जस्तै यस दोस्रो वर्षमा पनि पूर्णिमाले पाठकहरूबाट सहयोग पाउनेछ भन्ने आशा गर्दछौं। पूर्णिमाले पनि पहिलो वर्षमा जस्तै यस वर्ष पनि नेपालको इतिहाससंग सम्बन्ध राख्ने विविध विषयमा नयाँ नयाँ खोजीहरू पाठकको सामुन्ने प्रस्तुत गर्ने अठोट गरेको छ।

नेपालको इतिहासको विषयमा हामीले निकालेका निष्कर्ष ठीक हुन् भने तिनको अनुमोदन र बेठीक हुन् भने तिनको खण्डन विद्वद्वर्गबाट हुनुपर्ने हो। तर अहिलेसम्म त्यो हुन सकेको छैन।

"भक्तपुरमा नरेश मल्ल राजा हुँदै भएनन्, यक्ष मल्लभन्दा पछि शिवसिंह मल्लभन्दा अघि ललितपुरमा स्वतन्त्र राज्य खडा भएको थिएन" इत्यादि अनर्गल प्रलापले भरिएको पुस्तक लेख्न कहलिएका विद्वान्को साहस देख्ता स्वार्थले विद्वानलाई पनि अन्धो बनाउंदो रहेछ, त्यस्ताको कुरामा निच मारेर बसे सो देशमा विद्याको जागरण कहिले हुनेछैन भन्ने संझी हामी सो अन्धकार हटाउन आफ्नो शक्तिले भ्याएसम्म परिश्रम गर्दछौं।

पूर्णिमाहरूले ढीलो चाँडो हाम्रो उद्देश्य हाम्रा देशका सहृदय विद्वान्हरूलाई बुझाई विद्याको ज्योति बाल्नेछन् भन्ने हाम्रो दृढ विश्वास छ। यसो हुँदा जति कष्ट सहेर पनि यो काम चलाउँदै जाने विचार हामीले गरेका छौं।

"विवेचनविधौ भवेज्जगति कोपि वोत्पत्स्यते"

—बिनायक शास्त्री

[ संसारमा कुनै पारखी जन्मेको होला, अहिले नजन्मेको भए पछि जन्मनेछ। ]

का. जि. प्र. द. नं. १५५/२४९

कार्यालय–
## संशोधन–मण्डल
१०।४५२ महाबौद्ध, काठमाडौं, नेपाल

## वि. सं. २०२२ वैशाख–संक्रान्ति

वार्षिक मूल्य– मो रु ५ ।
(डांकखर्च अलग)
यस अङ्कको मूल्य मो. रु. २ ।

मुद्रक–
जोरगणेश प्रेस प्रा. लि.
बालाजू औद्योगिक क्षेत्र, काठमाडौं